अदालतमा प्रयोग भएको ९७ शब्दहरूमध्ये १२ शब्द फारसी स्रोतका रहेको देखिन्छ । अदालती फैसलामा फारसी शब्दको प्रयोग तत्सम, अरबी स्रोतका शब्दभन्दा पछि अर्थात् तेस्रो स्थानमा रहेको देखिन्छ ।

तालिका सङ्ख्या-४ : तुर्कीमूल स्रोतको शब्द

मुचुल्का ।

(स्रोत : स्थलगत सर्वेक्षण, २०७७)

अदालतमा प्रयोग भएको ९७ शब्दहरूमध्ये १ शब्द तुर्कीमूल स्रोतका रहेको देखिन्छ । अदालती फैसलामा तुर्कीमूल शब्दको प्रयोग तत्सम, अरबी र फारसी स्रोतका शब्दभन्दा पछि अर्थात् चौथो स्थानमा रहेको देखिन्छ ।

यस अध्ययनबाट फारसी, अरबी, संस्कृत र तुर्कीमूलका शब्दहरू अदालती फैसलाका भाषामा प्रयोग भएको देखिन्छ ।

ग) मिश्रण स्रोतका शब्द

'उपदफा' जस्ता शब्दहरू अरबी शब्द 'दफा' संस्कृत उपसर्ग 'उप' सँग जोडिएर आएको छ । यस्ता शब्दहरू मिश्रण स्रोतबाट आएको र नेपालीकरण गरेर प्रयोग गरिएको पाइयो ।

तालिका सङ्ख्या-५ : फैसलामा प्रयोग हुने भाषाको स्रोतको सङ्ख्यात्मक परिणाम

शब्दको स्रोत	सङ्ख्यात्मक परिणाम	प्रतिशत
संस्कृत	६२	६३.९%
अरबी	२२	२२.७%
फारसी	१२	१२.४%
तुर्कीमूल	१	१%
जम्मा	**९७**	**१००%**

(स्रोत : स्थलगत सर्वेक्षण, २०७७)

फैसलाको कागजात अध्ययन गरेर टिपिएका ९७ शब्दहरूको पारिभाषिक स्रोत अध्ययन गरिएको छ । अध्ययन गरिएको पारिभाषिक शब्दहरूमध्ये ६३.९% शब्दहरूको स्रोत संस्कृत हो । अर्थात् ९७ शब्दमध्ये ६२ ओटा संस्कृत तत्सम शब्दको प्रयोग भएको देखिन्छ । यसै गरी २२.७% शब्दहरू अरबी स्रोतका छन् अर्थात् ९७ शब्दमध्ये १२ ओटा फारसी शब्दको प्रयोग भएको देखिन्छ । १.५% शब्द तुर्कीमूल स्रोतका भएको पाइन्छ अर्थात् ९७ शब्दमध्ये १ ओटा तुर्कीमूल शब्दको प्रयोग भएको देखिन्छ ।

अरबी र फारसी शब्दहरूको बाहुल्यताले गर्दा मुद्दा-मामिलामा प्रयोग भएका भाषा कानुन क्षेत्रबाहेकका व्यक्ति र आम सर्वसाधारणलाई बुझ्न र ग्रहण गर्न अप्ठ्यारो पर्ने पनि महसुस भएको छ । यसरी अदालती फैसलामा सर्वसाधारणले नबुझ्ने किसिमका शब्द लेखिने गरेको छ ।

बनोटका आधारमा अदालती भाषाको विश्लेषण

भाषालाई नयाँ शब्द बनाउने वा रचना गर्ने कार्य शब्द रचना हो। शब्द रचनालाई शब्द निर्माण वा शब्दको व्यत्पादन भनिन्छ। शब्दको बनोट शब्द निर्माण हो। नेपाली भाषामा शब्द निर्माण गर्नका लागि उपसर्ग, प्रत्यय, समास र द्वित्व गरी चार पद्धतिहरू छन् । अदालती मुद्दाका भाषामा प्रयुक्त शब्दहरूको बनोटको स्थिति तल प्रस्तुत गरिएको छ :

(क) उपसर्गबाट निर्मित शब्दको प्रयोग

शब्द वा आधारपद अगाडि जोडिने सर्गलाई उपसर्ग भनिन्छ । मुद्दाको फैसला कागजातमा उपसर्गबाट बनेका शब्दको प्रयोग र निर्माण प्रक्रिया देहायमा प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या-६ : अदालतमा प्रयोग भएका उपसर्गबाट निर्मित शब्दहरू

शब्द	निर्माण प्रक्रिया
अधिवक्ता	अधि + वक्ता
अभिलेख	अभि + लेख
अभियुक्त	अभि + युक्त
प्रतिवेदन	प्रति + वेदन
प्रतिपादित	प्रति + पादित
अपराध	अप + राध
अपव्याख्या	अप + व्याख्या
कानुन	का + नून
सञ्चालक	सम + चालक
अधिकृत	अधि + कृत
प्रमाण	प्र + मान
प्रतिवादी	प्रति + वादी
अवैध	अ + वैध

(स्रोत : स्थलगत अध्ययन, २०७७)

माथिको तालिकाका अधारमा उपसर्ग लागेर निर्माण भएका शब्दहरूमा सम, वि, अभि, का, प्रति, अधि, अ जस्ता उपसर्ग 'अधि'का मात्रामा प्रयोग भएको पाइयो । शब्द निर्माण प्रक्रियाको विश्लेषण गर्दा मुद्दामा अरबी, फारसी, संस्कृत शब्दको अधिक प्रयोग गरिएको पाइन्छ । यस्ता शब्दहरूको तत्सम उपसर्ग लागेर निर्माण भएका पाइन्छन् ।

(ख) प्रत्ययबाट निर्मित शब्दको प्रयोग

शब्द वा आधारपदका पछाडि जोडिने सर्गलाई प्रत्यय भनिन्छ । मुद्दाको फैसलाका कागजातहरू अध्ययन गर्दा प्रत्ययबाट बनेका शब्दहरू निर्माण प्रक्रिया देहायबमोजिम रहेको छ :

तालिका सङ्ख्या-७ : अदालतमा प्रयोग भएका प्रत्ययबाट निर्मित शब्दहरू

शब्द	निर्माण प्रक्रिया
जाहेरी	जाहेर + ई
वादी	वाद + ई
पेसी	पेस +ई
कट्टा	काट्+ आ
पैठारी	पैठ + आरी
मुद्दा	मुद्द+आ
निकासी	निक्कास+ ई
सोधनी	सोध+ अनी
भुक्तानी	भुक्तान+ई
दायरी	दायर+ई
पक्राउ	पक्र + आउ

(स्रोत : स्थलगत अध्ययन, २०७७)

माथिको तालिकाका आधारमा अदालतको फैसलामा ई, आ, आरी, आउ, अनि जस्ता प्रत्यय लागेर व्युत्पन्न शब्द निर्माण भएको देखियो । शब्द निर्माण प्रक्रियाको विश्लेषण गर्दा मुद्दामा अरबी, फारसी, संस्कृत शब्दको अधिक प्रयोग गरिएको पाइन्छ । यस्ता शब्दहरू नेपाली प्रत्यय लागेर निर्माण भएको देखिन्छ ।

(ग) समासबाट निर्मित शब्दको प्रयोग

दुई वा सोभन्दा बढी शब्दहरू एक बन्ने प्रक्रियालाई समास भनिन्छ । स्वतन्त्र अर्थ भएका दुई वा दुईभन्दा बढी शब्दहरूको योगबाट एउटा शब्द बनाउने प्रक्रियालाई समास भन्दछन् (शर्मा, २०७१, पृ. २४०) । मुद्दाको फैसलाको कागजातमा रहेका समासबाट बनेका शब्दहरूको प्रयोग र तिनको निर्माण प्रक्रिया देहायबमोजिम रहेको छ :

तालिका सङ्ख्या-८ : अदालतमा प्रयोग भएका समासबाट निर्मित शब्दहरू

शब्द (समास)	निर्माण (विग्रह)
जाहेरवाला	जोहर गर्छ जसले
मालवस्तु	माल र वस्तु
नियमानुसार	नियमको अनुसार
घटनास्थल	घटनाको स्थल
त्रुटिपूर्ण	त्रुटिले पूर्ण
पुनरावेदक	पुनः आवेदक
शोधपुछ	शोध वा पुछ

(स्रोत : स्थलगत अध्ययन, २०७७)

मुद्दाको फैसलामा समासबाट बनेका समस्त शब्दहरू पनि केही मात्रामा प्रयोग भएको पाइयो । जस्तै जाहेरवाला, मालवस्तु, नियमानुसार, शोधपुछ आदि ।

(घ) द्वित्वबाट निर्मित शब्द र तिनको निर्माण प्रक्रिया

कुनै शब्दको पुनरावृत्ति गरी अर्को शब्द बनाउने प्रक्रियालाई द्वित्व प्रक्रिया भनिन्छ (शर्मा, २०७१, पृ. २५६) । मुद्दामा अध्ययन गरिएका फैसला कागजातमा द्वित्वबाट बनेका शब्दहरूको निर्माण प्रक्रिया देहायबमोजिम रहेको छ :

द्वित्वबाट बनेका शब्द	निर्माण (द्वित्व)
केरकार	केर + केर
शोधसाध	शोध + शोध

(स्रोत : स्थलगत अध्ययन, २०७७)

माथिको तालिकामा द्वित्व प्रक्रियाबाट भने कमै मात्रामा शब्दनिर्माण भएको मुद्दाका मिसिल अध्ययनबाट देखियो । यस्ता शब्दहरूमा केरकार, शोधसाध जस्ता शब्दलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

वाक्यका दृष्टिले अदालतमा प्रयोग हुने भाषा

वाक्य भाषाको आधारभूत एकाइ हो । यसैले भाषाको रचनामा वाक्यको महत्त्वपूर्ण भूमिका रहन्छ । वाक्यलाई अभिव्यक्ति माध्यमको तल्लो एकाइको रूपमा लिइन्छ । आफ्ना भावना र भनाइहरू अरू समक्ष प्रस्तुत गर्ने माध्यम वाक्य हो । पूराभाव प्रकट हुने शब्द समूहको नाम वाक्य हो । वाक्यलाई एक पूर्णविरामसम्मको भनाइसमेत मानिन्छ ।

अदालती मुद्दामा प्रयोग गरिएका वाक्यहरू के-कस्ता रहेका छन् भनी मुद्दाका फैसलाहरू अध्ययन गर्दा सरल वाक्यहरूभन्दा मिश्र, संयुक्त र मिलित वाक्यहरू बढी प्रयोग भएको र वाक्यगठन बढी जटिल रहेको देखिन्छ । मुद्दा-मामिलामा रहेका कागजातहरूमा लामा वाक्यहरूको प्रयोग अधिक रूपमा रहेको पाइन्छ । वाक्यगठनमा व्याकरणका नियमहरू र भाषागत शुद्धतामा ध्यान दिइएको पाइँदैन । वाक्यलाई पूर्णविराम नदिई अल्पविराम चिन्ह प्रयोग गरी लम्ब्याउने गरेको देखिन्छ । कतिपय वाक्यहरू नै अनुच्छेदको रूपमा रहेको र कतिपय कागजहरू माथिदेखि तलसम्म दुई तीन वाक्यमा टुङ्ग्याइएको पनि पाइन्छ ।

मुद्दाका भाषाको वाक्यहरूमा भएबाट, हुनाले, भएमा, गरेको, आएको, नपरेको, रहेका, लिई, आई, भनी, हुँदा, गर्दै, गरी जस्ता असमापिका क्रियापदहरूले जोडी लामो र जटिल वाक्य बनाएको पाइन्छ । संयुक्त र मिलित वाक्यको बनोटबाट प्रमुख कारण मानिएका र, तथा, तर, तथापि, पनि आदि संयोजकहरूको र अल्पविराम चिन्हको मुद्दाका भाषामा अधिक प्रयोग भएको देखिन्छ । तसर्थ, मुद्दाका भाषामा वाक्यको बनोट खास किसिमको, लामो र अनौठो बन्न पुगेको देखिन्छ ।

मुद्दामा प्रयोग भएका वाक्यहरूमा उद्देश्यअनुसारको वाक्यार्थ प्रदान गर्न कुन पद वाक्यको अगाडि, पछाडि र बिचमा राख्नुपर्ने हो ? तथा कुन पदको प्रयोग नगर्दा वाक्यले दिनुपर्ने अर्थ अपर्याप्त हुन्छ भन्ने कुराको ख्याल गरिएको देखिँदैन । वाक्यगठनमा यी आधारभूत पक्षलाई बेवास्ता गर्न नहुने र मुद्दाका भाषा र वाक्यहरूमा पनि व्याकरणको पक्षलाई ध्यान दिनु जरुरी छ तर यस्तो पाइँदैन । मुद्दामा प्रयोग गरिएका वाक्यहरूका नमुना देहायबमोजिम छ :

पुनरावेदकले उल्लिखित प्रज्ञापन पत्रबाट एकै किसिमको मालवस्तु आयात गरेको नभई ५ प्रतिशत भन्सार महसुल लाग्ने हार्मोनाइजड कोड नं. ९५०३०००० को सामान, २० प्रतिशत महसुल लाग्ने कोड नं. ९४०४२९०० को सामान, ३० प्रतिशत महसुल लाग्ने कोड नं. ९४०३२००० को सामान आयात गरेको मिसिल संलग्न प्रज्ञापन-पत्र (पाना २५) बाट देखिन्छ। कारोबार खर्चका सम्बन्धमा Rigit Logistic Pvt. Ltd. को Cargo Arrival Notice र 31 -07-2014 को रिसिस्ट अनुसार भुक्तानी गरेको भारु १००८८५ (ने.रु. १६१५६७/३३) हर्ष इम्पेक्स प्रा.लि. बिल नं. SC/37/2014-2015 DT.21-08-2014 अनुसारको खर्चभित्र समाहित भएको, हर्ष इम्पेक्स प्रा.लि. को बिल नं. SC/37/2014-2015 DT.21-08-2014 अनुसारको खर्चभित्रको Perma Shipping Line -INDIA Pvt. Ltd. को बिल नं. 4946DT. 18-08-2014 अनुसारको डिटेन्सन चार्ज भा.रु. १२११९२/५० (ने.रु. १९३९०८) तथा हर्ष इम्पेक्सको बिल नं. SC/37/2014-2015 DT. 21-08-2014 अनुसारको खर्चभित्र समावेश Perma Shipping बिल नं. 4774DT23-0702014 अनुसारको डिटेन्सन खर्च भा.रु. ३१२६१४/५० र Eveshine Custom Co. Pvt.Ltd बिल नं. 14C/30/RB 6-8-2014 बीजकमा उल्लिखित डिपोजिट भा.रु. १०००० गरी जम्मा भा.रु. ३२३६१४/५० (ने.रु. ५१६१८३/२०) समेत गरी जम्मा ने.रु. ७,१०,०९१/२० कारोबार मूल्यभित्र समावेश हुन नपर्ने तथा बैंक चार्जेज रु. ७५०० सिटिडि (कस्टम ट्रान्जिट) रु. ३५००/- पारवहन गोदाम रु. २७६८/४७, कन्टेनर अनलोड रु. ३६५६, बाँडियो चार्जेज रु. ५१०० नेपालभित्र नै खर्च भएको हुँदा भन्सार मूल्याङ्कन र महसुल प्रयोजनका लागि कारोबार खर्चमा समावेश हुनु नपर्ने भन्ने नै मुख्य पुनरावेदन जिकिर रहेको पाइयो। (शब्द सङ्ख्या : २३६)

प्रस्तुत वाक्य राजस्व न्यायाधिकरण, काठमाडौँको २०७३/०७४ सालको निर्णय नं. ४ पुनरावेदन नं. ९७-०७२-०००८७, मुद्दा : भन्सार मूल्य निर्धारणबाट साभार गरिएको हो।

माथिको एउटा वाक्य नै एउटै अनुच्छेदको रूपमा रहेको पाइयो। अनुच्छेदमा सरल र वाक्य निर्माण गरिनुपर्नेमा सो नगरेको पाइयो। माथिको वाक्यमा अल्पविराम, पूर्णविराम आदि चिन्ह दिनुपर्ने स्थानमा दिएको पाइएन। माथिको वाक्यमा वर्णविन्यासका सामान्य नियम प्रयोग गरिएको पाइएन। माथिको वाक्यमा व्याकरणको निर्देशित गर्छ भन्ने कुराको ख्याल गरेको देखिएन। माथिको वाक्यमा संयोजनको जथाभावी प्रयोग भएको पाइयो। माथिको वाक्यमा अल्पविराम र पूर्णविराम जस्ता चिन्हहरूको प्रयोगमा लापर्बाही गर्ने गरेको देखियो। माथिको वाक्यमा 'ब' र 'व' को ख्याल नगरी प्राय सबै स्थानमा 'ब' को प्रयोग गरिएको कतै 'व' को प्रयोग हुनुपर्नेमा 'ब' प्रयोग भएको पाइयो। जटिल वाक्यमा

संयोजकको महत्त्व रहने हुन्छ । तर, तथा, जसरी, जुन, तापनि र यद्यपि आदि संयोजक वाक्य निर्माणमा प्रयोग हुनुपर्नेमा मुद्दामा प्रयोग गरिएका भाषामा प्राय, साथै, र, वा जस्ता संयोजकहरू अधिक मात्रामा प्रयोग गरिएको पाइयो । अदालती फैसलामा एउटा वाक्य नै एउटै अनुच्छेद रहेको र विभिन्न अनुच्छेद र वाक्य निर्माण गरिनुपर्नेमा सो नगरिएको र प्रायजसो सबै वाक्य ज्यादै लामा र जटिल रहेको समेत पाइयो । माथिको वाक्यमा व्याकरण र वाक्यगठनका आधारभूत कुराहरू पनि अनुसरण नगरिएको तथा व्याकरणका नियमलाई ख्याल नगरिएको कारण भाषिक विचलन आउने सम्भावनासमेत औँल्याउन सकिन्छ ।

निष्कर्ष

अदालत न्यायको धरोहर हो । अदालतमा न्याय माग्नका लागि वादी पक्षले आफ्नो दाबी र प्रतिवादी पक्षले पनि आफ्ना जिकिरहरू पेस गर्दछन् । अदालतमा यसरी विवाद पेस भएमा त्यसलाई मुद्दा भनिन्छ । मुद्दामा विभिन्न किसिमका कागजातहरू हुन्छन् । मुद्दाका कागजातमा प्रयोग गरिने भाषा विशेष प्रकारका हुन्छन् । त्यस्ता भाषा आम मानिसले नबुझ्ने पनि हुन सक्छन् ।

कानुनी नेपाली भाषा नेपाली भाषाको एक भेदको रूपमा रहेको, मुद्दा फैसलाको कागजातमा अत्यन्त लामो प्रस्तुति हुने गरेको, एकै कुरा पटक-पटक दोहरिने गरेको, कतिपय अनावश्यक तथ्यसमेत उल्लेख गर्ने गरेको तथ्य कागजातहरूको अध्ययनबाट देखिन्छ । यस्तै योजनाबद्ध प्रस्तुतिको अभाव, लामो वाक्य, वाक्यगठनमा व्याकरणका नियमलाई बेवास्ता गरिएको, लेखाइमा अशुद्धता र प्रस्तुति चुस्तता नरहेको र वाक्य पनि क्लिष्ट रहेको लगायतका कमजोरीहरू रहेका छन् ।

यस्ता कानुनी फैसलाको कागजातमा प्रयोग भएका कतिपय शब्द प्राविधिक भएकाले त्यस्ता शब्द सर्वसाधारणले नबुझ्ने हुन्छ । मुद्दामा अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि गरिएको र अरबी, फारसी शब्दहरूको बाहुल्यता रहेको र संस्कृत, तुर्की र नेपाली भाषाका शब्दहरू पनि प्रयोग भएको पाइएको छ ।

कानुनी नेपाली भाषामा संस्कृत, अरबी, फारसी, तुर्की आदि भाषाका शब्दहरूको बाहुल्यता पाइन्छ । यस्ता कानुनी नेपाली भाषामा प्रयोग हुने वाक्यहरू सरल नभई लामा र जटिल वाक्यहरू रहेको पाइन्छ । कानुनी नेपाली भाषा सामान्य नेपाली भाषाभन्दा क्लिष्ट रहेको र आम नेपालीहरूलाई यसमा रहेको कतिपय शब्दहरू र भाव बुझ्न कठिनाई पर्ने समेत हुन्छ । कानुनी नेपाली भाषाको प्रयोग ऐन, नियम र मुद्दा-मामिलाका सन्दर्भमा

हुने गर्दछ। यस अर्थमा हेर्दा कानुनी नेपाली भाषाको क्षेत्र ऐन, नियम र मुद्दा-मामिलासँग सम्बन्धित विषयमा प्रयोग हुने नेपाली भाषाको रूपमा बुझ्नु जरुरी छ। कानुनी नेपाली भाषाका प्रयोगकर्ताहरूमा प्राध्यापक, वकिल, कानुन विषयका लेखक, न्यायाधीश, कानुनका विद्यार्थी, कानुनका सेवाग्राही आदि पर्दछन्।

मुद्दा-मामिलामा प्रयोग हुने भाषाको स्रोत, निर्माण र प्रयोग जस्ता विषयहरूमा सर्वसाधारण सबैले जानकारी पाउनु आवश्यक हुन्छ। आम नागरिक एकातर्फ अदालतको भाषाको क्लिष्टताबाट आक्रान्त छन् भने अर्कोतर्फ यस्ता मुद्दा-मामिलामा प्रयोग हुने भाषाको स्रोत, निर्माण र प्रयोग जस्ता विषयहरूमा अनभिज्ञ छन्। यसले सर्वसाधारणको न्यायमा पहुँचको अवस्थालाई आघात पार्न सक्छ।

भाषा सूचना सम्प्रेषणको माध्यम हो। भाषाको सही प्रयोग हुन नसकेमा सही रूपमा सूचना सम्प्रेषण हुन सक्दैन। अदालतमा प्रयोग हुने भाषाका प्रयोगको बारेमा सर्वसाधारण जानकार नभएमा सही सूचना सम्प्रेषित नहुन सक्छ।

अदालती मुद्दा-मामिलाका लिखतहरू जाहेरी दरखास्त, अभियोगपत्र, विभिन्न मुचुल्काहरू, बयान, बकपत्र, फैसला र पुनरावेदनपत्र आदिमा प्रयोग भएका भाषा शुद्ध नभएमा त्यसको गलत अर्थ लागी व्यक्ति अन्यायमा पर्न सक्छ। अदालतमा प्रयोग हुने शब्द प्रयोग वा भाषागत त्रुटिले दिन खोजेको सूचना गलत रूपमा बुझिन सक्छ।

अदालती मुद्दामा प्रयोग भएको नेपाली भाषामा थुप्रै कमीकमजोरीहरू रहेको देखिन्छ। खासगरी पुरातन लेखन शैली, लामा वाक्य, पूर्णविरामको सट्टा अल्पविराम चिन्ह प्रयोग गरी वाक्य अस्वाभाविक रूपमा लम्ब्याउने र शुद्धताको पक्षमा बेवास्ता गर्ने गरेको जस्ता समस्याहरू रहेका छन्।

नेपाली मुद्दा-मामिलामा प्रयोग भएका लिखतमा शुद्धता र व्याकरणगत पक्ष कमजोर रहेको पाइन्छ। यसैले यस्ता मुद्दामा रहेका लिखतका नेपाली भाषाका समस्याहरू पहिचान गरी शुद्धता कायम गर्न सकिएमा गलत अर्थ वा व्याख्या हुन नपाउने र जनता अन्यायमा नपर्ने अवस्था पनि आउँछ। भाषाको शुद्धताले विषयवस्तुलाई बोधगम्य बनाउँछ।

यसैगरी कागजातमा अत्यन्त लामो प्रस्तुति गर्ने गरेको हुनाले एकै कुरा दोहोरिने गरी प्रस्तुत गर्ने कुरालाई हटाउँदै प्रस्तुतिलाई आवश्यकता अनुसार लामो वा सङ्क्षिप्त बनाउनुपर्ने, कतिपय अनावश्यक तथ्यसमेत उल्लेख गर्ने गरेका कारणबाट प्रस्तुति लामो र भद्दा भएकाले आवश्यक तथ्यहरू मात्र उल्लेख गरिनुपर्ने, लेखन तथा मस्यौदा

कला भएकाले सुव्यवस्थित हुनुपर्दछ भन्ने कुरालाई सम्बद्ध अधिकारी वा मस्यौदाकर्ता वा लिखत तयार गर्ने व्यक्तिले मनन गर्नुपर्ने, लामो वाक्य मुद्दाका कागजातमा आम अभ्यासको रूपमा रहेको प्रचलनलाई हटाई छोटा वाक्यहरू लेखी योजनाबद्ध र व्यवस्थित प्रस्तुति आवश्यक देखिन्छ ।

सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०५३), *समसामयिक नेपाली व्याकरण*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र अन्य (सम्पा., २०६१) *प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा. लि. ।

घिमिरे, गोविन्द (२०६८), *कानुनी नेपाली भाषा,* ललितपुर : साझा प्रकाशन ।

ढुंगेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६४), *प्रायोगिक भाषाविज्ञान*, काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा., २०४०), *नेपाली बृहत् शब्दकोश*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान । ■

आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको भाषा संरचना पहिचान क्षमता

✍ **महेशप्रसाद भट्ट र कृष्णप्रसाद पोखरेल**
bhattmpb@gmail.com
pokhrelkp70@gmail.com

सार

प्रस्तुत लेख विद्यार्थीको भाषा संरचना प्रयोग र पहिचान क्षमतासँग सम्बन्धित रहेको छ । यसमा आधारभूत तहअन्तर्गत कक्षा आठ उत्तीर्ण विद्यार्थीहरूको भाषा संरचना क्षमताको पहिचान गरिएको छ । प्रस्तुत लेखको उद्देश्य आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको भाषा संरचना क्षमता पत्ता लगाउनु रहेको छ । यस लेखको तयारीका क्रममा क्षेत्रीय अध्ययन पद्धतिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसमा मूलतः परिमाणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । यस लेखको तयारीका क्रममा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । भाषा संरचना क्षमता सम्बन्धी जम्मा ३० पूर्णाङ्कको प्रश्नावली निर्माण गरी परीक्षण गर्दा विद्यार्थीहरूमा भाषा संरचनागत तत्त्व पहिचान तथा प्रयोग क्षमता मध्यम खालको रहेको कुरा निष्कर्ष प्राप्त भएको छ । प्रस्तुत लेखले निर्दिष्ट विषय क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषयमा सरोकार राख्नेहरूलाई नीतिगत तथा प्रयोगात्मक तहमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

मुख्य शब्दावली : आधारभूत तह, कार्यमूलक व्याकरण, भाषा संरचना, भाषा संरचनागत सक्षमता ।

विषय परिचय

भाषामा निहित संरचक घटकहरूको समुच्चय नै भाषा संरचना हो । यस्तो संरचक तथा संरचनामा अङ्गी-अङ्ग सम्बन्ध रहेको हुन्छ। यसलाई सम्बद्ध भाषाको व्याकरणसमेत भनिन्छ । भाषाको आन्तरिक संरचनामा अन्तर्निहित विशेषता (नियम र अपवादसमेत) नै व्याकरण हो (ढकाल र खतिवडा, २०६९, पृ. २९४) । भाषामा हुने विशृङ्खलता वा

विकृतिहरूलाई सुधार गरी स्तरीय भाषिक रूपको प्रयोग गर्ने सुझको विकास गर्न र सही र गलत प्रयोग छुट्याउने सचेतताको विकास गरी निरीक्षण, पर्यवेक्षण, विश्लेषण र व्याख्या गर्न सक्ने सक्षमता हासिल गराउन व्याकरण शिक्षणलाई भाषाशिक्षणको अभिन्न अङ्गका रूपमा लिइनुपर्छ (शर्मा र पौडेल, २०६७, पृ.२१८) । भाषा संरचनालाई विधागत पाठसँग एकीकृत गरी कार्यमूलक तथा रचनामुखी तरिकाले शिक्षण गर्नु पर्दछ । यसरी शिक्षण गर्दा कार्यमूलक व्याकरणमा सक्षमता प्राप्त हुन्छ । यसरी प्राप्त हुने सक्षमताबाट भाषा संरचनागत सक्षमता अभिवृद्धि हुने हुन्छ ।

भाषा संरचनागत सक्षमताले शुद्ध, स्तरीय तथा मानक कथ्य लेख्य भाषा प्रयोग गर्ने क्षमतालाई जनाउँछ। यसले नियमीकरण एवम् सिद्धान्तीकरणभन्दा प्रयोगगत प्रभावकारितामा जोड दिन्छ । यस प्रकारको सक्षमताले विद्यार्थीलाई सिप सहजीकरणमा योगदान गर्नुपर्छ एवम् भाषिक सुसिक्यता विकास गराउनुपर्छ भन्ने मत राख्दछ । खास व्याकरणिक तत्त्व वा संरचनाले खास-खास परिवेशमा निश्चित कार्य गर्छन् । कुनै एउटा व्याकरणिक तत्त्व अर्को व्याकरणिक तत्त्वको काम गर्न असमर्थ हुन सक्छ अथवा नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी जस्ता शब्दवर्गगत भाषातत्त्व लगायतका व्याकरणिक पक्षको कार्य फरक-फरक हुन्छ । भाषा संरचनागत सक्षमता प्राप्त गर्नका निम्ति विविध पद्धति तथा विधिको अनुप्रयोग गरिने हुन्छ । यसमध्ये कार्यमूलक पद्धति तुलनात्मक रूपमा वैज्ञानिक र व्यावहारिक मानिन्छ । कार्यमूलक तवरबाट व्याकरणिक सक्षमता प्राप्त गर्ने विषय अत्यन्त कठिन तर व्यावहारिक हुन्छ । विशेष गरेर लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, कारक, ध्रुवीयता जस्ता व्याकरणिक कोटिहरूमा प्राप्त हुने सक्षमता कार्यमूलक सक्षमताअन्तर्गत पर्छन् । कार्यमूलक तवरबाट भाषा संरचनाको शिक्षण गराउँदा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारओटै सिपहरूलाई निकटस्थ बनाई शिक्षण प्रक्रिया अगाडि बढाइन्छ । भाषा शिक्षणमा सन्दर्भयुक्त वातावरण सिर्जना गर्न तथा बालबालिकामा भाषाको उपयुक्त प्रयोगप्रति सचेतता विकास गराउन कार्यमूलक व्याकरणिक सक्षमतामा जोड दिइन्छ ।

आधारभूत तहमा भाषा संरचना शिक्षणको मूलभूत उद्देश्य सैद्धान्तिक ज्ञानलाईभन्दा विधागत पाठहरूको प्रकृतिअनुसारका व्याकरणिक तत्त्वको पहिचान तथा तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकास गर्नुलाई मानिएको छ (आधारभूत तहको पाठ्यक्रम, २०७८) । अतः आधारभूत तहमा भाषिक सिपका साथै भाषा संरचनागत तत्त्वको ज्ञान, सुझ तथा पहिचान र उपयुक्त प्रयोग गर्न सक्ने क्षमता विकास गराउन सके माथिल्लो तहमा भाषा सिकाइका अपेक्षित उद्देश्य हासिल गर्न सहज हुन्छ । आधारभूत तहको पाठ्यक्रममा

भाषाको शुद्ध सिकाइप्रति अभिप्रेरित गर्न, विधागत पाठभित्रबाट नियमको खोजी गरी व्याकरणिक तत्त्वको पहिचान र उपयुक्त प्रयोग गर्न सक्ने क्षमताको विकास गर्न भाषा संरचना शीर्षकीकरण गरी विषयवस्तु समाविष्ट गरिएको देखिन्छ । यसर्थ प्रस्तुत लेख आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको भाषा संरचनाको प्रयोगगत क्षमताको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ ।

अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको भाषा संरचना प्रयोग क्षमता पहिचान गर्नु रहेको छ ।

पूर्वकार्यको पुनरावलोकन तथा रिक्तता पहिचान

भाषा संरचनासँग सम्बन्धित रहेर निर्दिष्ट अध्ययन पूर्व केही सैद्धान्तिक र प्रायोगिक कार्यहरू सम्पन्न भएका छन् । शर्मा (२०६१) द्वारा *शब्दरचना र वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य* नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकको पहिलो खण्डमा व्याकरणिक खण्डअन्तर्गत शब्दवर्गीकरण र शब्दवर्ग, क्रिया र काल, पक्ष, भाव, वाच्य, कारक र विभक्ति, पदसङ्गति लगायतका व्याकरणिक पक्षबारे सोदाहरण चर्चा गरिएको छ ।

अधिकारी (२०७६) द्वारा *समसामयिक नेपाली व्याकरण* नामक पुस्तक प्रकाशन गरिएको छ । यसमा सङ्गति शीर्षक अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर र काल, पक्ष र भाव, वाच्य, अकरण आदिको बारेमा चर्चा गरिएको छ ।

अधिकारी (२०६९) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पाठ्यपुस्तकमा व्याकरणको परिचय, व्याकरण शिक्षणको आवश्यकता, व्याकरण शिक्षणका समस्याहरू, व्याकरण शिक्षणका विधि र कार्यकलापहरूबारे चर्चा गरिएको छ । त्यसैगरी लम्साल (२०६८) द्वारा प्रकाशित *नेपाली भाषा र व्याकरण* नामक पुस्तकमा वाक्यतत्त्वको स्वरूपअन्तर्गत काल, पक्ष, भाव, वाच्य, करण र अकरण, सङ्गति आदिको बारेमा चर्चा गरिएको छ । पौडेल, भट्टराई र चौलागाईं (२०७७) द्वारा *प्रज्ञा नेपाली शैक्षणिक व्याकरण* नामक पुस्तक प्रकाशन गरिएको छ । यो व्याकरण प्रयोगात्मक प्रकृतिको छ । शिक्षार्थीहरूका लागि उपयोगी यस व्याकरणमा शब्दरूपावली शीर्षकअन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, कारक र विभक्ति, काल र पक्ष, भाव, वाच्य, अकरणको ज्ञान तथा पदसङ्गतिअन्तर्गत लिङ्गसङ्गति, वचनसङ्गति, पुरुष र आदरसङ्गतिलाई प्रयोगात्मक विधि अनुरूप चिनाउन खोजिएको छ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका केही क्याम्पसहरूमा सोपाधिक अनुसन्धान प्रयोजनार्थ व्याकरणिक क्षमताको अध्ययन सम्बन्धी केही अनुसन्धानहरू (पाठक, २०७३; पौडेल, २०७४; सुनार, २०७५; ढकाल २०७७) भएका भेटिन्छन् । उल्लिखित कार्यहरूमा भूगोललाई अनुसन्धेय चर मानी अनुसन्धान गरिएको पाइँदैन । वस्तुतः विद्यालयको भौगोलिक परिवेश भिन्न हुँदा भाषा संरचना क्षमतामा केकस्तो प्रभाव देखा पर्छ भन्ने समस्या नै यस अनुसन्धानको रिक्तताका रूपमा पहिचान गरिएको छ । यस रिक्ततालाई परिपुरण गर्न तथा सैद्धान्तिक र अवधारणात्मक ढाँचा निर्माणमा निर्दिष्ट कार्यहरू महत्त्वपूर्ण देखिएका छन् ।

अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखमा निम्नानुसारको अध्ययन विधि र प्रक्रियाको अवलम्बन गरिएको छ :

परिमाणात्मक ढाँचा र स्थलगत अध्ययन विधि : प्रस्तुत लेख तयारीका क्रममा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। यसमा स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ ।

उद्देश्यमूलक नमुना : यस अध्ययनमा लमजुङ जिल्लामा अवस्थित सर्वोदय माध्यमिक विद्यालय र नवलपरासी स्थित नेपाल नमुना माध्यमिक विद्यालयबाट शैक्षिक सत्र २०७७/०७८ मा कक्षा ८ उत्तीर्ण गरेका १७१ जना विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यसमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । यी दुवै विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरेका विद्यार्थीमध्ये १०–१० जना छात्र र १०–१० जना छात्रा प्रतिनिधित्व हुने गरी जम्मा ४० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ।

प्राथमिक र द्वितीय स्रोतीय सामग्री : यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। कक्षा आठ उत्तीर्ण जम्मा ४० जना विद्यार्थीमाथि प्रयोग गरिएका प्रश्नावलीबाट प्राप्त परिणामलाई प्राथमिक स्रोतीय सामग्रीका रूपमा लिइएको छ । निर्दिष्ट विषय सम्बद्ध अनुसन्धानमूलक कार्यहरू, व्याकरणहरू तथा पत्रपत्रिकामा प्रकाशित लेख-रचनालाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

निगमनात्मक तथा तथ्याङ्कशास्त्रीय विश्लेषण : प्रस्तुत अध्ययनमा निगमन विधिको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । यसमा पाठ्यक्रम सम्बद्ध सक्षमता तथा कार्यमूलक व्याकरणलाई मूल आधार मानी ३० पूर्णाङ्कको प्रश्नावली निर्माण गरी परीक्षण गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकीकरण गरी तुलनात्मक

विश्लेषण गरिएको छ। यसक्रममा उच्च अङ्क, न्यून अङ्क र औसत अङ्कको तुलनात्मक विश्लेषण गरिएको छ। यसमा औसत अङ्क पहिचानका लागि निम्न सूत्रको गरिएको छ :

सूत्र : $\overline{(X)} = \frac{\Sigma X}{N}$

(स्पष्टीकरण : X = औसत प्राप्ताङ्क, ΣX =. कुल प्राप्ताङ्कको योग र N = जम्मा विद्यार्थी सङ्ख्या)।

परिसीमा

प्रस्तुत अध्ययन विद्यार्थीमा स्तरीकृत प्रश्नावलीको परीक्षण गरी भाषा संरचना प्रयोग क्षमताको पहिचान गर्नुमा केन्द्रित रहेको छ। यो लेख परिमाणात्मक ढाँचा र निगमन विधिमा सीमित रहेको छ। यसलाई दुईओटा विद्यालयका ४० जना विद्यार्थीमा सीमित गरिएको छ। यसलाई शब्दवर्ग, कारक, लिङ्ग, वचन, पुरुष, काल र पक्ष, ध्रुवीयता, भाव र सङ्गति शीर्षकमा विद्यार्थीको भाषा संरचना पहिचान तथा प्रयोग क्षमतामा मात्र परिसीमित गरिएको छ।

सैद्धान्तिक अवधारणा

भाषा संरचना भाषाको नियमजन्य कथ्य लेख्य व्यवहार हो। यो भाषाको व्याकरणिक नियम हो। यो भाषालाई व्यवस्थित, अनुशासित, शिष्ट र स्तरीय बनाउने तथा सोही अनुरूप बोल्न, लेख्न, वा प्रयोग गर्न सिकाउने महत्त्वपूर्ण शास्त्र हो। यो भाषाको तत्त्वहरूसँग सम्बन्धित हुन्छ। यो मुख्यत: रूपिमदेखि वाक्यसम्मका सार्थक भाषिक एकाइहरूलाई व्यवस्थित गर्ने पद्धति हो (शर्मा, २०७१, पृ.२७)। प्रयोगात्मक नेपाली शब्दकोश (२०६६, पृ.९३१) मा यसलाई भाषाका वर्ण, रूप, शब्द, वाक्य आदिमा अन्तर्निहित व्यवस्थाका रूपमा चिनाइएको छ। यसैगरी नेपाली बृहत् शब्दकोश (२०६७, पृ.११७८) मा यसलाई कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनका संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउनुका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्रका रूपमा चिनाइएको छ। यसले शुद्ध, शिष्ट भाषा अभिव्यक्ति क्षमताको विकासमा सक्षमता हासिल गराउँछ। मानक भाषा प्रयोग क्षमताको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ।

वेदका छ अङ्गहरू: शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिषमध्ये व्याकरण एक महत्त्वपूर्ण विधा हो। अभिव्यक्तिको माध्यम भाषा हो। भाषालाई एउटा ढाँचामा

व्यवस्थित गर्ने काम व्याकरणको हो (भण्डारी, २०७४, पृ.१५८) । हरेक भाषा आफ्नै खालका नियममा आबद्ध हुन्छन् । प्रत्येक भाषामा आआफ्ना किसिमका नियमहरूद्वारा नियन्त्रित व्याकरण व्यवस्था हुन्छन् (पौडेल, २०६९, पृ.१७९) । अतः भाषामा अन्तर्निहित नियमका रूपमा, भाषामा अन्तर्निहित व्यवस्थाका रूपमा व्याकरणलाई लिन सकिन्छ ।

भाषा संरचना भाषामा सन्निहित व्यवस्था हो । यो भाषाको आन्तरिक संरचना सम्बद्ध तत्त्व हो । यसले भाषाका आन्तरिक संरचना र नियमहरूको व्याख्या एवम् विश्लेषण गर्छ (शर्मा र पौडेल, २०६७, पृ.२१८) । यसलाई भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णन गर्ने विषयका रूपमा बुझ्न सकिन्छ । भाषाविना यसको अस्तित्व नरहने तथा भाषा संरचनाविनाको भाषा निरर्थक रहने भएकाले भाषा र व्याकरणलाई एकअर्काका अभिन्न अङ्ग वा एकअर्काका परिपूरक मानिएको पाइन्छ ।

भाषाका आधारमा व्याकरण निर्माण गरिने हुँदा भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ । भाषाविना व्याकरणको कल्पना गर्न नसकिने भएकाले व्याकरणलाई भाषाबाट अलग गराएर कृत्रिम तरिकाले शिक्षण गर्न खोज्दा भाषाशिक्षणमा अस्वभाविक्ता आउने मात्र नभई अवैज्ञानिकता र अव्यावहारिकता पनि देखा पर्छ (ढकाल र खतिवडा, २०६९, पृ.१९४) । भाषालाई नियममा आबद्ध गर्न, भाषामा शुद्धताका साथै अनुशासन कायम गर्न, मानक भाषा प्रयोग गर्ने क्षमताको विकास गर्न, शुद्ध शब्द तथा वाक्यको प्रयोग गर्न, भाषिकागत एवम् शैलीगत विचलन हटाउन, स्तरीय मानक भाषाको प्रयोग गर्न त्रुटिरहित ढङ्गले भाषा शिक्षण गर्न आदि कार्यमा भाषा शिक्षणमा व्याकरणको अपरिहार्यता रहन्छ ।

विद्यालय तहमा व्याकरणलाई छुट्टै विषयका रूपमा नराखी नेपाली विषयकै पाठ्यक्रम तथा पाठ्यपुस्तकभित्र समाविष्ट गरिएको पाइन्छ । विशेषतः विधागत पाठको माध्यमबाट व्याकरणिक तत्त्व र त्यसको प्रयोग सम्बन्धी अवधारणाको विकास गराउने, शुद्ध भाषाको प्रयोगप्रति अभिप्ररित गराउने तथा स्तरीय मानक नेपाली सिकाउने ध्येय अनुरूप भाषा संरचनालाई पाठ्यपुस्तकमा समाविष्ट गरिएको भेटिन्छ । यस क्रममा सरलदेखि जटिलताको क्रममा आगमनात्मक, भाषा संसर्ग, भाषापाठ्यपुस्तक जस्ता विधि तथा कार्यमूलक र रचनामुखी अवधारणाको अवलम्बन गरी विद्यार्थीमा भाषा संरचनागत सुझको विकास गराउन खोजिएको देखिन्छ ।

भाषा संरचनालाई भाषिक अनुशासन, व्यवस्था र भाषा संरचनामा पाइने विशेषताका रूपमा बुझ्न सकिन्छ । सुरुसुरुमा यसलाई शुद्ध र स्पष्ट रूपमा लेख्न, बोल्न सिकाउने

विधाका रूपमा मात्र हेरिन्थ्यो । यसको ज्ञानविना भाषा जानिँदैन भनिन्थ्यो । तत्पश्चात् यसलाई शब्दानुशासन कायम गर्ने, कुनै पनि भाषालाई व्यवस्थित र नियमबद्ध बनाउने, शुद्धसँग बोल्न, लेख्न र प्रयोग गर्न सिकाउने, भाषाको प्रायोगिक वा व्यावहारिक पक्षको विश्लेषण गर्ने शास्त्रका रूपमा हेर्न थालियो । हाल कार्यमूलक अवधारणा अनुसार भाषा संरचना शिक्षण गर्नुपर्ने मत बढ्दै गएको छ। भाषा संरचना शिक्षणलाई नियमको पर्यायवाची नमान्ने, यसको शिक्षणमा सिद्धान्तीकरणलाई जोड दिनु नपर्ने, भाषा संरचनालाई भाषाबाट अलग गर्न नहुने, भाषिक सिप सक्षमता र भाषा संरचनागत सक्षमतालाई पृथक्-पृथक् सिकाइ शिक्षणका क्षेत्र मान्न नहुने एवम् यसको शिक्षणलाई औपचारिकतामा मात्रै सीमित गर्न नहुने दृष्टिकोण प्रबल रूपमा उठ्न थालेको छ ।

अवधारणात्मक ढाँचा

प्रस्तुत लेखमा अवधारणात्मक ढाँचाका लागि आधारभूत तहको पाठ्यक्रम निर्दिष्ट सक्षमतालाई मूल आधार बनाइएको छ । साथै कार्यमूलक व्याकरणिक अवधारणालाई पनि आधार बनाइएको छ। यसैगरी शैक्षणिक व्याकरण र अन्य व्याकरणका आधिकारिक पुस्तकहरूलाई आवश्यकता अनुरूप प्रयोग गरिएको छ। कार्यमूलक व्याकरण शिक्षणका क्रममा उपयोग गरिने विधिहरूको अनुग्रहण गरिएको छ। वस्तुतः प्रस्तुत लेख तयारीका क्रममा निम्नानुसारको अवधारणात्मक ढाँचालाई अवलम्बन गरिएको छ :



भाषा संरचना प्रयोग क्षमताको विश्लेषण

आधारभूत तहको भाषापाठ्यक्रममा भाषा संरचना समाविष्ट गरिएको छ । सोही अनुरूप यस तहका भाषापाठ्यपुस्तकमा पाठ्यवस्तुको प्रकृति अनुरूप यस विषयलाई समाविष्ट गरी भाषा संरचना तत्त्वको पहिचान गर्न, त्यसको उपयुक्त प्रयोग गर्न यसको शिक्षण गर्ने गरिएको छ। आधारभूत तहको पाठ्यक्रम (२०७८) मा भाषा संरचनाअन्तर्गत सङ्गति, काल, पक्ष, भाव र अर्थ, वाक्य परिवर्तन, वाच्य, शब्दवर्ग र कारक, विभक्ति आदिलाई समावेश गरिएको छ। अतः यसमा आठ कक्षा उत्तीर्ण विद्यार्थीहरूमा पाठ्यक्रमले अपेक्षा गरे अनुरूप भाषा संरचनागत सक्षमता अर्थात् प्रयोग क्षमतालाई अध्ययनको विषय बनाइएको छ। यसमा परीक्षणबाट प्राप्त तथ्याङ्कलाई पृथकीकृत तथा समग्रीकृत तवरबाट तालिकीकरण गरी विश्लेषण गरिएको छ :

शब्दवर्ग पहिचान क्षमता

शब्दहरू विभिन्न वर्गका हुन्छन्। यिनीहरूको वर्गीकरण अर्थ, रूप र कार्यका आधारमा गर्न सकिन्छ (अधिकारी, २०७६, पृ.२२) । कार्यका आधारमा शब्दवर्गलाई विशेषतः नौ प्रकारमा विभाजन गरिएको पाइन्छ। जसमा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन्। प्रस्तुत लेखमा शब्दवर्ग पहिचान सम्बन्धी परीक्षण गरिएकोमा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. १
शब्दवर्ग पहिचान क्षमताको स्थिति

पूर्णाङ्क	३
प्राप्ताङ्कको कुल योग	८८
औसत अङ्क	२.२
सबैभन्दा बढी प्राप्ताङ्क	३
सबैभन्दा कम प्राप्ताङ्क	१

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. १ मा प्रस्तुत गरिएअनुसार विद्यार्थीहरूको शब्दवर्ग पहिचान क्षमता परीक्षणका लागि लिइएको तीन अङ्कको प्रश्नमा चालिस जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग ८८ देखिन्छ। यसमा प्राप्ताङ्कको औसत अङ्क २.२ रहेको छ। सबैभन्दा बढी अङ्क ३ र सबैभन्दा कम अङ्क १ रहेको छ। यहाँ औसत अङ्क २.२ हुनु भनेको कुल

पूर्णाङ्कको ५० प्रतिशतभन्दा माथि रहनु हो । यसकारण विद्यार्थीहरूको शब्दवर्ग पहिचान क्षमता औसतभन्दा माथि छ ।

कारक पहिचान क्षमता

वाक्यमा नामिक शब्दको प्रकार्य वा प्रतिफलन (कर्ता, कर्म आदि) जनाउने व्याकरणात्मक कोटिलाई कारक भनिन्छ (शर्मा, २०७१, पृ.४०८) । प्रकार्यका आधारमा कारक कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी छ प्रकारका छन् । प्रस्तुत लेखमा विद्यार्थीहरूको कारक पहिचान क्षमताको परीक्षणका लागि सोधिएका प्रश्नमा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

तालिका नं. २

कारक पहिचान क्षमताको स्थिति

पूर्णाङ्क	२
प्राप्ताङ्कको कुल योग	४२
औसत अङ्क	१.०५
सबैभन्दा बढी प्राप्ताङ्क	२
सबैभन्दा कम प्राप्ताङ्क	०.५

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. २ मा प्रस्तुत तथ्याङ्कअनुसार विद्यार्थीहरूको कारक पहिचान क्षमता परीक्षणका लागि दुई अङ्कको प्रश्नमा चालिस जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग ४२ देखिन्छ । औसत अङ्क १.०५ रहेको छ भने सबैभन्दा बढी अङ्क २ र सबैभन्दा कम अङ्क ०.५ रहेको देखिन्छ । यहाँ औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशतभन्दा बढी रहेको छ । यसरी औसतको निकट रहेकाले विद्यार्थीहरूको कारक पहिचान क्षमता मध्यम रहेको देखिन्छ ।

लिङ्गको प्रयोग क्षमता

लिङ्गले जातिलाई बुझाउँछ (शर्मा, २०६१, पृ.७७) । यसर्थ लिङ्ग पुरुष जाति वा स्त्री जाति बुझाउने व्याकरणिक कोटि हो । विशेषतः नेपाली व्याकरणमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका लिङ्ग व्यवस्था छन् । नेपालीमा नाम, विशेषण र क्रियामा लिङ्गभेद देखिने कुरा प्रज्ञा नेपाली शैक्षणिक व्याकरण (२०७७, पृ.७५) मा उल्लेख गरिएको छ ।

प्रस्तुत लेखमा विद्यार्थीहरूको लिङ्ग प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. ३

लिङ्ग प्रयोग क्षमताको स्थिति

पूर्णाङ्क	३
प्राप्ताङ्कको कुल योग	८५
औसत अङ्क	२.१२५
सबैभन्दा बढी प्राप्ताङ्क	३
सबैभन्दा कम प्राप्ताङ्क	१

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. ३ प्रस्तुत भए अनुसार लिङ्ग पहिचान सम्बन्धी तीन पूर्णाङ्कको प्रश्नमा ४० जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग ८५ रहेको देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क २.१२५ देखिन्छ । सबैभन्दा बढी अङ्क ३ र कम अङ्क १ देखिन्छ । यहाँ औसत अङ्क कुल पूर्णाङ्कको पचास प्रतिशतभन्दा बढी रहेको पाइएको छ ।

वचन प्रयोग क्षमता

वचन सङ्ख्या बुझाउने व्याकरणिक कोटि हो । शब्दले सङ्केत गर्ने सङ्ख्यालाई वचन भनिन्छ (पौडेल, भट्टराई र चौलागाई, २०७७, पृ.८२) । नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ (अधिकारी, २०७६, पृ.८९) । नेपाली व्याकरणमा एकवचन र बहुवचन गरी वचन दुई प्रकारका छन् । प्रस्तुत लेखमा विद्यार्थीहरूको वचन प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. ४

वचन प्रयोग क्षमताको स्थिति

पूर्णाङ्क	३
प्राप्ताङ्कको कुल योग	९२
औसत अङ्क	२.३
सबैभन्दा बढी प्राप्ताङ्क	३
सबैभन्दा कम प्राप्ताङ्क	०

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. ४ अनुसार तीन अङ्कको वचन प्रयोग क्षमताको परीक्षणमा ४० जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग ९२ देखिन्छ । यसको औसत अङ्क २.३ देखिन्छ । सबैभन्दा बढी अङ्क ३ र कम अङ्क शून्य देखिन्छ । यहाँ औसत अङ्क ठीक देखिन्छ तर उच्च अङ्क र न्यून अङ्कका बिच अन्तर बढी रहेको पाइन्छ ।

पुरुष प्रयोग क्षमता

विशेषतः वक्ता, श्रोता र विषयका बारेमा जानकारी गराउने व्याकरणिक कोटि पुरुष हो । पुरुषले व्यक्तिलाई बुझाउँछ (शर्मा, २०७२, पृ.४८०) । अभिव्यक्तिमा संलग्न सहभागिको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ (अधिकारी, २०७६, पृ. ९८) । प्रथम, द्वितीय र तृतीय गरी नेपाली व्याकरणमा तीन पुरुष छन् । प्रस्तुत लेखमा विद्यार्थीहरूमा पुरुष प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. ५
पुरुष प्रयोग क्षमताको स्थिति

पूर्णाङ्क	३
प्राप्ताङ्कको कुल योग	६१
औसत अङ्क	१.५२५
सबैभन्दा बढी प्राप्ताङ्क	३
सबैभन्दा कम प्राप्ताङ्क	१

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

विद्यार्थीहरूमा पुरुष प्रयोग क्षमता परीक्षणका लागि तीन अङ्कको प्रश्न सोधिएको थियो । तालिका नं. ५ मा उल्लेख भएअनुसार ४० जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग ६१ देखिन्छ । यसमा औसत अङ्क १.५२५ रहेको छ । यसैगरी सबैभन्दा बढी अङ्क ३ र कम अङ्क १ रहेको छ । समग्रतः औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशतभन्दा माथि रहेको छ ।

काल र पक्षको प्रयोग क्षमता

क्रियाको रूप र त्यस रूपमा वर्णित व्यापार वा अवस्थाको समयमाझ हुने सम्बन्धलाई काल भनिन्छ (शर्मा, २०७१, पृ.४३५) । प्रज्ञा नेपाली व्याकरणमा काललाई क्रियासँग सम्बन्धित समयबोधक व्याकरणिक कोटिका रूपमा चिनाइएको छ (२०७७, पृ.१०२) । पक्ष

क्रियामा अभिव्यक्त हुने व्याकरणात्मक कोटि हो । क्रियाका कालको अवधि र अवस्थालाई पक्ष भन्दछन् (शर्मा, २०६१, पृ.६१) । काल र पक्ष परस्पर सम्बद्ध व्याकरणात्मक कोटि हुन् । नेपाली व्याकरणमा काललाई सामान्यतः भूत, वर्तमान र भविष्यत् गरी तीन प्रकारमा वर्गीकरण गरिएको भेटिन्छ । यस्तै पक्षलाई सामान्य, अपूर्ण, पूर्ण अभ्यस्त र अज्ञात गरी पाँच प्रकार भेटिन्छ । प्रस्तुत लेखमा विद्यार्थीहरूमा कालको प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. ६

काल प्रयोग क्षमताको स्थिति

पूर्णाङ्क	५
प्राप्ताङ्कको कुल योग	११९
औसत अङ्क	२.९७५
सबैभन्दा बढी प्राप्ताङ्क	५
सबैभन्दा कम प्राप्ताङ्क	१

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. ६ अनुसार काल र पक्ष सम्बन्धी पाँच अङ्कको प्रश्नमा ४० जना विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको कुल योग ११९ देखिन्छ । यहाँ औसत अङ्क २.९७५ रहेको देखिन्छ । यसमा सबैभन्दा बढी अङ्क ५ र सबैभन्दा कम अङ्क १ देखिन्छ । यहाँ औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशतभन्दा केही बढी रहे पनि सबैभन्दा बढी अङ्क र कम अङ्कका बिचको अङ्कमा असन्तुलन देखिन्छ ।

ध्रुवीयता प्रयोग क्षमता

ध्रुवीयताअन्तर्गत मूलतः करण र अकरणको अध्ययन गरिन्छ । अनिषेधात्मक वाक्यलाई (न) द्वारा निषेधात्मक तुल्याउने प्रक्रियालाई अकरण भन्दछन् भने निषेधात्मक वाक्यलाई (न) झिकेर अनिषेधात्मक तुल्याउने प्रक्रियालाई करण भनिन्छ (शर्मा, २०७१, पृ.४५७) । यसरी हेर्दा करण र अकरणलाई दुई व्यतिरेकी ध्रुव मानिन्छ । प्रस्तुत लेखमा करण-अकरण पहिचान क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. ७
ध्रुवीयता प्रयोग क्षमताको स्थिति

पूर्णाङ्क	३
प्राप्ताङ्कको कुल योग	१०२
औसत अङ्क	२.५५
सबैभन्दा बढी प्राप्ताङ्क	३
सबैभन्दा कम प्राप्ताङ्क	१

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. ७ अनुसार अकरण सम्बन्धी तीन अङ्कको प्रश्नमा विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको कुल योग १०२ देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क २.५५ रहेको छ । यसमा सबैभन्दा बढी अङ्क ३ र सबैभन्दा कम अङ्क १ रहेको देखिन्छ । यसमा प्राप्ताङ्कको कुल योग १०२ रहेको र औसत अङ्क पूर्णाङ्कको ५०भन्दा माथि रहेको छ ।

भाव प्रयोग क्षमता

भाव वक्ताको मनोभाव वा आशय बुझाउने क्रियापदको रूप हो । 'शैक्षणिक व्याकरण' (२०७७, पृ.१३७) मा उल्लेख गरिएअनुसार नेपालीमा निश्चयार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी पाँच अर्थ छन् । प्रस्तुत अनुसन्धानमा व्याकरणिक प्रयोग क्षमताअन्तर्गत भाव पहिचान क्षमताको मूल्याङ्कन गर्दा आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थको मात्र गरिएको छ जसमा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. ८
भाव प्रयोग क्षमताको स्थिति

पूर्णाङ्क	३
प्राप्ताङ्कको कुल योग	७०
औसत अङ्क	१.७५
सबैभन्दा बढी प्राप्ताङ्क	३
सबैभन्दा कम प्राप्ताङ्क	१

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. ८ अनुसार भाव सम्बन्धी तीन अङ्कको प्रश्नमा ४० जना विद्यार्थीहरूमा परीक्षण गरिएकोमा प्राप्ताङ्कको कुल योग ७० देखिन्छ । तालिकामा औसत अङ्क १.७५ देखिन्छ । यसमा सबैभन्दा बढी अङ्क ३ र सबैभन्दा कम अङ्क १ रहेको देखिन्छ ।

पदसङ्गति प्रयोग क्षमता

वाक्यमा प्रयुक्त कर्ता र क्रियापद, नाम र सर्वनाम, विशेषण र नामपदका बिचमा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा हुने मेल नै पदसङ्गति हो (पौडेल, भट्टराई र चौलागाईं, २०७७, पृ.१७६) । अधिकारी (२०७६, पृ.८३) का अनुसार वाक्यमा प्रयोग भएका शब्दहरूका बिचको रूपायनिक मेल वा अनुकुलनलाई सङ्गति भनिन्छ । वाक्य संरचनामा आउने नाम, सर्वनाम, विशेषण र क्रियापदका बिच लिङ्ग, वचन, पुरुष र आदरका आधारमा मेल गर्नु पदसङ्गति हो । नेपाली भाषामा हेर्दा मूलतः उद्देश्य र विधेय, नाम र सर्वनाम, विशेष्य र विशेषण, भेद्य र भेदक तथा नाम र कोटिकारका बिचमा सङ्गति भेटिन्छ । प्रस्तुत लेखमा विद्यार्थीहरूमा पदसङ्गति प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

तालिका नं. ९

पदसङ्गति प्रयोग क्षमताको स्थिति

पूर्णाङ्क	५
प्राप्ताङ्कको कुल योग	१०८
औसत अङ्क	२.७
सबैभन्दा बढी प्राप्ताङ्क	५
सबैभन्दा कम प्राप्ताङ्क	१

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

विद्यार्थीहरूलाई पदसङ्गति मिलाई लेख्न पाँच अङ्कको प्रश्न दिइएको थियो । तालिका नं. ९ अनुसार चालिस जना विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको कुल योग १०८ देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क २.७ छ । यस्तै सबैभन्दा बढी अङ्क ५ र सबैभन्दा कम अङ्क १ रहेको छ । यस प्रश्नमा विद्यार्थीको औसत अङ्क पूर्णाङ्कको ५० प्रतिशतभन्दा केही बढी रहेको छ । तथापि सबैभन्दा बढी अङ्क र कम अङ्कका बिचको अङ्कमा धेरै फरक देखिन्छ ।

भाषा संरचना प्रयोग क्षमताको समग्र स्थिति

भाषाको निर्माण गर्ने सानाठूला विभिन्न एकाइहरू छन् । यिनै एकाइहरूबाट भाषा संरचित हुने हुँदा यिनैको समुच्चयलाई भाषाको संरचना भनिन्छ (शर्मा, २०७१, पृ.२७) । लमजुङ र नवलपरासी गरी दुई फरक विद्यालयका ४० जना विद्यार्थीहरूलाई छनोट गरी ३० पूर्णाङ्कको परीक्षणमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग, औसत अङ्क, सबैभन्दा बढी र सबैभन्दा कम प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १०

भाषा संरचना प्रयोग क्षमताको समग्र स्थिति

कुल पूर्णाङ्क	३०
प्राप्ताङ्कको कुल योग	७६७
औसत अङ्क	१९.१७५
सबैभन्दा बढी प्राप्ताङ्क	२९
सबैभन्दा कम प्राप्ताङ्क	१२
जम्मा विद्यार्थी सङ्ख्या	४०

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिका नं. १० मा उल्लेख भएअनुसार चालिस पूर्णाङ्कको परीक्षामा चालिस जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ७६७ देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क १९.१७५ देखिन्छ। यसमा जम्मा ३० पूर्णाङ्कको परीक्षणमा उच्च अङ्क २९ र न्यून अङ्क १२ दैखिन्छ । व्याकरणिक सक्षमताको परीक्षण गर्दा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थीले १२ अङ्क र सबैभन्दा बढी ल्याउने विद्यार्थीले २९ अङ्क ल्याए पनि माथिको औसत अङ्क कुल पूर्णाङ्कको पचास प्रतिशतभन्दा बढी रहेको छ ।

निष्कर्ष

प्रस्तुत अध्ययनमा आधारभूत तहको नेपाली विषयको पाठ्यक्रममा भाषा संरचनाअन्तर्गत समाविष्ट विषय क्षेत्रमध्ये मूलतः शब्दवर्ग, कारक, लिङ्ग, वचन, पुरुष, काल, ध्रुवीयता, भाव र पदसङ्गतिसँग सम्बन्धित रही भाषा संरचना प्रयोग क्षमताको परीक्षण गरिएको छ। उक्त विषय क्षेत्रमा विद्यार्थीहरूमा पाठ्यक्रम अपेक्षित कुराहरूको विकास भए-नभएको मूल्याङ्कनका लागि ३० पूर्णाङ्कको प्रश्नावली तयार पारी दुई फरक विद्यालयका ४०

जना विद्यार्थीमा परीक्षण गरिएको छ । जसमा विद्यार्थीहरूको औसत अङ्कलाई आधार मान्दा करण-अकरण प्रयोग क्षमता सबैभन्दा राम्रो, वचन, लिङ्ग, शब्दवर्ग राम्रो तथा भाव, काल, कारक, पुरुष र पदसङ्गति प्रयोग क्षमता मध्यम खालको रहेको पाइएको छ । विद्यार्थीहरूको बढी प्राप्ताङ्क हेर्दा भाषा संरचनागत विषयमा पूर्णाङ्क बराबरकै अङ्क (पाँचमा पाँच, तीनमा तीन र दुईमा दुई) प्राप्त गरेको भेटिन्छ । यसैगरी कम अङ्क हेर्दा शब्दवर्ग, लिङ्ग, पुरुष, ध्रुवीयता र भाव सम्बन्धी परीक्षणमा प्रत्येक तीन-तीन पूर्णाङ्कमा क्रमशः एक-एक अङ्क, कारक दुईमा शून्य दशमलव पाँच अङ्क, काल र पदसङ्गतिमा पाँचमा एक-एक अङ्क प्राप्त गरेको पाइन्छ । अध्ययनमा ३० पूर्णाङ्कमा प्राप्त प्राप्ताङ्क हेर्दा सबैभन्दा बढी २९ अङ्क (एक जना) र कममा १२ अङ्क (एक जना) रहेको पाइन्छ । समग्र नतिजाका आधारमा विश्लेषण गर्दा आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूमा व्याकरणिक तत्त्व पहिचान तथा प्रयोग क्षमता मध्यम रहेको देखिन्छ । वस्तुतः निर्दिष्ट शीर्षक सम्बद्ध विगतका अनुसन्धानहरू व्याकरणिक सक्षमताको सामान्य पहिचानमा मात्रै केन्द्रित रहेका देखिन्छन् । प्रस्तुत अनुसन्धानात्मक कार्य विद्यार्थीहरूको समग्र भाषिक संरचना पहिचान क्षमता पहिचानमा केन्द्रित रहेको छ । साथै भौगोलिकता (ग्रामीण र सहरी) ले भाषिक संरचना पहिचान क्षमता के-कस्तो तात्त्विक प्रभाव पार्दछ भन्ने कुराको जानकारीका निम्ति यसले नयाँ दिशा पत्ता लगाएको देखिन्छ ।

सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७६), *समसामयिक नेपाली व्याकरण* (सातौँ सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६६), *प्रयोगात्मक नेपाली शब्दकोश* (तेस्रो सं.) काठमाडौँ : विद्यार्थी पुस्तक प्रा.लि. ।

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), (२०६९), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), (२०७८), पाठ्यक्रम विकास केन्द ।

ज्ञवाली, रामप्रसाद (२०६८), *उच्च माध्यमिक नेपाली व्याकरण*, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

ढकाल र खतिवडा (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण*, काठमाडौँ : शुभकामना प्रकाशन ।

नेपाली बृहत् शब्दकोश (२०६७), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, टङ्कप्रसाद र पराजुली, दीपक (२०६९), *पूर्वीय भाषिक चिन्तन परम्परा,* कन्काई एजुकेसनल पब्लिकेसन एन्ड रिसर्च सेन्टर प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू*, काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर्स प्रा. लि. ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू*, काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर्स प्रा. लि. ।

पौडेल, हेमनाथ, भट्टराई, रमेशप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०७७), *प्रज्ञा नेपाली शैक्षणिक व्याकरण*, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र (२०६८), *नेपाली भाषा र व्याकरण*, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शर्मा, मोहनराज (२०६१), *शब्दरचना र वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य*, काठमाडौँ : काठमाडौँ बुक सेन्टर ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार । ■

Maternal and Child Health Care Practices in Majhi Community of Lalbandi-12, Pattharkot, Sarlahi

✍ **Umesh Timilsina**

Department of Population Studies
Janajoyoti Multiple Campus, Sarlahi
Email: utimalsina123@gmail.com

Abstract

Women's health throughout pregnancy, childbirth, and the postpartum period is referred to as maternal health. Low- and middle-income nations account for nearly all maternal, neonatal, baby, and child mortality (99 percent). Beneficial techniques to disseminating and scaling up effective interventions are urgently needed. A total of 713 Majhi persons were surveyed from 150 Majhi houses. The Majhi ethnic groups include the Brahman, Chhetri, Tamang, and Koiri. The sample was taken in Sarlahi's pattharkot, where the Majhi population is mostly concentrated in Wards 1 to 9. More over 68 percent of the population is illiterate, with only 31.56 percent being literate. Rural women are more likely to seek antenatal care from VHWS and MOH employees. Doctors, nurses, and midwives are used by urban women more frequently than rural women. During the prenatal phase, Majhi women have the least knowledge of contemporary medicine. The majority of the mothers (67.40 percent) breastfed their children until they were two years old. Herbs including onion, garlic, neem, and bhargair were used by more than 98 percent of the ladies. Around 99 percent of women in Majhi community utilized only one type of contraception, Dipoprovea. In comparison to their husbands, respondents' education levels were very low. The majority of women had fed their children Jeevan Jal to treat diarrhea.

Keywords: Child health, Contemporary medicine, Diarrhea, Majhi society, Maternal health, Maternal mortality,

Background

Maternal health refers to the health of women during pregnancy, childbirth and the postnatal period. Each stage should be a positive experience, ensuring women and their babies reach their full potential for health and well-being. Conditions in the places where people live, learn, work, and play affect a wide range of health risks and outcomes. Environmental and social factors such as access to health care and early intervention services, educational, employment, and economic opportunities, social support, and availability of resources to meet daily needs influence maternal health behaviors and health status.

Maternal health is the women's well-being throughout pregnancy, childbirth, and the postpartum period. It includes receiving ANC, PNC check-ups, and delivering at health institutions or being assisted by Skilled Birth Attendants (SBA) at health institutions or homes, which is critical to preventing newborn and maternal deaths (WHO, 2019). Its prime concern is to prioritize women's reproductive health, along with the well-being of newborns ((Bhusal, Bhattarai, & Bhaskar, 2015).

Almost all maternal, neonatal, infant and child deaths (99%) arise in low- and middle-income countries (LMIC), yet most research is focused on the 1% of these deaths that occur in high-income countries (Lawn JE. and others, 2005). One of the main challenges in developing countries is to make interventions of demonstrated efficacy widely available to underserved populations, thus bridging the 'know-do gap.' There is a series of interventions that could, if implemented, result in a significant reduction of maternal, infant and child morbidity and mortality globally (Jones G. and others, 2003). However, those interventions are not widely used in LMIC. Effective interventions to reduce neonatal mortality, such as newborn temperature management, are only used in 20% of births, and the administration of antenatal steroids is used in no more than 5% of preterm births. Theoretically, the implementation of known interventions could reduce neonatal and child mortality by 40–70% in less developed countries. There is an urgent need to use effective approaches in order to disseminate and scale up effective interventions.

It is a serious challenge to delivery of health services and is a well-documented marker of inequity in Nepal. Maternal, newborn and child health (MNCH) outcomes are poorer in Nepal of low and lower-middle income families due to poorer quality services, persistent cultural and traditional practices and lower socioeconomic and educational status.

According to UNICCEF (1993), global coverage of measles immunization is 77 percent on average, with the highest rates of 80 percent in the ESCAP region and 80 percent in south Asia. Similarly, 73 percent for the Middle East and North America, and 48 percent for Sub-Saharan Africa. In terms of South Asian countries, India has the highest (86 percent) and Afghanistan has the lowest (92 percent) measles vaccination coverage.

Shrestha, (1994) has done a study of Baglung district of Bazar area on "Child Health Care practice Different Ethnic Groups" she has found that most prevalent health problems of children were cold 50.8 percent and diarrhea 24.5 percent compared to other health problems. She concluded that cold an diarrhea were seen as a major health problems of children oral rehydration therapy practices was done by the majority of the mothers. She also found about 75.4 percent of the children were normal by observation however, severe malnutrition was seen in spite of the majority of the mothers being careful for their children. She concluded that the nutritional status of the was higher for literate mother than that illiterate. The children form wee higher family having better nutritional status then children from lower family.

Children spend their life with their parents, sometimes with their siblings and grand parents. The growth and development of a child depend upon the care of the parents. If parents fail to look after their children properly to give balance diet and consult the doctor to check up, improvement of child will be difficult. Educated parents become more able to understand childhood disease and adopt good treatment practices so it is believed that the prevalence rate of childhood disease in educated mothers must be lowered than the uneducated mothers (Adhikari, 1994).

In developing countries, each year more than half a million women die form maternal causes. Since nearly all of these deaths could be prevented. Efforts to prevent maternal deaths from major cause complication of unsafe abortion are crucial but inadequate in most of the world. Providing appropriate medical care immediately could prevent many future unintended pregnancies and unsafe abortions (Population Reports, 1997).

The target of safe motherhood program is to reduce maternal mortality at 400 death per 1,00,000 live births by the year of 2000 and is fulfilled by making family planning and maternal health care service more accessible and increasing quantity and quality of service outlets. Government has extended the health facilities up to village level by the end the Ninth Five year plan (MOH, 1997).

UNFPA, (1997) has published a report noted that women's social empowerment and economic security clearly contributes to, and depend on, good reproductive health. But their access to reproductive health services is constrained by their lack of resources, restrictions on social participations, and limited access to information due to illiteracy.

UN (1998), conclude that the maternal mortality is one of the leading causes of death among women of reproductive age in many developing countries. Pregnancies are associated with levels of child and maternal morbidity and mortality.

Globally 585,000 women died from the complications of pregnancy and labour (WHO 1996). More than 99 percent of deaths occurred in developing countries. Over the past few years there has been a steady improvement in many of the health indicators in Nepal, but maternal mortality in Nepal is still a subject of grate concern. The maternal mortality rate, which stands at 539/100000 lives births in one of the highest in the South East Asia region and the world. The highest causes of maternal mortality rate are the issue of poverty, malnutrition and lack of access to adequate maternity care. Nearly 90 percent of women are delivered at home without any assistance from trained medical personnel. Further more, Nepal has special problem. The main cause of maternal mortality are post partum hemorrhage 47 percentage, obstructed labor 60 percent, Eclampeia 14 percent, Puerperal sepsis 12 percent and abortion 5 percent (Shrestha, 2002)

Social exclusion is entrenched in the political, economic, and social fabric of Nepal and has been a defining feature of its historical development. In the context of Nepal, the Hindu caste system traditionally categorized people into four groups: Brahmin (scholars and priests) at the top, Chhetri (warriors) just below, then the Vaishya (merchants and traders), and lastly, Sudra (peasants/laborers). Below everyone were the occupational groups considered impure—the "untouchables," who now refer to themselves as Dalits. The Muluki Ain (Civil Code) of 1854 legally formalized the highly rigid and hierarchical caste system and brought the Adivasi Janajatis (non- Hindu indigenous nationalities) into the system with middle-rank status. Despite the abolition of caste-based discrimination in 1963, the social hierarchies and divisions remained, vesting more power and privilege in the Brahman, Chhetri, and Newar caste groups in the hills region. The consolidation of economic and political power of these groups led to further marginalization of the non-Hindus (i.e. Adivasi Janajatis and Muslims) and the Madhesis, the southern plain dwellers of the Tarai belt (the plains region of Nepal), who was not even included in the Muluki Ain. The patriarchal system also assigns women a subordinate status and position in society, which was reflected in the state-based discrimination. The new Constitution formulated after the establishment of multiparty democracy in 1990 described Nepal as a multi-ethnic, multi-lingual, and democratic state and declared all citizens equal.

Democracy provided space for diverse groups and civil society organizations, especially those based on ethnicity and caste, to assert their identities and rights. However, the political parties, who were dominated by the Brahmans, Chhetris, and Newars, did not address their disproportionate representation in governance structures, but rather maintained the status quo. The inability of government to effectively ensure more equitable political representation and inclusive development of the marginalized groups allowed the Maoist insurgents to exploit social disparities to their advantage in their People's War. The Maoist ideology of gender and class equality was able to attract a large number of women and Janajatis to their movement, despite the fact that their leadership comprised primarily of elite groups. The armed conflict established the space for a more inclusive democracy and provided an opportunity to address issues of social exclusion. The government has amended several discriminatory laws and provisions. It has shown its commitment to gender equality and social inclusion by signing a number of international conventions. Moreover, it has recognized that the barriers to inclusion are due to not only gender, caste, and ethnicity, but also to language, religion, disability, geography, and regional identity. However, unless sociocultural norms and attitudes toward gender equality and inclusion change, there will be limited real change in discriminatory practices.

Gender Equality and Social Inclusion Key Issues

In addition to the poverty that is prevalent among all social groups in Nepal, certain groups have been systematically disadvantaged because of discrimination based on gender, caste, ethnicity, religion, regional identity, and geographic location. In the country partnership strategy (CPS), socially excluded groups refer to women, Dalits, Adivasi Janajatis, Madhesis, Muslims, and groups living in remote geographical areas. Social exclusion is a cause and effect of poverty as it prevents equitable access and opportunities to services, resources, and political representation for certain groups and perpetuates unequal development outcomes. In Nepal, exclusion has also been a major factor in the decade-long armed conflict. Despite significant improvements in poverty reduction and economic and social conditions in the last decade, disparities persist. The reduction in poverty was unevenly distributed across regions, caste, and ethnic and minority groups. Poverty is still high in the midwestern and far western regions, and rural–urban disparities continue to exist with rural poverty at 35% compared to 10% in urban areas. It is among advantaged groups like the Brahmans, Chhetris, and Newars where poverty reduction has been most notable, compared to groups like Dalits, Adivasi Janajatis, and Muslims. Dalits have a high poverty incidence (46%), as do Muslims (41%), hill Janajati (44%), and Tarai Janajati (35%). By comparison, there is a lower poverty incidence among the Newars (14%) and Brahman Chhetri (18%).

Other social development indicators also uncover the unequal progress achieved for women and across certain groups. The Gender related Development Index6 shows that while gender disparity is still high in Nepal, it is highest in the rural areas, the mountains, and the midwestern region. Although there has been an increase in the proportion of economically active women, their earned income is about one third that of men and they continue to have low access to property ownership, financial credit, and political power. Female participation in political processes has been low in the past, but due to the 33% quota for women candidates in the 2008 Constituent Assembly elections and in all state and decision-making levels, female participation has increased significantly. The challenge lies in ensuring that women elected to the various political bodies are able to voice their agenda and that woman from socially excluded groups and regions are effectively represented in the political processes. Gender parity in enrollment has improved at all levels in education, but enrollment disparities across caste and ethnic groups increase with the level of education. A Dalit woman from the Tarai (plains or flatlands region of Nepal) has the lowest literacy rate at 17% compared to the national female average of 55% and male average of 81%.9 Gender gaps in literacy levels are highest among the Madhesi other caste groups, with men three times as likely to be literate as women (72% compared to 24%).

The exclusion of various groups due to their caste, ethnic, and regional identity is a major obstacle for development and poverty reduction in Nepal. Due to the exclusion of groups such as the Dalits, Adivasi Janajatis, Madhesis, and Muslims, these groups have remained poorer than other groups, have made slower progress in education and health outcomes, participate less in political and economic life, and have less access to services and resources. Brahmans and Newars generally also do better than the Dalits, Adivasi Janajatis, Madhesi other castes, and Muslims on health outcomes, including indicators such as receiving antenatal care, total fertility rate and early childhood mortality rate.

National Gender Equality and Social Inclusion Mandates

Nepal's laws, Constitution, and Civil Code contain a number of provisions that discriminate on the basis of gender, caste, ethnicity, and religion, including the provisions that formalize the caste system. Some changes were made in 1963 and 1990 to address these issues, but the Constitution continued to include discriminatory provisions, particularly in relation to citizenship and nationality, inheritance, ownership, marriage and family, employment, and education. Significant changes have been made in recent years as a result of the changed political environment and extensive policy dialogue between government, civil society organizations, and development partners. The Interim Constitution of Nepal (2007) includes provisions that support gender equality and social inclusion. It has a separate article for women's fundamental rights (Article 20) and is more inclusive toward Janajatis, Dalits, and Madhesis (the last was not even mentioned in the previous Constitution). It sets forth the right to equality and to the rights against untouchability, racial discrimination, and exploitation (e.g., forced labor). It refers to the need for all groups to be proportionately represented in the state structure (Article 21) and the right to education in one's mother tongue (Article 17). It also authorizes the State to implement measures for the "protection, empowerment and advancement of women, Dalits, indigenous nationalities, and Madhesis" (Article 13). In 2007, the government took several policy actions to increase the representation of women and excluded groups in political institutions and the civil service. The Constituent Assembly Member Election Act allocates seats to women, Dalits, ethnic groups, Madhesis, and the differently abled among others, for the 240 electoral seats under the proportional electoral system. Similarly, the 2007 amendment to the Civil Service Act reserves 45% of vacant posts for excluded groups, allocated as follows: women (33%), ethnic groups (27%), Madhesis (22%), Dalits (9%), differently abled (5%), and backward regions (4%) to increase the effectiveness and responsiveness of the civil service. In addition, an action plan has been prepared to strengthen the registration of birth, death, marriage, divorce, and migration to promote more inclusive planning and to facilitate the acquisition of legal identity by all citizens.

International Gender Equality and Social Inclusion Commitments

Nepal has undertaken a number of international commitments to nondiscrimination, gender equality, and social justice. The Convention on the Elimination of All Forms of Discrimination against Women, which was ratified by Nepal in 1991, includes articles on the elimination of discrimination in public life, civil status, education, employment, health care, and other aspects of social and economic life. Parties to the convention must report every 4 years to a United Nations (UN) committee on the measures they have taken to give effect to the convention. The UN committee that reviewed Nepal's progress in 2004 recommended expedited action to amend discriminatory laws. Nepal's progress will be reviewed again in 2011 and the report laready submitted reviews steps taken and remaining challenges.

The 1995 Beijing Platform for Action has also provided impetus to address gender inequality. The Government of Nepal formulated a national plan of action to implement the 12 critical areas of concern, including women's poverty, access to education, health services, participation in decision making, and violence against women. Progress in these areas continues to be monitored through periodic international discussions and by nongovernment organizations (NGOs), most recently for the 2010 Beijing+15 meetings. Other important international agreements related to gender equality include the outcome of the 1994 International Conference on Population and Development (ICPD) and ICPD+10, which set out commitments to ensuring women's reproductive health and rights as well as other health services. The 2000 Millennium Development Goals (MDGs) set out targets for poverty reduction, universal primary education, gender equality and women's empowerment, and maternal health. The United Nations Security Council Resolution (UNSCR) 1325 establishes legal standards to ensure the meaningful participation of women in the peace process.

Nepal has also undertaken commitments to address other grounds for disadvantage. The International Convention on the Elimination of All Forms of Racial Discrimination, 1971, obliges Nepal to secure the human rights of Dalits, who have faced caste-based discrimination for centuries and continue to do so despite its legal prohibition. Nepal's 2007 ratification of the United Nations Declaration on the Rights of Indigenous People and International Labor Organization (ILO) Convention 169 (Indigenous and Tribal Peoples Convention) shows its commitment to the rights of indigenous nationalities. Article 3 of the Declaration, in particular, states that indigenous peoples have the right to self-determination, and by virtue of that right they can freely determine their political status and freely pursue their economic, social, and cultural development. A task force that includes representatives of relevant ministries as well as organizations representing indigenous nationalities7 has been formed to support implementation of ILO Convention 169. The government plans to review current laws and policies that contradict the provisions of this convention and to amend them as required. However, mainstreaming the rights of Adivasi Janajatis as affirmed in Convention 169 will pose challenges as contentious issues related to land reform, the territorial aspects of self-determination, and management of natural resources will need to be addressed.

Development Planning

The Government of Nepal has been committed to addressing gender discrimination since its first Five-Year Plan in 1956. This plan pursued a welfare approach focused on women's reproductive role. This was continued in subsequent plans until the Sixth Five-Year Plan (1980–1985) introduced an approach with an efficiency and equity orientation (often referred to as women in development approach). However, a paradigm shift from women in development in gender and development was evident in the Ninth Five-Year Plan (1997–2002), the subsequent Tenth Five-Year Plan (2002–2007), and the current Three-Year Interim Plan (2008–2011). These periodic plans have pursued gender equality and women's empowerment through a gender mainstreaming strategy.

Issues of social exclusion and discrimination against Dalits, Adivasi Janajatis, Muslims, and Madhesis have come to the forefront more recently, once the post-1990 democratic movement opened the space for public debate on Nepal's ethnic groups. These are groups that are not integrated into the Hindu caste system, but had ties to specific locations and distinct languages and cultures. The government began to address the concerns of the Adivasi Janajatis in the Ninth Five-Year Plan (1997–2002). The Tenth Five-Year Plan (2002–2006), which was also Nepal's Poverty Reduction Strategy Paper, was the first and most comprehensive statement about inclusion. It identified social exclusion as a fundamental development challenge and acknowledged that exclusion and the lack of voice and political representation were major reasons for the deprivation experienced by women and certain caste and ethnic groups and one of the factors fueling the conflict. The strategy paper included separate chapters on Dalits and Adivasi Janajatis and identified specific programs to be implemented. However, it failed to specify targets to be achieved, particularly in important sectors such as education and health, and it failed to reach or benefit highly marginalized Janajati groups and Dalits.

The government's Three-Year Interim Plan (2007–2010) and the National Development Strategy (2009/10–2011/12) aim to redress these implementation gaps. Improved access to services for the excluded groups may be achievable within the time frame, but the institutional and attitudinal changes that are needed will require more time. The UN Special Rapporteur on the situation of human rights and fundamental freedoms of indigenous people also found that government ministries (other than the Ministry of Local Development) have yet to make significant progress in developing and implementing policies, programs, and action plans to address the needs of Adivasi Janajatis.

Institutional Framework

The Ministry of Women, Children and Social Welfare (MWCSW) is the key ministry for the promotion of gender equality and women's empowerment. It also coordinates initiatives related to children and social welfare (which includes the elderly and people with disabilities). The Department of Women Development under the MWCSW looks after women's and children's programs and implements them through its Women Development Offices, which are the key gender focal points in the districts. At all levels—ministry, department, and district—effectiveness is constrained by inadequate resources and weak capacity. The main issue is that the key agencies are not adequately equipped to operate in three different areas (gender equality, children, and social welfare). Another shortcoming is that the women-targeted programs of the Department of Women Development and the Women Development Offices do not adequately address issues of diversity among women, although there is increasing awareness of the need to do so. However, there have also been some successes: the MWCSW's Mainstreaming Gender Equity Program, funded by the United Nations Development Program (UNDP), contributed to a more gender-aware approach to the 2001 national census and in the Tenth Five-Year Plan.

Gender Equality and Social Inclusion Units have been formed in the ministries of health and population, and agriculture and cooperatives, education and, more recently, the Ministry of Local Development. Central agencies have also taken initiatives to guide the government in its approach to gender mainstreaming. The Ministry of Finance established the inter-ministerial Gender-Responsive Budget Committee with the mandate to design a methodology to monitor sectoral budget allocations and public expenditures from a gender perspective and to assess the impact of development policies on women and men. The National Planning Commission formulated a "gender management system" and a classification system of programs and projects using the gender code in 2005–2006. The Ministry of Local Development developed a Gender Budget Audit Guideline (2008)13 to guide local bodies in mainstreaming gender into the planning and program cycles. With the support of the Asian Development Bank (ADB) (under RETA 6143: Technical Assistance for Promoting Gender Equality and Women's Empowerment), the Ministry of Agriculture and Cooperatives, the Ministry of General Administration, and the Ministry of Education and Sports have prepared gender strategies that focus on alleviating constraints and creating new opportunities in their sectors for women. However, all these initiatives focus on gender and omit the other dimensions of exclusion. There are also continuing institutional gaps in key sectoral ministries such as those working with infrastructure development (including the ministries of physical planning and works, energy, labor, irrigation, and water resources).

Another potential key actor in promoting and protecting women's rights is the National Women's

The commission, which was established by statute in 2007. Although the commission is in principle an autonomous body, it has been highly politicized since its formulation. Other problems include an unclear mandate, overlapping of responsibilities with the ministry, and limited resources. The National Foundation for Development of Indigenous Nationalities is an autonomous body that works for the betterment of the Adivasi Janajatis. The National Dalit Commission represents the political interests of Dalits but is under the authority of the Ministry of Local Development rather than an autonomous body, which diminishes its ability to defend Dalit rights. It also lacks a clear mandate and resources and remains highly politicized. The National Committee for Development of Dalit Community receives funds from the Ministry of Local Development to implement programs targeted at Dalits.

Role of Development Partners in Gender Equality and Social Inclusion

Most development partners have adopted gender equality and social inclusion as cross cutting issues in their programs. More recently, development partners have formed a Social Inclusion Action Group to share knowledge and experience and to influence policy development at the national level. A general view among development partners is that a common framework or mapping of social inclusion and social excluded groups are needed to improve and harmonize targeting and outcome monitoring. The World Bank, Department for International Development of the United Kingdom, and SNV (the Netherlands development organization) have led research and knowledge generation on social-exclusion issues. The United Nations Development Fund for Women (UNIFEM) has been providing assistance to the Ministry of Finance on gender budgeting.

Organizational commitment to diversity and inclusiveness has yet to be reflected in the staff composition of many organizations. A recent survey of selected organizations (including international and other nongovernment, bilateral, and multilateral organizations) found an overrepresentation of Brahman and Chhetri and an underrepresentation of Dalits and Janajatis. Dalits were only 3.8% of employees, but 17.7% of the overall population and Janajatis were 18.3% of employees but 34.2% of the population. On the other hand, Brahman and Chhetri were 54.2% of employees, but only 31.7% of the population, and Newars were 23.7% of employees but 5.7% of the population. UN agencies and the Swiss Agency for Development Cooperation are among the agencies that have developed workforce diversity policies to promote inclusiveness in their organizations.

Gender and Social Exclusion in Nepal and Its Development Outcomes

Improvements in social and economic conditions in recent years include greater access to roads, irrigation, safe drinking water, schooling, and health care. The government has also made notable efforts with regard to gender equality and women's empowerment. However, discriminatory institutions and structures, ideology, and social norms continue to limit women's progress. The United Nations Development Program (UNDP) Gender Empowerment Measure, which considers whether women are active in public and economic life, indicates that women's participation and representation remain lower than that of men in the political, economic, and professional domains. Although there has been an increase in the proportion of economically active women, their earned income is about one-third that of men and women continue to have low access to property ownership, financial credit, and political power.

Caste, ethnicity, and regional identity and geographical location are also strong determinants of poverty and unequal development outcomes. While Nepal succeeded in reducing poverty rates from 42% in 1996 to 31% in 2004, some groups benefited more than others. Poverty monitoring by the Central Bureau of Statistics shows that poverty remains high in the Midwestern and far-western regions, and that poverty rates are higher in rural areas (35%) than in urban areas (10%). The advantaged groups experienced greater declines in poverty (with current rates among Newars of 14% and Brahman and Chhetri of 18%) than socially excluded groups (with current rates among Dalits of 46%, Muslims 41%, hill Janajati 44%, and Tarai Janajati 35%).

Other social development indicators also reveal unequal outcomes for women in different groups and regions. The Gender-related Development Index, which adjusts the Human Development Index (HDI) to reflect the extent of gender disparity, shows that gender disparity is high overall, but highest in rural areas, the mountains, and the midwestern development region. The interaction between gender and other factors of exclusion is also evident in literacy rates. Dalit women from the Tarai belt have the lowest literacy rate at 17%, compared to the national female average of 55% and male average of 81%. The gender gap in literacy is highest among the Madhesi other caste groups, with men three times as likely to be literate as women (72% versus 24%). The Social Exclusion Index, developed by the National Planning Commission found that the most excluded caste and ethnic groups have higher gender differentials as well, with the highest gender differentials among the Dalits, followed by Muslims and Tarai Janajatis.

Differences among groups are also evident in that the HDI is higher in urban than rural areas (0.630 versus 0.482), in the central region compared to the mid-west (0.531 versus 0.452), and among Brahman and Chhetri (0.552) compared to Dalits (0.424) and Muslims (0.401).21 Other human development indicators show that Brahmans and Newars generally also do better than the Dalits, Adivasi Janajatis, Madhesi other castes, and Muslims on health indicators, including antenatal care, total fertility rates, and early childhood mortality. Due to legal and socio-cultural norms in Nepal, women and socially excluded groups experience poverty and inequality to a greater degree. The government, development partners, international and national NGOs, and civil society have undertaken policy and institutional reforms in various sectors to promote increased and more equitable development outcomes.

Conclusion

Exclusion has been a cause and result of unequal development in Nepal. The incidence of poverty in the country has decreased, but poverty rates among excluded groups continue to be higher than the national average. Development outcomes across all sectors show that gender, caste, ethnicity, geographical location, regional identity, and economic status are strong determinants of access to services, resources, and political representation. The inclusion agenda is now firmly placed in the development discourse and several efforts have been initiated at the policy, legal, institutional, and programming levels. Nepal has taken progressive steps toward greater gender equality throughout the past 5 decades of planned development. Important legal amendments have been made to strengthen women's rights in key areas such as citizenship, inheritance, and anti-trafficking. There has also been progress in health and education outcomes for women. More recently, the political representation and participation of excluded groups has been ensured in all governance structures. It is now understood that social exclusion is both a structural and a social problem. While the government has made strong efforts in legal reform and institutional changes, achieving gender equality and transforming Nepal into a more inclusive democracy will also require changes in public attitudes. Policy and program approaches that can contribute to removing these barriers include attention to identifying the excluded, the causes of their exclusion, and appropriate context-specific responses. Also required are “coalitions of change” that bring together excluded groups and allies among the elite who are in a position to influence change.

References

Action Aid Nepal. 2003. Existing Practices of Caste- Based Untouchability in Nepal and Strategy for a Campaign for its Elimination. Kathmandu: ActionAid.

ADB. 2008. Nepal: Institutional Audit of the Department of Women Development and its Women

Anaya, James. 2009. *Report by the Special Rapporteur on the Situation of Human Rights and Fundamental Freedoms of Indigenous People: Report on the Situation of Indigenous Peoples in Nepal.* United Nations Human Rights Council A/HRC/12/34/Add.3. http://www2.ohchr.org/ English/bodies/ hrcouncil/docs/12session/AHRC-12-34-Add3_E. Pdf

Bennett, Lynn, Dilli Ram Dahal, and Pav Govindasamy. 2008. *Caste, Ethnic and Regional Identity in Nepal*: Further Analysis of the 2006 Nepal Demographic and Health Survey.

Bhadra, Chandra and Mani Thapa Shah. 2007. *Nepal: Gender Country Profile.* Report prepared for JICA, Kathmandu. www.jica.go.jp/ activities/issues/ gender/pdf/e06nep.pdf

Bhadra, Chandra. 2008. *Report on the Midterm Review of ADB Country Strategy and Program and ADB Assisted Projects in Nepal: Gender Assessment*. Report submitted to ADB Nepal.

Calverton, Maryland, USA: Macro International. www.measuredhs.com/pubs/pdf/FA58/FA58.pdf

Center for Rural Technology Nepal. 2005. National Energy Survey Report Nepal – Focus on Renewable Energy & Poverty Reduction. Submitted to International Network for Sustainable Energy. www.inforse.org/asia/ word_docs/Nepal-sust-energy-poverty.doc

Country Partnership Strategy (2010–2012). ADB Nepal Resident Mission, Kathmandu.

Decentralized Rural Infrastructure and Livelihood Project: Rural Infrastructural Sub-sector Policy on Gender (Draft) (2009).

Development Offices. TA 4767-NEP. ADB Nepal Resident Mission, Kathmandu. Resident Mission, Kathmandu.

Island, Aadne and Marit Haug. 2008. *Social Exclusion in Nepal – Stronger or Weaker? NIBR*

Review of Rural Energy Strategy (2006) in the Alternative Energy Promotion Centre (AEPC) /Energy Sector Assistance Program. Strategy on Gender and Social Inclusion.

Working Paper 115. Norwegian Institute for Urban and Regional Research, Oslo. http:// en. nibr. no/publications/notes/989. ■

'चुनारगढकी बन्दिनी' कथाको समाजशास्त्रीय अध्ययन

✍ सुष्मा तिमल्सिना

सार

प्रस्तुत शोधलेख शिवकुमार राईद्वारा लेखिएको चुनारगढकी बन्दिनी कथामा चित्रित समुदायको पिँढीगत अवस्था र तिनले गरेको अनुभूतिको अध्ययनसँग सम्बद्ध छ । यसमा कथाले समेटेको खास कालखण्डको पन्जाब र अङ्ग्रेजका बिचको द्वन्द्वको समयमा विद्यमान पिँढीहरू, तिनका सांस्कृतिक सन्दर्भहरू र उक्त पिँढीगत प्रभुत्वका परिप्रेक्ष्यमा ती पिँढीहरूले गरेका विशिष्ट अनुभूतिको संरचना पहिल्याउने काम गरिएको छ । यसका लागि बेलायती समाजशास्त्री रेमन्ड विलियम्स (सन् १९२१-१९८८) को साहित्यको समाजशास्त्रीय मान्यता 'अनुभूतिको संरचना' सम्बन्धी मान्यतालाई कृति विश्लेषणको मुख्य आधार बनाइएको छ । अध्ययनको अन्त्यमा समाजमा विद्यमान प्रभुत्वशाली पिँढीले आफ्नो सम्पूर्ण शक्तिको चौतर्फी प्रयोगबाट अर्को पिँढीलाई ज्ञान, शक्ति, आर्थिक हैसियतलगायत जीवनका सबै क्षेत्रमा प्रभुत्व जमाउँछ र अघिल्लो पिँढीले पछिल्लो पिँढीमाथि प्रभुत्व कायम गरेको स्थितिले दबाव र तनावको अनुभूतिहरू कथामा सशक्त रूपमा आएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

मुख्य शब्दावली : अधीनस्थ पिँढी, अनुभूति, प्रभुत्वशाली, समाज व्यवस्था, संरचना आदि ।

विषय परिचय

'चुनारगढकी बन्दिनी' कथामा अनुभूतिको संरचना निरूपण गर्नु नै प्रस्तुत लेखको मुख्य विषय हो । शिवकुमार राई (वि.सं. १९७६-२०५२) द्वारा लिखित 'चुनारगढकी बन्दिनी' कथा सामाजिक यथार्थवादी कथा हो । 'चुनारगढकी बन्दिनी' कथा पन्जाब केशरी रणजित सिंहकी रानी चन्द्रकुँवारीसँग सम्बन्धित रहेको छ । पन्जाब केशरी महाराज रणजित सिंह एक कुशल राजनीतिज्ञ, प्रशासकका साथै पराक्रमी र साहसी राजा हुन्छन् । उनको यसै गुणले गर्दा पन्जाबको छिमेकी राष्ट्र बेलायत सतर्क भएको हुन्छ । महाराज रणजित सिंहको असामयिक निधन भएपछि पन्जाब क्रमशः कमजोर र विखण्डित हुँदै जान्छ ।

पन्जाब कमजोर भएको मौका छोपी अङ्ग्रेजहरूले पन्जाबमाथि आफ्नो कब्जा जमाउन पुग्दछन् । नाबालक युवराज दिलीप सिंहलाई बेलायत नै लगेर रानी चन्द्रकुँवारीलाई चुनार दुर्गमा नजरबन्द गरेर राख्दछन् । रानी चन्द्रकुँवारी चुनारको दुर्गबाट छद्मवेशमा भागेर बनारस पुगेपछि नेपालका तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले भेटी स-सम्मान नेपाल ल्याएर आश्रय दिन्छन् । यसरी यस कथाले समेटेको मूल विषयको सामाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ ।

अनुभूतिको संरचना बेलायती चिन्तक रेमन्ड विलियम्स (१९२१-१९८८) को समग्र चिन्तनमा पाइने केन्द्रीय मान्यता हो । चिन्तक रेमन्ड विलियम्सले भित्र्याएको यो अवधारणालाई सन् १९५४ मा प्रकाशित लेख 'प्रिफेस टु फिल्म एन्ड ड्रामाटिक ट्रेडिसन' मार्फत पहिलो पटक प्रयोग गरेका हुन् । समाज र संस्कृतिबिचको सम्बन्धका केन्द्रीय व्याख्याता रेमन्ड विलियम्सको अध्ययन संस्कृति केन्द्रित रहेको छ । उनका अनुसार समाजमा संस्कृति पनि आर्थिक, राजनीतिक व्यवहार जस्तै आधारभूत व्यवहार हो । यो समग्र जीवन पद्धति हो । यसको स्वरूप अनुभूतिपरक हुन्छ । उनले अनुभूतिको संरचनालाई एक कालखण्डको संस्कृति भनेका छन् । विलियम्सले विचारभन्दा पनि अनुभूतिलाई, वर्गभन्दा पनि समुदायलाई र सामाजिक संरचनाभन्दा पनि पिँढीलाई महत्त्व दिएका छन् । अनुभूतिको संरचना कुनै एक कालखण्डको अनुभूति भए तापनि यो सर्वत्र समान भने हुँदैन । अनुभूतिको संरचनालाई पिँढीगत परिप्रेक्ष्यमा हेर्न सकिने र त्यस क्रममा प्रभुत्वशाली पिँढी र अधीनस्थ वा वैकल्पिक पिँढी शासकतुल्य वा प्रभुत्वशाली हैसियतमा हुन्छ । दोस्रो पिँढीले अघिल्लो पिँढीको प्रभुत्वका विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनावको अवस्था सिर्जना हुन्छ । त्यसैको समाधान स्वरूप दोस्रो पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ र त्यसैले नयाँ अनुभूतिको संरचनालाई जन्म दिन्छ (पाण्डेय, २०७३, पृ.३१-३५) । यस कथालाई साहित्यको समाजशास्त्रको विभिन्न सिद्धान्तका आधारमा अध्ययन गर्न सकिने भए तापनि यस लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तअन्तर्गत एउटा महत्त्वपूर्ण सिद्धान्तका रूपमा रहेको अनुभूतिको संरचनाभित्रका समुदाय र पिँढीका साथै दबाब र तनावका आधारमा मात्र अध्ययन विश्लेषण गरिएको छ ।

अध्ययन विधि

प्रस्तुत शोधलेखमा शिवकुमार राईद्वारा लेखिएको चुनारगढकी बन्दिनी कथाको अनुभूतिको संरचनाका आधारमा विश्लेषण गरिएको छ । तसर्थ यहाँ चनारगढकी बन्दिनी कथालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ । कथा विश्लेषणको अवधारणा

निर्माणका लागि अनुभूतिको संरचना सम्बन्धी सैद्धान्तिक पुस्तकहरू र लेखहरूको उपयोग गरिएको छ। फ्रन्टियर कथाका बारेमा विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख-रचना तथा स्वतन्त्र अध्ययनलाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ। यो साहित्यिक शोध भएकाले यसमा गुणात्मक शोधढाँचाको प्रयोग गरिएको छ । त्यसमा पनि मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । चुनारगढकी बन्दिनी कथाको सूक्ष्म पठन गरेर यसमा अनुभूतिको संरचनाका सूचकको पहिचान गर्दै शोध्य प्रश्नहरूको उत्तर खोज्ने काम गरिएको छ।

सैद्धान्तिक पर्याधार

अनुभूतिको संरचना अङ्ग्रेजीको 'स्ट्रक्चर अफ फिलिङ' को नेपाली रूपान्तरण हो । यस पदावलीमा 'अनुभूतिको' र 'संरचना' गरी दुईओटा पदहरूको प्रयोग भएको छ । यी दुवै पदहरूको अन्वय गर्दा बनेको अनुभूतिको संरचनाबाट अनुभवको बनोट पूर्ण ज्ञानको बनावट वा ढाँचा भन्ने अर्थ निष्पत्ति हुने देखिन्छ (पौडेल, २०६८, पृ. १९) । बेलायती साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचना साहित्यलाई समाज र संस्कृतिसँग जोडेर समीक्षा गर्ने महत्त्वपूर्ण मान्यता हो । रेमन्ड विलियम्सले बेलायतको अभिजात वर्गसँग सङ्घर्ष गर्दै संस्कृति, साहित्य र समाजसम्बन्धी आफ्ना मान्यता प्रस्तुत गरेका छन्। विलियम्स समाजलाई सांस्कृतिक गतिविधिका रूपमा लिन्छन् । प्रत्येक पुस्तामा नयाँ संस्कृति निर्माण भइरहेको हुन्छ तर पूरानो संस्कृतिको पुस्ताले परिवर्तित सांस्कृतिक पक्षलाई स्वीकार्न चाहँदैन । नयाँ संस्कृतिमा नवीन अर्थ, मान्यता र अभ्यास हुन्छन्। नयाँ मान्यता बढ्दै जान्छन् तर तिनको आधार भने पुरानै प्रभुत्वशाली संस्कृति नै भएकाले यी दुईबिच टड्कारो भिन्नताचाहिँ देखिँदैन तथापि नयाँ संस्कृति पूरानो संस्कृतिको विकल्प र विरोधीका रूपमा नै उत्पन्न हुन्छ (विलियम्स, इ.२०१६, पृ.१२९-१३०)। विलियम्सका विभिन्न पुस्तकमा छरिएर रहेका संस्कृति सम्बन्धी अध्ययनको केन्द्रीय धारणा मानिने 'अनुभूतिको संरचना' को समष्टि सार के हो भने मानव समुदायको हरेक पुस्ता एक किसिमको अनुभूतिलाई समाजमा सञ्चरण गर्दछ र त्यही त्यस पुस्ताको संस्कृति हो । यस किसिमको सांस्कृतिक सह-सम्बन्धमा समाज जीवन्त बन्दछ तर नयाँ पुस्ता सधैँ त्यो दबावबाट मुक्त हुन खोज्दछ। यही दबाब र मुक्तिको द्वन्द्वात्मक रूपको प्रस्तुति साहित्यिक कृतिमा पाइन्छ। त्यसैले समाजमा विद्यमान संस्कृति र त्यसको पनि सारभूत तत्त्व अनुभूतिको संरचनाका आधारमा साहित्यिक कृतिको सामाजिक पक्ष उद्घाटन हुन्छ भन्ने मान्यता नै यसको मुख्य पक्ष हो (गड्तौला, २०७४, पृ. ४३-४४) । विलियम्सले अनुभूतिको संरचनाको व्याख्याका क्रममा विश्लेषणका लागि

मूलतः दुई आधार प्रस्तुत गरेका छन् । कृतिमा अभिव्यक्त पिँढीगत समुदाय तिनको र तिनीहरूबिचको अन्तरसम्बन्धको खोजी तथा अर्को दबाब र तनावको परिप्रेक्ष्यमा एकै कालखण्डमा पिँढीगत अनुभूतिको अवस्था समावेश हुन्छ । यिनै दुई तत्त्वलाई नै रेमन्ड विलियम्सको समाजशास्त्रीय अध्ययनको मुख्य आधार मान्न सकिन्छ ।

वर्ग, समुदाय/पिँढी

रेमन्ड विलियम्सले अनुभूतिको संरचनाको व्याख्या गर्ने क्रममा विचारभन्दा अनुभूतिलाई र वर्गभन्दा समुदाय/पिँढीलाई जोड दिएका छन् । विलियम्सले वर्गभन्दा पिँढीलाई किन जोड दिए र पूर्व मानकभन्दा उनले अघि सारेको समुदाय/पिँढीगत मान्यता कुन अर्थमा भिन्न हो भन्नेबारे स्पष्ट हुन यहाँ वर्गसम्बन्धी धारणा र समुदाय/पिँढीगत मान्यताको विवेचना गर्नु उपयुक्त देखिन्छ । विलियम्सले साहित्यको समाजशास्त्रीय विश्लेषणका वर्गभन्दा पिँढी वा समुदायलाई जोड दिँदै यसबारे आफ्ना मान्यताहरू अघि सारेका छन् । कतिपय विद्वान्हरूले उनको यस मान्यतालाई अमूर्त र जटिल धारणाका रूपमा व्याख्या गरे पनि उनले प्रस्तुत गरेको समुदाय वा पिँढीगत अवधारणा अनुभूतिको संरचनाका सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण पक्षका रूपमा रहेको छ (पौडेल, २०७२, पृ. २०) । विलियम्सको अवधारणा समुदाय वा पिँढीसँग सम्बन्धित छ । उनी कम्तीमा तीन पिँढीको कुरा गर्छन् । उनका विचारमा समाजमा प्रायः पहिलो पिँढी शासकतुल्य र प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो (अझ तेस्रो) पिँढीले अघिल्लो पिँढीको प्रभुत्वमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसको समाधान स्वरूप (तेस्रो) पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ र त्यसले नयाँ अनुभूतिको संरचना जन्माउँछ । यसैकारण विलियम्स यस पिँढी वा समुदायलाई प्रभुत्वशाली संस्कृतिको उत्पादक समूहको संज्ञा दिन्छन् । यसरी प्रत्येक कालखण्डका समाजमा यी पिँढी वा समुदायका आफ्नो अनुभूति हुन्छन् र हरेक कलाकृति यही अनुभूतिको संरचनाकै उपज हुन्छ भन्ने धारणा विलियम्स व्यक्त गर्दछन् (पाण्डेय, २०७३, पृ.३५) । यसरी विलियम्सले समाजमा तीन पिँढी हुने र ती पिँढीले समाजमा गरेका क्रिया-प्रतिक्रियाको क्रममा गरेको अनुभूति नै साहित्यिक रचनामा व्यक्त हुन्छ भन्नु नै विलियम्सको मान्यता हो ।

दबाब र तनाव

समाजमा रहने सांस्कृतिक स्वरूप र स्तरको चर्चा गरिसकेपछि विलियम्सले दबाब र तनावका सन्दर्भबाट देखा पर्ने भिन्न-भिन्न अनुभूतिको संरचनाको स्वरूपलाई पुष्टि गर्ने काम गरेका छन् । सामाजिक आदर्श वा नैतिकताबाट जन्मिने अनुभूतिले उच्चरण नगरी

वा प्रत्यक्ष नभई कुनै स्पष्ट र मूर्त किसिमको दबाब जन्माउन सक्छ । समाधानका रूपमा यसमा प्रभुत्वशाली संस्कृतिलाई पछाडि छाड्ने र नयाँ संस्कृति विकसित गर्ने तथ्य हुन्छ । यसै आधारमा विलियम्सले समाधानतर्फ उन्मुख सामाजिक अनुभूतिको संज्ञा दिएका छन् । विलियम्सले समाजमा तीन पिँढी हुने र ती पिँढीले समाजमा गरेका क्रिया-प्रतिक्रियाबाट दबाब र तनावको अवस्था सिर्जना हुने अनि त्यसै अवस्थाबाट प्राप्त अनुभूतिले सांस्कृतिक संरचनात्मक स्वरूप प्राप्त गर्ने कुरा उल्लेख गरेका छन् । विलियम्सले दबाब र तनावको सन्दर्भमा जुन सन्दर्भको व्याख्या गरेका छन् त्यसमा प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीलाई गर्ने दमनबाट सिर्जित अनुभूतिमा मात्र सीमित राख्दैन । वैकल्पिक पिँढी समाधानतर्फ रहँदा प्रभुत्वशाली रहेको पिँढीको प्रभुत्वविरुद्ध गर्ने प्रतिरोध र त्यसै प्रतिरोधको चाप-प्रतिचापबाट प्रभुत्वशाली पिँढी वा समुदायमाथि पर्ने तनावको अनुभूति पनि यसमा पर्दछ । यसर्थ यो प्रतिचापबाट सिर्जित हुने अनुभूतिको भिन्न-भिन्न स्तरको संरचनाका रूपमा रहेको हुन्छ । जसका कारण एउटै कालखण्डमा पनि सांस्कृतिक समुदाय अनुरूप अनुभूतिको स्तर पनि फरक-फरक हुन्छ (भण्डारी, २०७०, पृ.२९) । अनुभूतिको संरचनाका माध्यमबाट कुनै कालखण्डको समाजभित्रका समुदायबिचको अन्तरसम्बन्ध, त्यस अन्तरसम्बन्धका क्रममा सिर्जना हुने दबाब र तनाव अनि त्यसले जन्माउने विशिष्ट अनुभूतिसँगै त्यस दबाब र तनावको समाधान स्वरूप देखा पर्ने प्रयासले निर्माण गर्ने अर्को अनुभूति आदिको समग्रताको अध्ययन गर्न सकिन्छ ।

'चुनारगढकी बन्दिनी' कथामा पिँढी र प्रभुत्व

'चुनारगढकी बन्दिनी' कथा पन्जाब केशरी रणजित सिंहकी रानी चन्द्रकुँवारीसँग सम्बन्धित रहेको छ । यस कथाले तत्कालीन नेपालका महाराजधिराज श्री ५ सुरेन्द्रविक्रम र तत्कालीन नेपालका प्रधानमन्त्री जङ्गबहादुर राणाका प्रसङ्गहरू उल्लेख गरी नेपाली जातीयताको गौरवमय परम्परामाथि प्रकाश पारेको छ। रानी चन्द्रकुँवारी अङ्ग्रेजहरूले थुनेर राखेको चुनारगढ किल्लाबाट छद्मवेशमा भाग्छिन् । बनारस पुगेपछि उनलाई नेपालका राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको सहायताले अयोध्या हुँदै सुरक्षाका साथ काठमाडौँ पुऱ्याई स-सम्मान आश्रय दिएर तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले नेपालको सर्वभौमसत्ताको अत्यन्त गर्विलो परिचय दिएका छन् । पन्जाब केशरी महाराज रणजित सिंह एक कुशल राजनीतिज्ञ, प्रशासकका साथै पराक्रमी र साहसी राजा हुन्छन् । उनको यसै गुणले गर्दा पन्जाबको छिमेकी राष्ट्र बेलायत सतर्क भएको हुन्छ । महाराज रणजित सिंहको असामयिक निधन भएपछि पन्जाब क्रमशः कमजोर र विखण्डित हुँदै जान्छ । पन्जाब कमजोर भएको मौका छोपी अङ्ग्रेजहरूले पन्जाबमाथि आफ्नो कब्जा जमाउन

पुग्दछन् । नाबालक युवराज दिलीप सिंहलाई बेलायत नै लगेर रानी चन्द्रकुँवारीलाई चुनार दुर्गमा नजरबन्द गरेर राख्दछन् । रानी चन्द्रकुँवारी चुनारको दुर्गबाट छद्मवेशमा भागेर बनारस पुगेपछि नेपालका तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले भेटी स-सम्मान नेपाल ल्याएर आश्रय दिन्छन् । यसरी यस कथामा घटेका मुख्य घटनाहरूलाई हेर्दा शक्तिका आधारमा समुदाय/पिँढीको अध्ययन गर्न सकिने देखिन्छ ।

यस कथामा पन्जाबका महाराज रणजित सिंहको पराक्रम र साहसदेखि सतर्क भएको बेलायतले रणजित सिंहको मृत्युपश्चात् पन्जाब कमजोर भएको मौका छोपी पन्जाबमाथि आफ्नो आधिपत्य जमाउन खोजेको छ । युवराज दिलीप सिंहलाई अङ्ग्रेजी शिक्षा दिने बहानामा बेलायत लगेर रानी चन्द्रकुँवारीलाई चुनारगढ दुर्गमा नजरबन्द गरी शक्तिका आडमा पन्जाबमाथि आफ्नो आधिपत्य जमाई प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेको कुरालाई कथावाचकद्वारा अभिव्यक्त तलको साक्ष्यले पुष्टि गर्दछ :

> १८४९-४९ को दोस्रो अङ्ग्रेज-सिख युद्धपछि अङ्ग्रेजहरूले पन्जाबलाई आफ्नो राज्यमा मिलाए औ दस-बाह्र वर्षका राजकुमार दिलीप सिंहलाई अङ्ग्रेजहरूले बेलायत लिएर गए । रानी चन्द्रकुँवारी एक्लै चुनार दुर्गमा रहन लागिन् । अङ्ग्रेजहरूले तिनका निमित्त भत्ता, नोकर-चाकर, प्रहरीको व्यवस्था गरिदिएका थिए तापनि तिनी राज्यच्यूता रानी, छोरो, अङ्ग्रेजहरूको हात बन्धक रहेकी आमा थिइन् । अङ्ग्रेजहरूले तिनलाई रानीकै सम्मान दिएर चुनारको गढमा राखेका थिए तापनि रानीलाई राम्ररी थाहा थियो कि तिनी अङ्ग्रेजहरूको हात एक बन्दिनी मात्र थिइन्, चुनारको दुर्गमा तिनी नजरबन्द गरिएकी थिइन् । (पृ.३६०)

यस साक्ष्यमा पन्जाब महाराज रणजित सिंहको मृत्युपश्चात् पन्जाबमाथि युद्ध गरी बेलायतले पन्जाबलाई आफ्नो बनाएको स्पष्ट हुन्छ । पन्जाब कमजोर र विखण्डित हुने अवस्थामा पुगेको चाल पाएपछि अङ्ग्रेजहरूले पन्जाबसँग युद्ध गरेर विजय हासिल गरेका छन् । पन्जाबमाथि विजय हासिल गरेपछि नाबालक युवराज दिलीप सिंहलाई अङ्ग्रेजी शिक्षा दिने प्रलोभनमा बेलायत नै लगेर राखेका छन् । रानी चन्द्रकुँवारीलाई नजरबन्द गरेर चुनारको दुर्गमा राखेका छन् । रानी चन्द्रकुँवारीलाई अङ्ग्रेजहरूले सम्पूर्ण सुख-सुविधा र सम्मान दिए पनि उनलाई नजरबन्द गरिएको हुन्छ । यसरी यस कथामा अङ्ग्रेजहरूले आफू पन्जाबभन्दा शक्तिशाली भएका कारण पन्जाबलाई युद्धमा हराएर र युवराजमा समेत आफ्नो कब्जा जमाएर शक्तिका आडमा प्रभुत्वशाली बन्न पुगेका छन् । शक्तिशालीले कमजोरमाथि आधिपत्य जमाउने तत्कालीन सामाजिक संस्कृति रहेकै कारण आफूभन्दा कमजोर भएको मौकामा पन्जाबमाथि कब्जा जमाउन सफल अङ्ग्रेजहरूको व्यवहारले यस

कथामा प्रभुत्वशाली संस्कृतिको प्रतिनिधित्व गरेको छ । महाराज रणजित सिंहको मृत्यु र युवराज नाबालक भएका कारण कमजोर भएको पन्जाब अङ्ग्रेजसँग युद्धमा पराजित भएर अङ्ग्रेजको प्रभुत्व सहन बाध्य रानी चन्द्रकुँवारीलगायत सम्पूर्ण पन्जाबीहरूले अधीनस्थ वर्गको प्रतिनिधित्व गरेको स्पष्ट हुन्छ ।

शक्तिका आडमा प्रभुत्वशाली ठहरिएका अङ्ग्रेजहरूले रानीलाई नजरबन्द गरी युवराजमा अङ्ग्रेजी शिक्षा मात्र नभएर अङ्ग्रेजी सभ्यता, धर्म र संस्कृतिमा अभ्यस्त बनाएर पन्जाबमाथिको प्रभुत्वलाई सुनिश्चित गर्न खोजेको कुरालाई कथावाचकद्वारा अभिव्यक्त तलको साक्ष्यले पुष्टि गर्दछ :

> चतुर अङ्ग्रेजहरू तिनलाई अङ्ग्रेजी शिक्षाको तालिम मात्र होइन, वीर सिख जातिको त्यो अन्तिम वंशधरलाई अङ्ग्रेजी सभ्यता, संस्कृति, रहन-सहनको साँचोमा ढालेर, तिनको मन र भावनामाथि पनि विजय हासिल गरी भावी सम्भावित अनिश्चिततालाई दूर गरी पन्जाबमा आफ्नो शासन सुदृढ गर्न चाहन्थे । (पृ.३६१)

यस साक्ष्यले अङ्ग्रेजहरूले चतुरताका साथ पन्जाबमाथि आफ्नो प्रभुत्व सुनिश्चित गरेको स्पष्ट हुन्छ । पन्जाबका युवराज दिलीप सिंहलाई अङ्ग्रेजी शिक्षा सँगसँगै अङ्ग्रेजी सभ्यता, संस्कृति र रहनसहनमा पनि अभ्यस्त बनाएर दिलीप सिंहको मन र भावनामाथि पनि प्रभुत्व जमाउन सफल भएका छन् । दिलीप सिंहको मन र भावनालाई नै अङ्ग्रेजी सभ्यतामा ढालेर उनमा रहेको पन्जाबी भावना र रहनसहनलाई नष्ट गर्न चाहन्छन् ता कि पन्जाबमाथिको आफ्नो प्रभुत्व सुदृढ बनोस् । अङ्ग्रेजहरू दिलीप सिंहमा भएको सिख सभ्यता नै नष्ट गर्न चाहन्छन् । त्यसैले उनीहरू सिख जातिको अन्तिम वंशका रूपमा रहेका दिलीप सिंहको भावनामाथि प्रभुत्व जमाउन सफल भएका छन् भने युवराज दिलीप सिंहको भावनालाई नै अङ्ग्रेजी सभ्यता, संस्कृति र रहनसहनको साँचोमा ढालेर दिलीप संहले थाहै नपाई उनको भावनामाथि पनि प्रभुत्व जमाएर प्रभुत्वशाली ठहरिएका छन् भने सम्पूर्ण पन्जाबीसहित युवराज दिलीप सिंह थाहै नपाई अङ्ग्रेजहरूको प्रभुत्वलाई अनजानमै स्वीकार गरेर अधीनस्थ हुन पुगेका छन् ।

यस कथाकी प्रमुख पात्र पन्जाब महारानी चन्द्रकुँवारीलाई अङ्ग्रेजहरूले बन्दी बनाएर राखेको चुनार दुर्गबाट छद्मवेशमा भागेबाट महारानी चन्द्रकुँवारीको व्यवहारमा उदीयमान संस्कृतिको चेतना देख्न सकिन्छ । रानी चन्द्रकुँवारीलाई आफू अङ्ग्रेजहरूद्वारा बन्दी बनिएको थाहा छ । उनी यसरी बन्दी जीवन बिताउन चाहन्नन् । उनीभित्र रहेको उदीयमान चेतको झलकलाई रानीकै माध्यमबाट कथामा यसरी व्यक्त गरिएको छ :

> कहीँ ठूलो गर्जनसाथ उत्ताल छालले आफू अघिल्तिरका नाउ, डुङ्गा रुख-पातहरूलाई घस्यौटा सरी सोहोरेर लगिरहेछ । यसको अघि अडिन सक्ने क्षमता कसैमा छैन, यी कत्ति स्वतन्त्र र मुक्त छन् । तर, म लाहोरकी महारानी यसरी बन्दिनीको जीवन बिताइरहेछु, मैले केही गर्नैपर्छ, म यसै खण्डहरभित्र विलीन हुन चाहन्न । (पृ.३६२)

यस साक्ष्यमा महारानी चन्द्रकुँवारीभित्र रहेको उदयीमान सोच देख्न सकिन्छ । रानी चन्द्रकुँवारी चुनार दुर्गको छतमा निस्किई वरपरको वातावरणलाई नियालिरहेकी हुन्छिन् । जसरी नजिकै बहिरहेको गङ्गा नदीमा भएको शक्तिका कारण वरपरका रुख-पात र घस्यौटाहरू सोहोरेर आफ्नो प्रभुत्व कायम गरेको छ । त्यसरी नै अङ्ग्रेजहरूले पनि पन्जाबमाथि प्रभुत्व कायम गरेकाले आफू यसरी बन्दी जीवन बिताएर बस्नु उचित नभएको भन्दै उनले उदयीमान चेतना प्रकट गरेकी छिन् । उनी त्यस खण्डहरभित्र विलीन हुन चाहन्नन्, त्यसैले दुर्गबाट छद्मवेशमा भागेकीले उनमा उदयीमान संस्कृतिको झलक पाइन्छ तर त्यहाँबाट भागेर पन्जाबवासीहरूलाई एक बनाएर अङ्ग्रेजका विरुद्ध लड्न तयार बनाउनुपर्नेमा भिखारिणीका रूपमा बनारस पुगेकी छिन् । बनारसमै नेपालका तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणासमक्ष आश्रय मागेर नेपालमा एक आश्रयिताका रूपमा रहेकीले कथाको अन्त्यमा रानी चन्द्रकुँवारीको व्यवहारले उदयीमान संस्कृतिको नभएर अधीनस्थ संस्कृतिकै प्रतिनिधित्व गरेको स्पष्ट हुन्छ ।

'चुनारगढकी बन्दिनी' कथामा दबाब र तनावद्वारा निर्मित अनुभूतिको संरचना

'चुनारगढकी बन्दिनी' कथा अङ्ग्रेजले पन्जाबमाथि विजय हासिल गरेपछि बन्दी बनाइएकी पन्जाबकी महारानी चन्द्रकुँवारीको केन्द्रीयतामा रचित कथा हो । यस कथाकी प्रमुख पात्र पनि रानी चन्द्रकुँवारी नै हुन् । रानी चन्द्रकुँवारीका जीवनमा घटेका विविध प्रकारका घटनाहरूकै आधारमा कथानक अगाडि बढेको छ । अनुभूति भन्नासाथ त्यो व्यक्ति विशेषमा देखा पर्दछ । कथामा पात्रहरूमा देखा पर्ने विविध प्रकारका दबाब र तनावका आधारमा नै अनुभूतिको संरचनाको अध्ययन गरिन्छ । चुनारगढकी बन्दिनी कथा शक्तिका आधारमा प्रभुत्वशाली ठहरिएको समुदायको प्रभुत्वले थिचिएको समुदायले गरेको विशिष्ट प्रकारको अनुभूतिमा आधारित छ । यस कथामा अङ्ग्रेजले प्रभुत्वशाली समुदायको प्रतिनिधित्व गरेको छ, भने रानी चन्द्रकुँवारी र समस्त पन्जाब समुदायले अधीनस्थ समुदायको प्रतिनिधित्व गरेको छ । यस कथामा कथाकी प्रमुख पात्र रानी चन्द्रकुँवारीले अङ्ग्रेजहरूको प्रभुत्वका कारण भोग्नुपरेको दबाब र तनावका कारण गरेको विशिष्ट अनुभूतिमा आधारित छ ।

यस कथामा पन्जाबका पराक्रमी, साहसी र कुशल योद्धा महाराज रणजित सिंह हुन्छन् । सिंहको साहसका कारण सतर्क रहेको बेलायतले राजाको मृत्युपछि पन्जाबमाथि आक्रमण गरेर पन्जाबलाई आफ्नो अधीनमा पार्छ । अङ्ग्रेजले रानी चन्द्रकुँवारीलाई नजरबन्द गरेर युवराज दिलीप सिंहलाई बेलायत लगेर बेलायती रहनसहनमा ढाल्छन् । अङ्ग्रेजहरूको अधीनमा नजरबन्द रहेकी रानी चन्द्रकुँवारीले आफ्नो जीवनप्रति गरेको अनुभूतिलाई कथामा यसरी व्यक्त गरिएको छ :

> ती नदीका तरङ्ग, ज्वारभाटाका लहरहरू कति स्वतन्त्र छन्, कहीँ नदीको किनारलाई निलिरहेछ बाढीको पानीले त कहीँ गाउँघरहरूलाई आफ्नो पोल्टोमा समेटिरहेछ, कहीँ ठूलो गर्जनसाथ उत्ताल छालले आफू अघिल्तिरका नाउ, डुङ्गा रुख-पातहरूलाई घस्यौटासरि सोहोरेर लगिरहेछ, यसको अघि अडिन सक्ने क्षमता कसैमा छैन, यी कति स्वतन्त्र र मुक्त छन् । तर, म लाहोरकी महारानी यसरी एक बन्दिनीको जीवन बिताइरहिछु, मैले केही गर्नैपर्छ, म त्यसै यस खण्डहरभित्र विलीन हुन चाहन्न । (पृ.३६२)

यस साक्ष्यबाट रानी चन्द्रकुँवारीले आफ्नो जीवन एक कैदीको जस्तो भएको अनुभव गरेको स्पष्ट हुन्छ। अङ्ग्रेजको कब्जामा पन्जाब परेपछि नजरबन्द रहेकी रानी चन्द्रकुँवारीले नजिकै बहिरहेको गङ्गा नदीजस्तो स्वतन्त्र आफ्नो जीवन नरहेको अनुभव गरेकी छिन् । नदीका तरङ्ग र ज्वारभाटाहरू कति स्वतन्त्र रहेको, नदीका छालले वरपरका नाउ, डुङ्गा, रुख र पातहरूलाई घस्यौटासरि सोहोरेर लगिरहेको छ । नदीको छालका सामु यस्ता घस्यौटाहरूको अडिने क्षमता छैन । कति स्वतन्त्र छन् यी छाल तर आफ्नो जीवन भने यी नदीका छालभन्दा पनि मत्थर भएको अनुभव रानीले गर्छिन् । रानीले नदीका छालसँग आफ्नो जीवनको तुलना गरेर नदीजस्तो स्वतन्त्र जीवन आफ्नो नभएकाले आफू एक कैदी समान भएको अनुभव गरेकी छिन् भने आफू लाहोरकी महारानी भएर अङ्ग्रेजहरूको कब्जामा यसरी बन्दी बनेर बस्नु उचित नभएको विचार पनि व्यक्त गर्दछन् । लाहोरलाई कब्जा गरेर आफूलाई बन्दी बनाएर चुनारगढमा राखेपछि त्यस चुनार दुर्गमा आफू विलीन हुन नहुने, आफू एक सामान्य मानिस नभएर लाहोरकी महारानी भएकाले त्यस दुर्गबाट निस्केर लाहोरका लागि केही न केही गर्नुपर्ने हिम्मतिलो अनुभूति गरेको स्पष्ट हुन्छ। रानी चन्द्रकुँवारीले आफू चुपचाप त्यस दुर्गमा बसे आफ्नो त्यहीँ अन्त्य हुने भएकाले त्यहाँबाट बाहिर निस्किनका लागि कुनै न कुनै उपाय सोच्नुपर्ने र बाहिर निस्किएर आममानिस जस्तै स्वतन्त्र जीवन जिउने चाहनाको अनुभूति गरेको स्पष्ट हुन्छ ।

रानी चन्द्रकुँवारीले बन्दी जीवनबाट मुक्ति पाउन छद्मवेशमा दुई सुसारे सहेलीका साथमा निस्कन सफल हुन्छिन् । अङ्ग्रेजले दिएको दबाबको कारण तनावमा आएकी रानी चन्द्रकुँवारीले त्यस चुनार दुर्गबाट निस्किएपछि उनले गरेको अनुभूतिलाई कक्षामा यसरी व्यक्त गरिएको छ :

> 'हेर तिमी दुईलाई म साथै लिएर जान सकिनँ, त्यसो भएर म सोझै अङ्ग्रेजका माफियाहरूको नजरमा पर्नेछु । त्यसैले अब तिमी दुईलाई मुक्ति गर्दछु, जहाँ इच्छा लाग्छ जाऊ तर होसियारी साथ... मेरो निम्ति चिन्ता...नगर्नु...अब भग्यले...जहाँ...' रानीको कण्ठ भारी भयो त्यसपछि कुनै आवाज निस्किएन, सारीको फेरले आँसु पुछ्दै नाउमा गएर बसिन् । (पृ.३६४)

वि.सं. २०२८ सालमा नयाँ शिक्षा लागू भएपश्चात् वि.सं.२०३० सालमा विशेष शिक्षा परिषद्को गठन भयो । वि.सं.२०५३ सालमा विशेष शिक्षा नीति पारित भएपछि विशेष शिक्षा कार्यक्रम लागू भएको थियो । विशेष शिक्षाले दलित, अन्धा, अपाङ्ग, बालश्रमिक,

सडकबालक, सामाजिक, सांस्कृतिक रूपमा पिछडिएका विभिन्न धर्म, वर्ण, लिङ्ग, जातका बालबालिकाहरूलाई पढ्ने अवसर उपलब्ध गराउँछ । नेपालमा विशेष शिक्षाअन्तर्गत दृष्टिविहीनहरूलाई शिक्षा दिने दुई प्रकारका विद्यालयहरू सञ्चालित छन् ।

दृष्टिविहीन बालबालिकाहरूलाई मात्र एक स्थानमा राखी शिक्षा दिने विद्यालयलाई विशेष विद्यालय भनिन्छ । साधारण विद्यालयहरूमा अन्य साङ्ग बालबालिकाहरूसँगै राखेर दृष्टिविहीनहरूलाई चाहिने शैक्षिक सामग्री र ब्रेललिपिको प्रयोग गरी शिक्षण गराउने विद्यालयहरूलाई एकीकृत विद्यालय भनिन्छ ।

नेपालमा दृष्टिविहीन बालबालिकाहरू पढ्ने असी दृष्टिविहीन स्रोतकक्षाहरू छन् । उक्त स्रोतकक्षाहरूमा दृष्टिविहीन बालबालिकाहरू स्रोत शिक्षकसँग बिहान बेलुका चार घण्टा ब्रेललिपिको माध्यमबाट सिकाइ गर्दछन् र विद्यालय समय (१०-४) एकीकृत कक्षाहरूका साङ्ग बालबालिकाहरूसँगै बसेर ब्रेललिपिको तालिम पाएका, नपाएका विषयगत शिक्षकहरूसँग सिकाइ गर्दछन् ।

दृष्टिविहीन बालबालिकाहरूलाई साङ्ग बालबालिका जसरी सहज तरिकाले सिकाइ गराउन कठिनाइ हुने भएकाले सरकारले दृष्टिविहीन बालबालिकाहरूलाई स्रोतकक्षामा बस्ने, खाने, पढ्ने ब्रेल पुस्तक, शैक्षिक सामग्री, स्रोत शिक्षक, केयर टेकर आदिको प्रबन्ध गरी उनीहरूलाई सिकाइ गराउने प्रयास गरिरहेको पाइन्छ । एउटा स्रोतकक्षामा बाह्र जना दृष्टिविहीनका लागि एक स्रोत शिक्षकको व्यवस्था गरिएको हुन्छ । स्रोतकक्षामा चौध वर्षमुनिका दृष्टिविहीन बालबालिकाहरूलाई भर्ना गर्ने चलन छ । यस्ता स्रोतकक्षाहरू सरकारले उपलब्ध गराएको आर्थिक स्रोतबाट पूर्ण रूपमा व्यवस्थित हुन सकेको छैन । स्रोतकक्षाहरूको सिकाइ व्यवस्थापन प्रभावकारी नभएकाले दृष्टिविहीन बालबालिकाहरूले अपेक्षा गरे जस्तो शिक्षा पाउन सकेका छैनन् । सरकारले स्रोतकक्षाहरूमा गरेको लगानी कम छ तर जति लगानी गरेको छ सो अनुपातमा सिकाइ प्रतिफल प्राप्त हुन नसकेको अवस्था छ ।

स्रोतकक्षा व्यवस्थापनका भौतिक र शैक्षिक पक्षलाई अध्ययन, विश्लेषण गरी स्रोतकक्षाको सिकाइ अवस्था पत्ता लगाउने र स्रोतकक्षाका समस्या पहिचान गरी ती समस्या समाधानका उपाय सुझाउने उद्देश्यले यो अध्ययन गरिएको छ । यस अध्ययनले दृष्टिविहीनहरूका स्रोतकक्षाको सिकाइ अवस्था र समस्या पहिचान गरी सुधारका लागि शैक्षिक योजना बनाउन, शिक्षामा लगानी थप गर्न, दृष्टिविहीनहरूको जीवन सहज बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सहयोग गर्नेछ ।

अध्ययनको उद्देश्य

- दृष्टिविहीन बालबालिकाहरूको सिकाइ व्यवस्थापनको अवस्था पहिचान गर्नु ।
- दृष्टिविहीन बालबालिकाहरूको स्रोतकक्षा व्यवस्थापनका समस्याहरू विश्लेषण गर्नु ।

अध्ययन विधि

दृष्टिविहीन बालबालिकाहरूको स्रोतकक्षा व्यवस्थापनको भौतिक र शैक्षिक पक्षको गुणात्मक अनुसन्धानका लागि उद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरिएको छ । श्री महावीर जनता माध्यमिक विद्यालय, हरिपुर सर्लाही र त्यहाँका दृष्टिविहीन विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, लेखाजोखा केन्द्रका अध्यक्ष, फोकल पर्सनहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट नमुना छनोट गरिएको छ । तथ्याङ्क सङ्कलन गर्न प्राथमिक र द्वितीय स्रोत प्रयोग गरिएको छ । अवलोकन, प्रश्नावली, अन्तर्वार्ता, छलफल जस्ता साधन प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । गुणात्मक तथ्याङ्कहरूलाई व्याख्यात्मक र विवरणात्मक प्रक्रिया अपनाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

प्राप्ति र छलफल

सिकाइ व्यवस्थापनको अवस्था

दृष्टिविहीन बालबालिकाको सिकाइ व्यवस्थापनको अवस्था कस्तो रहेको छ भन्ने कुरालाई हेर्न भौतिक सुविधाको व्यवस्थापन र शैक्षिक व्यवस्थापन अन्तर्गत विभिन्न उप-शीर्षकभित्र रहेर सङ्कलित तथ्याङ्क, सूचनाहरूको आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

भौतिक सुविधाको व्यवस्थापन

- **कक्षाकोठाको व्यवस्थापन** : विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग कक्षाकोठा व्यवस्थापन कस्तो छ भनी प्रश्न गर्दा एकीकृत कक्षा सञ्चालन गर्न पर्याप्त कक्षाकोठा छन् तर विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षाकोठाको आकार उपयुक्त छैन भन्ने भनाइ पाइयो । प्रधानाध्यापकसँग प्रश्न गर्दा दृष्टिविहीन बालबालिकाहरूको छात्रावासमा बस्ने, सुत्ने कोठामा नै स्रोतकक्षा सञ्चालन भएको, दृष्टिविहीनका लागि छुट्टै

कक्षाकोठाको व्यवस्था नभएको भन्ने भनाइ पाइयो । दृष्टिविहीन छात्राका अनुसार स्रोतकक्षामा सुत्ने पलङ्गमा बसेर पढ्नु पर्दा असजिलो हुने गरेको भन्ने भनाइ पाइयो । अध्ययनकर्ता स्वयम्ले स्रोतकक्षाको प्रत्यक्ष अवलोकन गर्दा स्रोतकक्षामा अलग्गै अध्ययन कोठाको व्यवस्था नभएको, एकीकृत कक्षाका कक्षाकोठा भने ठुला पर्याप्त प्रकाश र हावा आउने प्रकृतिका पाइयो । एकीकृत कक्षाहरूमा पङ्खा, बुक कर्नर, दृष्टिविहीनको लौरो राख्ने स्थान नभएको पाइयो ।

- **फर्निचर व्यवस्थापन :** स्रोत शिक्षकसँग छलफल स्रोतकक्षामा विद्यार्थीहरूलाई अध्ययन गर्न डेक्स, बेन्च उपलब्ध छैन, एकीकृत कक्षाहरूमा साङ्ग विद्यार्थीहरूले प्रयोग गर्ने फर्निचर नै दृष्टिविहीनहरूले प्रयोग गर्ने गरेको भन्ने भनाइ पाइयो । लेखाजोखा केन्द्रका अध्यक्षका अनुसार एकीकृत कक्षामा सामान्यतया १८, २० ओटा डेक्स-बेन्चको व्यवस्था भएको र सेतोपाटीको व्यवस्था भएको भन्ने भनाइ पाइयो । प्र.अ.का अनुसार कक्षाकोठा र विद्यार्थी सङ्ख्या आधारमा केही डेक्स-बेन्च अपुग रहेको भन्ने भनाइ पाइयो । फोकल पर्सनका अनुसार स्रोतकक्षामा दृष्टिविहीनमैत्री फर्निचर नभएको भन्ने भनाइ पाइयो । अनुसन्धानकर्ताले स्रोतकक्षाको अवलोकन गर्दा सेतोपाटी, कालोपाटी, डेक्स-बेन्च, कपडा राख्ने दराज, किताब राख्ने ऱ्याक नभएको पाइयो ।

- **पुस्तकालय व्यवस्थापन :** प्र.अ.सँग छलफल गर्दा दृष्टिविहीन बालबालिकाहरूलाई ब्रेललिपिका कक्षागत पुस्तकहरू उपलब्ध गराएको तर सन्दर्भ पुस्तक, अन्य पाठ्य सामग्रीहरू, अडियो पुस्तकहरू पुस्तकालयमा उपलब्ध नभएको भन्ने भनाइ पाइयो । फोकल पर्सनसँग प्रश्न गर्दा लो-भिजनका बालबालिकाहरूलाई पुस्तकालयमा इन्कका अन्य पुस्तकहरू उपलब्ध गराउने भन्ने भनाइ पाइयो । अध्ययनकर्ताले पुस्तकालयको अवलोकन गर्दा विद्यार्थी बसेर अध्ययन गर्ने स्थानको अभाव, साना झ्याल भएकाले पर्याप्त प्रकाशको अभाव रहेको पाइयो । पुस्तकालयमा पाठ्यपुस्तकबाहेकका अन्य ब्रेललिपिका पुस्तक नभएको पाइयो ।

- **विज्ञान प्रयोगशालाको व्यवस्थापन** : विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग प्रश्न गर्दा विज्ञान प्रयोगशालाको निम्ति छुट्टै दुईकोठे भवन भएको भन्ने भनाइ पाइयो । विज्ञान शिक्षकका अनुसार दृष्टिविहीन बालबालिकाहरूलाई विज्ञान प्रयोगशालामा नलैजाने गरेको भन्ने भनाइ पाइयो । स्रोत शिक्षकबाट सम्भव हुनेसम्म विज्ञानका सामग्री ल्याएर स्रोतकक्षामा नै बुझाउने गरेको भन्ने भनाइ पाइयो । प्र. अ. र लेखाजोखा केन्द्रका अध्यक्षसँग छलफल गर्दा विद्यालयको विज्ञान प्रयोगशाला व्यवस्थित नभएको, भवन राम्रो भए पनि प्रयोगशाला दृष्टिविहीनमैत्री नभएको भन्ने भनाइ पाइयो ।

अनुसन्धानकर्ता स्वयम्ले विज्ञान प्रयोगशालाको अवलोकन गर्दा विज्ञान प्रयोगशालामा विज्ञान सम्बन्धी केमिकल्स, उपकरणहरू तथा विभिन्न सामग्रीहरू भएका तर पर्याप्त मात्रामा प्रयोग नभएकाले सिकाइ प्रभावित भएको पाइयो ।

- **खेल मैदान र खेलकुद सामग्रीको व्यवस्थापन** : विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग छलफल गर्दा विद्यालयमा तीन बिगाह क्षेत्रफलको छुट्टै खेल मैदान भएको, विद्यालयबाट खेल मैदान टाढा भएकाले दृष्टिविहीन बालबालिकाको पहुँचमा नभएका भन्ने भनाइ पाइयो । प्र.अ.का अनुसार दृष्टिविहीन बालबालिकाको निम्ति बल, चेस, स्कीपिङ्ग (डोरी) जस्ता खेलकुदका सामग्री उपलब्ध गराइएको भन्ने भनाइ पाइयो । दृष्टिविहीन बालबालिकाका अनुसार उनीहरू कबड्डी, स्किपिङ्ग, गीत गाउने जस्ता खेल खेल्ने गरेको भन्ने भनाइ पाइयो ।

- **कम्प्युटर प्रयोगशाला व्यवस्थापन** : विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., फोकल पर्सनसँग छलफल गर्दा दृष्टिविहीन बालबालिकाहरूलाई कम्प्युटर सिकाउन दक्ष जनशक्ति र कम्प्युटरको व्यवस्था गर्न नसकेको भन्ने भनाइ पाइयो । कम्प्युटर शिक्षकका अनुसार विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशालाको प्रबन्ध भएको, प्रयोगशालामा दृष्टिविहीनमैत्री कम्प्युटरहरू उपलब्ध नभएकाले दृष्टिविहीन बालबालिकाहरूले कम्प्युटर प्रयोग नगर्ने गरेको भन्ने भनाइ पाइयो ।

- **छात्रावास व्यवस्थापन** : लेखाजोखा केन्द्रका अध्यक्षसँग छलफल गर्दा दृष्टिविहीन बालबालिकाको निम्ति नयाँ छात्रावास भवनको व्यवस्था भएकाले भान्सा, डाइनिङ्ग रुम, बेड रुमको राम्रो प्रबन्ध भएको भन्ने भनाइ पाइयो । प्र.अ. र फोकल पर्सनसँग छात्रावास व्यवस्थापन कस्तो छ भनी प्रश्न गर्दा विद्यार्थीहरूलाई छात्रावासमा आवास, खाना, खाजा, ओढ्ने, ओछ्याउने, कपडा, साबुन, तेल, ब्रस, पेस्ट, चप्पल आदि निःशुल्क उपलब्ध गराउने गरेको भन्ने भनाइ पाइयो । अध्ययनकर्ता स्वयम्ले छात्रावासको अवलोकन गर्दा एउटा कोठामा तीन जना सुत्न, बस्न मिल्ने गरी बेडहरू राखिएको पाइयो तर छात्रावासमा छुट्टै अध्ययन कक्षको व्यवस्था नभएको पाइयो ।

- **चमेनागृह व्यवस्थापन** : विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग प्रश्न गर्दा छुट्टै चमेना गृहको व्यवस्था नभएको भन्ने भनाइ पाइयो । फोकल पर्सनसँग छलफल गर्दा दृष्टिविहीन बालबालिकाको निम्ति छात्रावासमै खाजा, खानाको व्यवस्था मिलाइएको भन्ने भनाइ पाइयो । प्रधानाध्यापकका अनुसार सबै दृष्टिविहीन बालबालिकाहरू चार

बजे विद्यालय छुट्टी भएपछि छात्रावासमा गएर खाजा खाने गरेका छन् भन्ने भनाइ पाइयो ।

- **खानेपानी व्यवस्थापन :** प्र. अ.सँग प्रश्न गर्दा विद्यालयमा पाँचओटा चापाकल भएको र छात्रावासमा पनि छुट्टै चापाकल भएकाले पिउने पानीको राम्रै व्यवस्था भएको भन्ने भनाइ पाइयो । फोकल पर्सनका अनुसार साना दृष्टिविहीन बालबालिकाहरूलाई भने चापाकल चलाएर पानी पिउन असजिलो हुने हुनाले केयर टेकरले सहयोग गर्ने गरेको भन्ने भनाइ पाइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्षका अनुसार पानी स्रोत चापाकल भएकाले पानीमा आइरन, आर्सेनिक हुन सक्ने भन्ने भनाइ पाइयो । अनुसन्धानकर्ता स्वयम्ले अवलोकन गर्दा चापाकलको पानी पिउने, कपडा धुने, नुहाउने प्रयोजनका लागि सहज रूपमा उपलब्ध भएको पाइयो ।
- **शौचालय व्यवस्थापन :** स्रोतकक्षामा दृष्टिविहीन बालबालिकाका लागि अलग-अलग शौचालयको व्यवस्था भएको पाइयो । विद्यालयको एकीकृत कक्षामा भने दृष्टिविहीन बालबालिकाका निम्ति अलग शौचालय नभएको पाइयो । अनुसन्धानकर्ताले शौचालयको अवलोकन गर्दा पर्याप्त मात्रामा शौचालयको व्यवस्था भए पनि सरसफाइमा कमीकमजोरी रहेको पाइयो ।

शैक्षिक व्यवस्थापन

- **विद्यार्थी भर्ना नीति :** प्रधानाध्यापकका अनुसार पाँच वर्ष पूरा भएर चौध वर्ष ननाघेका, मानसिक सन्तुलन ठीक भएका, लो-भिजन वा पूरै दृष्टिविहीन भनी डाक्टरी जाँचबाट परिचय-पत्र पाएका बालबालिकाहरूलाई स्रोतकक्षामा भर्ना गर्ने नीति रहेको भन्ने भनाइ पाइयो । फोकल पर्सन, लेखाजोखा केन्द्रका अध्यक्षका अनुसार स्रोतकक्षामा निःशुल्क अध्ययन गर्न चाहने बालबालिकाको अभिभावकहरूले अभिभावकको नाम ठेगाना, परिवारको नाममा रहेको अचल सम्पत्ति र अनुमानित वार्षिक आम्दानी सम्बन्धी विवरण भरी भर्नाको लागि निवेदन दिनुपर्ने सरकारको नीति रहेकाले सोहीअनुसार विद्यालयले भर्ना लिने गरेको भन्ने भनाइ पाइयो ।
- **कक्षा सञ्चालन समय :** प्र. अ., फोकल पर्सन, शिक्षकहरूका अनुसार विद्यालय समय १० देखि ४ बजेसम्म भएको समयमा स्रोतकक्षा बिहान ७ देखि ९ बजेसम्म र साँझ ६ देखि ८ बजेसम्म सञ्चालन हुने, एकीकृत कक्षा बिहान सञ्चालन हुँदा स्रोतकक्षा दिउँसो सञ्चालन हुन्छ भन्ने भनाइ पाइयो । यसरी दृष्टिविहीनहरूले स्रोतकक्षा र एकीकृत कक्षामा सिकाइ गर्ने समय पर्याप्त व्यवस्था मिलाएको पाइयो ।

- **शैक्षणिक व्यवस्था र शिक्षण विधि :** लेखाजोखा केन्द्रका अध्यक्ष, प्र. अ.सँग प्रश्न गर्दा दृष्टिविहीन बालबालिकाहरूलाई एकीकृत कक्षाहरूमा विषयगत प्रवचन विधि, छलफल विधि, प्रश्नोत्तर विधिहरू प्रयोग गरेर अध्ययन गराइन्छ भन्ने भनाइ पाइयो । एक दृष्टिविहीन छात्राका अनुसार स्रोतकक्षामा बिहान, साँझ बहुकक्षा शिक्षण गर्ने गरेको छ भन्ने भनाइ पाइयो । फोकल पर्सनका अनुसार दृष्टिविहीनहरूलाई शैक्षिक सामग्री, ब्रेल अक्षरहरू छुन लगाएर शिक्षण गर्छु भन्ने भनाइ पाइयो ।

- **शैक्षिक सामग्री प्रयोग :** प्र.अ., फोकल पर्सनका अनुसार दृष्टिविहीन बालबालिकाहरूलाई दृष्टिविहीन सङ्घबाट उपलब्ध गराइएका शैक्षिक सामग्रीहरू ब्रेल पुस्तक, स्लेट, ए-बाकस, ट्रस (चित्र) मोडल, टेलर बोर्ड, कार्ट सिट, काँटी बोर्ड, कृत्रिम घडी, चामल, तोरीका गेडा, ढुङगा आदि प्रयोग गरेर शिक्षण गराइन्छ भन्ने भनाइ पाइयो । अनुसन्धानकर्ताले एकीकृत कक्षाको अवलोकन गर्दा सेतोपाटी, मार्कर, चार्ट, नक्सा, ग्राफ जस्ता शैक्षिक सामग्री प्रयोग गरेको पाइयो ।

- **परीक्षा सञ्चालन विधि :** विद्यालय व्यवस्थापनका अध्यक्ष र शिक्षकसँग छलफल गर्दा वर्षको तीन पटक परीक्षा सञ्चालन गरी बालबालिकाहरूको मूल्याङ्कन गर्ने गरेको छ । साङ्ग र दृष्टिविहीन दुवै विद्यार्थीहरूलाई एउटै इन्कको प्रश्नपत्र र एउटै समयमा परीक्षा सञ्चालन गर्ने गरेको छ भन्ने भनाइ पाइयो । प्रधानाध्यापकका अनुसार दृष्टिविहीन बालबालिकाहरूका लागि एक कक्षामुनिको सहयोगी राखेर परीक्षा लिने गरेको भन्ने भनाइ पाइयो । लो-भिजनका विद्यार्थीका अनुसार इन्कको प्रश्नपत्र सानो अक्षरको हुने हुँदा बुझ्न कठिनाइ हुने गरेको भन्ने भनाइ पाइयो । फोकल पर्सनका अनुसार कक्षा एकदेखि तीनसम्म निरन्तर मूल्याङ्कन गर्ने परिपाटी रहेको भन्ने भनाइ पाइयो ।

- **शिक्षक तालिम :** लेखाजोखा केन्द्रका अध्यक्ष, प्र.अ.सँग कति शिक्षकले तालिम प्राप्त गर्नुभएको छ भन्ने प्रश्न गर्दा स्रोतकक्षामा पढाउने स्रोत शिक्षकले ब्रेललिपिको तालिम पाएको, एकीकृत कक्षामा पढाउने शिक्षकहरूले ब्रेललिपिको तालिम नपाएको भन्ने भनाइ पाइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग छलफल गर्दा प्रायः शिक्षकहरू शिक्षाशास्त्र सङ्कायको अध्ययन गरेका र तालिम केन्द्र कलैया र जनकपुरबाट तालिम लिएका भन्ने भनाइ पाइयो । एक दृष्टिविहीन छात्राका अनुसार ब्रेललिपि जानेका गुरुहरूले पढाएको बढी बुझिने, तालिम नपाएका गुरुहरूले गणित, विज्ञान, अङ्ग्रेजी जस्ता विषय पढाएको बुझ्न कठिनाइ हुने भन्ने भनाइ पाइयो ।

यसरी दृष्टिविहीन बालबालिकाहरूलाई स्रोत छात्रावासमा निःशुल्क खाने, बस्ने, सुत्ने, पढ्न व्यवस्था मिलाएको, शैक्षिक सामग्री, खेलकुदका सामग्री उपलब्ध गराएको, साँझ-बिहान स्रोतकक्षामा तालिम प्राप्त शिक्षकबाट शैक्षिक सामग्रीको प्रयोग गर्दै बहुकक्षा शिक्षण सञ्चालन हुने गरेको, ब्रेल पुस्तकहरू, शौचालय, खानेपानीको उचित प्रबन्ध भएकाले सिकाइमा सकारात्मक प्रभाव परेको पाइयो । पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, खेल मैदान दृष्टिविहीन बालबालिकामैत्री हुन नसकेको, एकीकृत कक्षामा विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षाकोठाको क्षेत्रफल सानो हुनु, तालिम नपाएका शिक्षक, शिक्षक केन्द्रित शिक्षण विधि, इन्कको प्रश्नपत्र, स्रोतकक्षामा अलग अध्ययन कक्षको अभाव, बेडमा बसेर अध्ययन गर्नुपर्ने बाध्यता जस्ता कमजोर प्रबन्धका कारण दृष्टिविहीन बालबालिकाको सिकाइमा नकारात्मक प्रभाव परेको पाइयो ।

स्रोतकक्षा व्यवस्थापनका समस्याहरू

भौतिक समस्याहरू

- **कक्षाकोठा व्यवस्थापन सम्बन्धी समस्या :** दृष्टिविहीन स्रोतकक्षा सञ्चालन गर्न छुट्टै कक्षाकोठा नभएको, एकीकृत कक्षामा विद्यार्थीको अनुपातमा कक्षाकोठाको क्षेत्रफल सानो भएको, स्रोतकक्षामा सुत्ने कोठामा बसेर अध्ययन गर्नुपर्ने बाध्यता, एकीकृत कक्षामा दृष्टिविहीनको लौरो राख्ने छुट्टै स्थान नभएको जस्ता समस्या भएको पाइयो ।

- **फर्निचर सम्बन्धी समस्या :** स्रोतकक्षामा डेक्स-बेन्च, कालोपाटी नभएको, खाट, पलङ्गमा बसेर पढ्दा असजिलो हुने गरेको, बुक कर्नर नभएको, एकीकृत कक्षामा विद्यार्थीको अनुपातमा डेक्स-बेन्चको सङ्ख्या कम भएकाले बालबालिकाहरू कोचिएर बस्नु परेको जस्ता समस्या भएको पाइयो ।

- **पुस्तकालय सम्बन्धी समस्या :** स्रोतकक्षाका पुस्तकालयमा दृष्टिविहीनहरूका लागि ब्रेललिपिका पाठ्यपुस्तक, शैक्षिक सामग्री पर्याप्त उपलब्ध हुन नसकेको, अन्य पाठ्यसामग्री, सन्दर्भ पुस्तकहरू उपलब्ध नभएको, पुस्तकालयको सरसफाइमा ध्यान नपुगेको पाइयो । अडियो पुस्तकहरू उपलब्ध नहुनु, ब्रेललिपिका पुस्तकहरू ठुला र वजनदार भएकाले साना बालबालिकाहरूलाई पुस्तक बोकाइ बोझ हुने गरेको पाइयो ।

- **विज्ञान प्रयोगशाला सम्बन्धी समस्या :** विज्ञान प्रयोगशाला दृष्टिविहीन बालबालिकामैत्री हुन नसकेको, प्रयोगशालामा प्रयोगात्मक कक्षा देख्न नसक्दा विषयवस्तु प्रस्ट हुन नसक्ने कारण विज्ञान विषय बुझ्न बालबालिकाहरूलाई कठिनाइ हुने गरेको पाइयो ।

- **कम्प्युटर प्रयोगशाला सम्बन्धी समस्या** : कम्प्युटर प्रयोगशालामा दृष्टिविहीनमैत्री कम्प्युटरको व्यवस्था नभएको पाइयो ।

- **खेल मैदान र खेलकुद सामग्री सम्बन्धी समस्या :** विद्यालयबाट खेल मैदान टाढा रहेकाले दृष्टिविहीन बालबालिकाहरू खेलमैदानसम्म जान असमर्थ हुने, दृष्टिविहीनहरूको लागि खेलकुद सामग्रीको व्यवस्था नभएको, खेल प्रतियोगिताहरू नगन्य हुने गरेको, साङ्ग साथीहरूले दृष्टिविहीनहरूलाई खेलकुदमा सहभागी नगराउने जस्ता समस्या रहेको पाइयो ।

- **छात्रावास व्यवस्थापनमा समस्या** : छात्रावासमा बस्ने, सुत्ने, पढ्ने काम एउटै कोठामा गर्नुपर्ने, एउटा कोठामा धेरै विद्यार्थी बस्नुपर्ने, एउटै तलामा केटाकेटी बस्नुपर्ने, स्रोत शिक्षक र केयर टेकरको सुविधा न्यून भएकाले दृष्टिविहीन बालबालिकाको रेखदेख प्रभावकारी हुन नसकेको पाइयो ।

- **खानेपानीको समस्या** : स्रोतकक्षामा बस्ने दृष्टिविहीन साना बालबालिकाहरूलाई चापाकल चलाएर पानी पिउन अप्ठेरो महसुस भएको पाइयो ।

शैक्षिक समस्या

- **भर्ना नीतिमा समस्या** : चौध वर्ष नागेका दृष्टिविहीनहरूले भर्ना हुन नपाउने र स्रोतकक्षामा सीमित कोटा पूरा भएपछि भर्ना गर्न आएका बालबालिकाले भर्ना नपाउने समस्या पाइयो ।

- **शैक्षणिक व्यवस्था र शिक्षण विधि सम्बन्धी समस्या** : एकीकृत कक्षाहरूमा शिक्षक केन्द्रित विधिबाट शिक्षण गराइने भएकाले दृष्टिविहीनहरूलाई बुझ्न समस्या हुने गरेको, लो-भिजनका विद्यार्थीहरूले बोर्डमा लेखेको अक्षर देख्न नसक्ने, विज्ञान, गणित, अङ्ग्रेजी जस्ता विषय पढाउँदा शिक्षकहरूले नबोली बोर्डमा लेखिदिँदा दृष्टिविहीन बालबालिकाहरूलाई बुझ्न समस्या हुने गरेको पाइयो ।

- **शैक्षिक सामग्रीको समस्या** : दृष्टिविहीन बालबालिकामैत्री शिक्षण सामग्रीको अभाव रहेको, लो-भिजनका विद्यार्थीहरूले इन्क पुस्तकको अक्षर साना भएकाले नदेख्ने समस्या रहेको, अडियो पुस्तकहरू उपलब्ध नभएको जस्ता समस्या पाइयो ।

- **प्रश्नपत्र र मूल्याङ्कन सम्बन्धी समस्या :** परीक्षामा ब्रेललिपिमा प्रश्नपत्र उपलब्ध नहुने कारण बालबालिकाहरूलाई प्रश्नपत्र बुझ्न कठिनाइ हुने, लो-भिजनका विद्यार्थीहरूले इन्कका साना अक्षर भएका प्रश्नपत्रहरू देख्न र बुझ्न नसक्ने, साङ्ग र दृष्टिविहीनहरूलाई बराबरी परीक्षा समय हुने हुँदा दृष्टिविहीनहरूलाई समय अपुग हुने, ब्रेललिपिमा लेखिएका उत्तरपुस्तिका अध्ययन गर्न तालिम नपाएका शिक्षकहरू असमर्थ हुँदा हचुवाको भरमा अङ्क प्रदान गर्ने परिपाटीले मूल्याङ्कन प्रणाली विश्वसनीय र प्रमाणित हुन नसकेको जस्ता समस्या पाइयो ।

- **शिक्षक तालिम सम्बन्धी समस्या :** एकीकृत कक्षामा शिक्षण गर्ने शिक्षकहरूले ब्रेललिपिको तालिम नपाएका कारण गणित, अङ्ग्रेजी, विज्ञान जस्ता विषयहरू बुझाउन समस्या भएको पाइयो ।

  यसरी कक्षाकोठा, फर्निचर, ब्रेल पुस्तक, खेल सामग्रीहरूको अपर्याप्तता, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला दृष्टिविहीनमैत्री हुन नसकेको जस्ता भौतिक समस्या, सीमित भर्ना सिट, शिक्षक केन्द्रित शिक्षण विधि, तालिम नपाएका शिक्षक, अपर्याप्त शैक्षिक सामग्री, इन्कका प्रश्नपत्र, हचुवाको मूल्याङ्कन प्रणाली जस्ता शैक्षिक समस्याहरूले सिकाइ व्यवस्थापन प्रभावित भएको पाइयो ।

निष्कर्ष र सुझाव

स्थानीय समुदाय, स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, विद्यालय परिवार, शिक्षा मन्त्रालय, सरकार, अन्य सरोकारवालाको आपसी समन्वयमा स्रोतकक्षामा देखिएका समस्याका निम्ति उचित कार्यनीति, कार्यक्रम बनाउँदै कार्यान्वयन पक्षलाई अझै अब्बल बनाउनुपर्ने जरुरी देखिन्छ। दृष्टिविहीनहरू पनि साङ्ग जस्तै सक्षम र योग्य बन्न सक्छन्। उनीहरूमा पनि अथाह क्षमता लुकेको हुन्छ। त्यो क्षमतालाई उजागर गर्ने एउटा माध्यम शिक्षा नै हो। शिक्षा लिनबाट वञ्चित दृष्टिविहीन बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन नागरिक, अभिभावकहरूमा चेतना अभिवृद्धि गर्न नितान्त आवश्यक छ । उनीहरूलाई हेयको भावनाले हेर्ने दृष्टिलाई बदल्न समाजमा सकारात्मक सन्देश जाने चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी देखिन्छ। दृष्टिविहीनहरूको स्रोतकक्षा, एकीकृत कक्षा सञ्चालनमा देखिएका समस्याहरू समाधान गर्न तपसिलअनुसारका उपायहरू अवलम्बन गर्न सकेमा केही हदसम्म सिकाइ व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न सकिन्छ :

- दृष्टिविहीन स्रोतकक्षामा ब्रेललिपिका पाठ्यपुस्तक, पाठ्यसामग्री, सन्दर्भसामग्रीहरू सरकारले समयमा नै आवश्यक मात्रामा उपलब्ध गराउनु पर्दछ ।
- हरेक स्रोतकक्षा, एकीकृत कक्षाहरूमा तालिम प्राप्त दक्ष शिक्षकहरू उपलब्ध गराउन विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले तालिमको व्यवस्था मिलाउनु पर्दछ ।
- सबै परीक्षाहरूमा दृष्टिविहीनहरूका लागि ब्रेललिपिमा प्रश्नपत्र तयार गर्ने संयन्त्रको विकास गर्ने काम परीक्षा नियन्त्रण कार्यालय र विद्यालयले गर्नु पर्दछ ।
- एकीकृत कक्षाका कक्षाकोठा, फर्निचर, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, शौचालय, खेलकुद सामग्री, अन्य भौतिक संरचना दृष्टिविहीनमैत्री बनाउन सङ्घीय सरकार र स्थानीय सरकारको सहयोग लिएर विद्यालय व्यवस्थापन समितिले कार्य गर्नु पर्दछ ।
- शिक्षा मन्त्रालयले दृष्टिविहीन स्रोतकक्षा सुधारका लागि सुझाव प्रदान गर्ने सरोकारवाला समूह र विशेषज्ञहरूको अधिकार सम्पन्न सुझाव समूह गठन गर्नुपर्ने र प्राप्त सुझावलाई प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

निचोडमा भन्नुपर्दा दृष्टिविहीन बालबालिकाको स्रोतकक्षा, एकीकृत कक्षाहरू दृष्टिविहीनमैत्री हुन सकेका छैनन् । दृष्टिविहीनहरूलाई अध्ययन, खेलकुद, अतिरिक्त क्रियाकलापमा रुचि भए पनि उपयुक्त शिक्षण विधि, शैक्षिक, भौतिक सामग्रीको अभाव हुनुमा सम्बन्धित निकाय र व्यक्तिहरूमा दायित्व र कर्तव्यबोध नभएको पाइयो । अव्यवस्थित रूपमा स्रोतकक्षा सञ्चालन भएको हुँदा सुपरिवेक्षण र अनुगमन गर्ने निकाय मौन र निष्क्रिय बसेको पाइयो । मौजुदा व्यवस्थापनले सरकारको स्रोत-साधनको दुरुपयोग भएको पाइन्छ । सिकाइ व्यवस्थापन उपलब्धिमूलक बनाउन सरोकारवाला समूह समन्वयात्मक ढङ्गले समस्या निदान गर्न लागी पर्नु पर्दछ ।

सन्दर्भ सामग्री :

अनाथ अपाङ्ग उद्धार समाज नेपाल (२०६७, आषाढ), *समदृष्टि,* ललितपुर ।

कार्की, डोरबहादुर (२०६६), *दृष्टिविहीनहरूले अध्ययन गर्ने विद्यालयको शैक्षणिक अवस्था अध्ययन,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि. कीर्तिपुर ।

काफ्ले वासुदेव, ढकाल हेमराज, अधिकारी किसनप्रसाद (२०६५), *शिक्षामा सामाजिक न्याय,* सनसाइट पब्लिकेसन : काठमाडौँ ।

पौडेल, देवराज (२०६९) *दृष्टिविहीन बालबालिकाका लागि स्रोतकक्षा व्यवस्थापन, अप्रकाशित शोधपत्र,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्ज ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल (२०६४), *रूपान्तरण,* काठमाडौँ ।

शिक्षा विभाग (२०६०), *विशेष शिक्षा : सूचनामूलक पुस्तिका,* भक्तपुर ।

शिक्षा विभाग (२०६३/२०६४), *समाहित शिक्षामा शिक्षक व्यवस्थापन अध्ययन प्रतिवेदन,* भक्तपुर ।

सेरिड (२००४), *शिक्षामा सुविधाविहीन बालबालिकाको पहुँच,* अनुसन्धान प्रतिवेदनहरूको सारसङ्क्षेप, काठमाडौँ । ■

'तृषा' उपन्यासको विधातात्त्विक विश्लेषण

✍ **सुमनप्रसाद घिमिरे**

उप-प्राध्यापक

जनज्योति बहुमुखी क्याम्पस, लालबन्दी

सार

प्रस्तुत लेखमा उपन्यासकार सुशीला पौडेलको तृषा उपन्यासको विधातात्त्विक विश्लेषण गरिएको छ। यसमा उपन्यासका तत्त्व नै तृषा उपन्यासको विश्लेषणको मुख्य सैद्धान्तिक आधार रहेका छन्। यस उपन्यासलाई कृतिगत सन्दर्भ, कथानक, चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लयका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको उपयोग भएको छ । यसरी विश्लेषण गर्दा तृषा यौनमनोविश्लेषण गरिएको महत्त्वपूर्ण उपन्यास हो भन्ने निष्कर्ष प्राप्त भएको छ ।

मुख्य शब्दावली : कथानक, दृष्टिविन्दु, पर्यावरण, प्रतीक, बिम्ब, सारवस्तु ।

विषय परिचय

प्रस्तुत लेख सुशीला पौडेलद्वारा रचित *तृषा* उपन्यासको विधातात्त्विक विश्लेषणसँग सम्बन्धित छ । पौडेलले नेपाली साहित्यका कविता, गीत, मुक्तक र उपन्यास विधाको रचना गरेकी छिन् । यी विधाहरूमा यिनको उत्कृष्ट सिर्जनात्मक कौशल प्रकट भएको पाइन्छ । उनी काव्य विधाका अतिरिक्त आख्यान क्षेत्रको उपन्यास विधामा प्रतिभाशाली बनेर देखा परेकी छिन् । पौडेलले उपन्यासको रचना गरेर नेपाली उपन्यासका क्षेत्रमा निजत्व कायम गर्दै आधुनिक नेपाली उपन्यास परम्परालाई उच्च स्थान प्रदान गर्न एक इँटा थप्ने प्रयास गरेकी छिन् । तत्त्वगत आधारमा *तृषा* उपन्यास कस्तो छ भन्ने प्राज्ञिक अपेक्षासहित यस उपन्यासलाई उपन्यासका विधागत तत्त्वका आधारमा विश्लेषण र मूल्याङ्कन गर्ने उद्देश्य लिइएको छ। उपन्यासको विश्लेषण गर्ने एउटा आधार दिने र तृषा उपन्यासको मूल्याङ्कन पनि हुने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

अध्ययन विधि

प्रस्तुत अध्ययनका निम्ति प्राथमिक र द्वितीय दुवै प्रकारका सामग्रीहरू प्रयोग गरिएका छन् । यसमा पौडेलको *तृषा* उपन्यासमा प्रयुक्त घटना, पात्र, परिवेश, दृष्टिविन्दु आदि पहिचान गर्ने तथ्य र तथ्याङ्क प्राथमिक सामग्री हुन् भने उपन्यासको सिद्धान्त तथा समालोचनासित सम्बद्ध पुस्तक, लेख आदि समीक्षाहरू द्वितीयक सामग्री हुन् । यस अध्ययनमा यी दुवै किसिमका सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसर्थ यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । यसलाई सम्पन्न गर्न वर्णनात्मक शैलीलाई अपनाइएको छ ।

उपन्यास विश्लेषणको सैद्धान्तिक ढाँचा

तृषा उपन्यासको विश्लेषणको मुख्य सैद्धान्तिक आधार उपन्यासको विधागत सिद्धान्त रहेको छ। उपन्यासलाई आख्यान विधाअन्तर्गत राखिन्छ र यो विभिन्न तत्त्वहरूको संयोगबाट रचना भएको हुन्छ । उपन्यासका तत्त्वहरूका बारेमा विद्वान्हरूका आ-आफ्नै किसिमका मतमतान्तरहरू रहेका देखिन्छन् (भण्डारी र अन्य, २०६७, पृ.१७८) । कृष्णचन्द्रसिंह प्रधानले *नेपाली उपन्यास र उपन्यासकार* (प्रधान, २०४३, पृ.१०-१३) मा कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य उपन्यासका तत्त्व रहेको बताएका छन् । राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, कौतुहलता, उद्देश्य आदिलाई उपन्यासका तत्त्व मानेका छन् (सुवेदी, २०५३, पृ.१३) । मोहनराज शर्माले कथानक, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दुलाई उपन्यासका प्रमुख तत्त्व मानेका छन् (शर्मा, २०५५, पृ.३०४) । उपर्युक्त तत्त्वहरूलगायत अन्य आवश्यक तत्त्वहरूलाई समायोजन गर्दा उपन्यासका आठओटा तत्त्वहरू रहेका देखिन्छन्: कथानक, चरित्र र चरित्र चित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय (बराल र एटम, २०५८, पृ. २२) । उपन्यासका तत्त्वहरूका सम्बन्धमा विभिन्न दृष्टकोणलाई हेर्दा तिनीहरूका धारणामा एकरूपता पाउन सकिँदैन तापनि प्रस्तुत लेखमा कृष्णहरि बराल र नेत्र एटमले अघि सारेका उपन्यास तत्त्वहरूका आधारमा *तृषा* उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत लेखका सामग्रीहरूलाई अध्ययन र विश्लेषण गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस उपन्यासका तत्त्वहरूलाई आधार बनाई विश्लेषण गरिएको छ । यसले लेखको निष्कर्षलाई प्रमाणिक, वस्तुगत र विश्वसनीय बनाउन सैद्धान्तिक आधारले सहयोग पुगेको छ । यस लेख लेखनको उद्देश्य महिला र पुरुषमा निहित सुषुप्त यौन चाहनाको उद्घाटन गर्नु रहेको छ ।

परिणाम र विमर्श

'तृषा' उपन्यासकार सुशीला पौडेलले रचना गरेको उपन्यास हो । उनले प्रस्तुत उपन्यासको प्रकाशन वि.सं. २०७६ सालमा गरेकी हुन् । यो मनोवैज्ञानिक र सामाजिक उपन्यासका रूपमा देखापर्छ । नेपाली समाजमा महिलामाथि गरिएको दमन, महिलाले उन्मुक्तिका लागि गरेका प्रयास र त्यसले ल्याएका विसङ्गतिको उद्‌घाटन गर्न यिनले प्रस्तुत उपन्यासको रचना गरेकी हुन् । पौडेलले काठमाडौँको सहरिया जीवनको विसङ्गतिभित्र अस्तित्वको खोजी गर्ने कार्य प्रस्तुत उपन्यास गरेकी छिन् । उपन्यासकार सुशीला पौडेल विसङ्गतिवादी चेतसँगै अस्तित्ववादी चिन्तनको माध्यमद्वारा प्रेम र यौन कुण्ठा हेर्नुपर्ने सन्देशका साथ नारी स्वतन्त्रता सहज-प्राकृतकृत्य हुन् भन्ने कुराका पक्षपाती देखिन्छिन् । यौनक्षुधा जीवनको सहजात प्रवृत्ति हो र स्वस्थ जीवनका लागि यसको सम्यक परितृप्ति आवश्यक छ भन्ने स्वतन्त्र विचारको समर्थनमा रहेको देखाइएको छ । मानवीय यौनभावना ज्यादा बलवान् भयो भने विकृति सिर्जना हुने कुराको सङ्केत उपन्यासमा पाइन्छ ।

प्रस्तुत उपन्यास बढी यौनमनोविज्ञानसँग सम्बन्धित भएर अघि बढेको पाइन्छ । प्रमिलालाई जीवन भोगको पक्षमा रहेको देखाइनु यसको कथ्य हो । यस उपन्यासमा प्रमिलाको आत्मिक स्वतन्त्रताको खोजी र परतन्त्रताका विरुद्ध सूक्ष्म विद्रोह पाइन्छ । प्रमिलाको निर्णय बाह्य र अन्तर्यात्राको मिलन विन्दुका रूपमा आएको छ । मानिस जतिजति गहिरोमा पस्छ उसले उतिउति साङ्घातिक आक्रमण सहनुपर्दछ भन्ने मूल कथ्य अभिव्यक्त भएको छ (भण्डारी र अन्य, २०६७, पृ.२२६) । स्वतन्त्रता र प्राकृतिक प्रेमको भोकले आतुर नारीलाई पारिवारिक गञ्जकमा बस्नु स्वेच्छिक निर्णयको विपरीत हो भन्ने भाव व्यक्त गरिएको छ । मान्छेका मनभित्र दबिएर रहेका अनेकौँ इच्छा र आकाङ्क्षाहरूमध्येको कामेच्छाले उपयुक्त तृप्तिको बाटो नपाएपछि कामकुण्ठाको परितृप्ति जसरी पनि हुन्छ भन्ने भाव व्यक्त भएको छ ।

सामाजिक आचारसंहिताका दृष्टिले प्रमिला र जीवनका बिचको यौनव्यवहार अनैतिक, अबौद्धिक, अचेतन, कामुक, अमर्यादित र पतीत तुल्य हुन्छ । यसको अर्को पक्ष भनेको पुरुष शासित समाजबाट मुक्तिको चाहना रहेको देखिन्छ । प्रमिलाका क्रियाकलाप हेर्दा प्रमिलामा उच्चता र हीनताग्रन्थिबिचको सङ्घर्ष पनि देख्न सकिन्छ । यहाँ प्रमिलाले जीवनसँग यौन सम्बन्ध कायम गर्नु नारी विद्रोहको अन्तिम रूप मान्न सकिन्छ । हरेक कुरामा सम्झौताको विफलता पनि यसको कथ्य बनेर आएको छ । अर्को दृष्टिले विश्लेषण गर्दा मान्छे स्वतन्त्र

जन्मने, स्वतन्त्र मर्ने र स्वतन्त्र रूपमा हरेक कार्य गर्नेतर्फ अभिमुख भएको मानिन्छ (सुवेदी, २०५३, पृ.२६१) । उपन्यासमा जीवनको विसङ्गत पक्ष स्पष्ट देखिएको छ । मान्छेभित्रको आदिम इच्छासँग फ्रायडको मनोविज्ञानका बिचमा सामञ्जस्य देखाउनेतिर उन्मुख रहनु पनि यसको कथ्यसँग सम्बन्धित पक्ष रहेको मानिन्छ । नारी अस्मिता तथा नारी अहम्मा केन्द्रित यस उपन्यासमा नारी जीवनका विसङ्गतिहरू देखिएका छन् । पूर्णतामा बाँच्न चाहने प्रमिला मातृत्व, पत्नीत्व र प्रेमिकामा खण्डित भएर जीवन भोग्न बाध्य रहेकी छे ।

प्रस्तुत उपन्यासको कथावस्तु उपन्यासकी नायिका प्रमिलासँग सन्दर्भित छ । प्रमिला र प्रमोदको दाम्पत्य जीवनमा जीवनको आगमनबाट कथावस्तु अघि बढेको छ । प्रमोदको अफिसमा कार्यरत जीवनलाई प्रमोदको घरमा आवश्यक कागजात लिन पठाउनु र जीवनको भेट प्रमिलासँग हुनुबाट उपन्यासको कथावस्तु अगाडि बढेको पाइन्छ । उपन्यासभित्र घटित मूलभूत कार्यव्यापारलाई उपन्यासको प्रक्षेपमा नै सङ्केत गरिएको छ । प्रमिलाको विवाह धनी केटा प्रमोदसँग भएको छ । उसलाई भौतिक विलासिताका वस्तुहरू प्रमोदले घरमै उपलब्ध गराइदिएको छ । प्रमिला सामाजिक गतिविधिमा संलग्न हुन चाहन्छे तर ऊ सामाजिक गतिविधिहरूमा संलग्न हुने अवसरहरूबाट वञ्चित छे । उसलाई यसबाट पीडाबोध भइरहेको हुन्छ तापनि प्रस्ट ढङ्गमा उसले प्रमोदलाई यी कुराहरू राख्न असमर्थ हुन्छे । श्रीमान्ले सन्तान र घरको रेखदेख गर बाहिर जान आवश्यक छैन भन्ने जस्ता अभिव्यक्ति दिइरहनाले पनि ऊ विक्षिप्तझैँ भइरहेकी हुन्छे । ऊ खुलेर विद्रोह गर्न पनि सक्तिन तथा श्रीमान्का ती बोली र व्यवहारलाई सहजै लिइरहन पनि सक्तिन । यस अवस्थामा ऊ पुरुषशाषित समाजबाट टाढिन चाहेकी छे । ऊ बेलाबेलामा प्रमोदसँग रिसाइरहेकी पनि हुन्छे । यस्तै घटनाक्रमहरू अगाडि बढिरहेका वेला जीवनको आगमन प्रमिलाको घरमा हुन्छ । प्रमिला जीवनले गरेका विभिन्न गतिविधिहरूमा चाहेर होस् वा नचाहेर होस् संलग्न हुँदै जान्छे । उसले आफ्ना दुई सन्तान र प्रमोदको प्रेममाभन्दा पनि जीवनको प्रेममा असली प्रेम देख्न थाल्छे । यस अवस्थामा प्रमिलाको पत्नी तत्त्वभन्दा प्रेमिका तत्त्व प्रबल भएर आएको छ । उसले आफ्नो शरीर जीवनलाई सुम्पन थाल्छे । जीवन बसेको कोठामा समेत पुगेर उसले आत्मिक र तृप्त शारीरिक प्रेमको अपेक्षा गर्न पुग्छे । यहाँ प्रमिला र जीवनका बिच अनेकन प्रेमिल संवादहरू हुन पुग्छन् । तर, जीवनले प्रमिलालाई केवल मांसल प्रेम गरेको हुन्छ । यी गतिविधि प्रमोद र प्रमोदका बालबच्चालाई थाहा हुँदैन । प्रमिला प्रेमी जीवनका आवश्यकताहरू पूरा गर्दै गइरहेकी हुन्छे । तर, जीवनले उपन्यासको उत्तरार्द्धमा प्रमिलालाई धोका दिन पुग्छ । घरमा आगलागी भएको, धनसम्पत्ति

नष्ट भएको, बुबा आगोमा परी नराम्ररी डढ्नु भएको भनेर बुबाको उपचारका लागि भनेर जीवनले प्रमिलाबाट केही नगद रकम हात पार्छ । त्यसपछि प्रमिला र जीवनको फोन संवाद हुन सक्दैन । उपन्यासको अन्त्यमा जीवन विदेश गइसकेको कुरा थाहा पाएपछि प्रमिला छ्याङ्ग हुन्छे । लोकले देखाउने माया र आफूले पूर्ण ठानेको तृषा र तृप्ति... यसरी उपन्यासको अन्त्य भएको छ । यस प्रकारले संरचित *तृषा* उपन्यासलाई यहाँ उपन्यासका आठओटा तत्त्वहरूका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

क) कथानक

तृषा उपन्यास नायिका प्रमिलाको केन्द्रीयतामा अघि बढेको छ । तृषाको मूल कथानक प्रमिला, प्रमोद र जीवनसँग सम्बन्धित छ । उपन्यासमा जीवन भोग गर्ने यी पात्रहरूकै केन्द्रीयतामा कथानक अघि बढेको पाइन्छ । सामाजिक संरचनाअनुसार नै पतिपरायण नारीका रूपमा प्रमिलाले आफूलाई स्थापित गराउन चाहेर पनि जीवनसँग यौन सम्बन्ध कायम गर्न पुग्नु यौन स्वतन्त्रताका हिसाबले उसले सही गरेकी छ भने सामाजिक मर्यादाका हकमा उसले प्रमोदप्रति अन्याय गरेकी छ ।

व्यवसायी/उद्योगी आफ्नो पति प्रमोदलाई ढाँटेर जीवनसँग शारीरिक सम्बन्ध राखेर प्रमिलाले प्रमोदलाई धोका दिएकी छ । परिवर्तित सन्दर्भ र युग सुहाउँदो प्रेमिक क्रियाकलापको अपेक्षा प्रमिलाले प्रमोदबाट गरेकी छे तर सो अनुरूप नहुँदा ऊ विक्षिप्तझैँ देखिन्छे ।

यस उपन्यासको कथानकको स्रोत सामाजिक र मनोवैज्ञानिक यथार्थ हो । मानिस सामाजिक प्राणी भए पनि उसको मानस संसार अझै प्रबल र विशाल हुन्छ । मानसिक रूपमा विकसित हुने ग्रन्थि र जीवनका पीडाहरूले मानिसलाई कस्तो अवस्थामा पुऱ्याउँछन् भन्ने कुरालाई यसमा प्रकट गरिएको छ । मान्छेको अस्मिताबोध र त्यसबाट उत्पन्न हुने परिस्थिति, शारीरिक परितृप्तिको क्षतिपूर्ति, प्रेमको प्राकृतिक स्वरूपको दर्शन जस्ता रहस्यमय कुराहरूमा पनि उपन्यास केन्द्रित रहेको छ । प्रमिलाको कामवासनाको क्षतिपूर्ति जीवनसँग यौन सम्पर्क गरेर हुन्छ भने दमित वासनाको प्रकटीकरणमा कुनै उद्दीपक तत्त्व चाहिन्छ भन्ने कुरा प्रमिलाको पुष्ट शरीर देखेर जीवनमा उठेको रागात्मकताले देखाउँछ । यौनको अतृप्तिबाट तृप्तितर्फको यात्रा यसमा गरिएको छ । अहम् र कामवृत्तिको प्रेरणाले चलेको जिन्दगीको त्रासदीय अनुष्ठान बनेर प्रमिला मर्मको उद्घाटन गर्नु सक्षम भएकी

छ ।

यसको कथानकमा घटनाहरूको शृङ्खला हेर्दा प्रमिलाले प्रमोदसँग विवाह गर्नु, दुई छोराछोरीको आमा बन्नु, पतिको व्यवहारबाट प्रमिला सन्तुष्ट नहुनु उपन्यासको महत्त्वपूर्ण शृङ्खला हो । प्रमिलालाई पति प्रमोदले गर्ने दैनिक व्यवहारले भित्रभित्र मन पोल्नु, प्रमिलाको भेट प्रमोदको उद्योगमा काम गर्ने जीवनसँग हुनु, जीवनले प्रमिलासँग शारीरिक सम्बन्ध राख्नु, जीवनका हरेक गतिविधिहरूलाई जानेर होस् वा नजानेर होस् प्रमिलाले मनमा खेलाइरहनु उपन्यासको सङ्घर्ष विकास हो ।

ख) पात्र

यस उपन्यासमा औपन्यासिक कार्यव्यापारमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रहरू : प्रमिला, प्रमोद (प्रमिलाको पति), जीवन, सार्थक (प्रमिला र प्रमोदको छोरो), साधना (प्रमिला र प्रमोदकी छोरी), सावित्री मैयाँ, प्राचार्य ढकाल, आमा, नम्रता, सारिका, गङ्गा, छिमेकी महिलाहरू, दूधवाला, प्रमिलाका दाजुभाइ, सूर्य दाइ, गोकुल दाइ, भवु दाइ, पुरुषोत्तम दाइ, भरत, अच्युत, कल्पना, सम्झना, गोमा, विनोद, प्रमिलाका स्कुले साथीहरू, यमुना, अम्बिका, सुवर्ण, इन्दिरा, प्रतिमा, यशु, सन्जोग, शान्ता, सम्झना हुन् । यीमध्ये प्रमिला प्रस्तुत उपन्यासकी प्रमुख पात्र हो र ऊ नै यस उपन्यासकी नायिका पनि हो । प्रमोद यस उपन्यासमा सहायक पुरुष पात्रका रूपमा देखा परेको छ तापनि ऊ यस उपन्यासमा नायकका रूपमा उपस्थित भएको छ । यसमा जीवन प्रमोद र प्रमिलाको सुन्दर परिवार खल्बल्याउन खोज्ने खल पात्रको रूपमा देखा परेको छ । प्रस्तुत उपन्यासमा अन्य पात्रहरू गौण तथा सूच्य पात्रका रूपमा उपस्थित भएका छन् । यहाँ प्रस्तुत उपन्यासकी प्रमुख पात्र प्रमिला, सहायक पात्र प्रमोद र अर्को सहायक पात्र जीवनको मात्र चारित्रिक विशेषताहरू केलाउने प्रयास गरिएको छ ।

१) प्रमिला

प्रमिला यस उपन्यासकी प्रमुख नारी पात्र हो । यस उपन्यासको कार्यव्यापार उसैसँग केन्द्रित रहनुका साथै उपन्यासको आदिदेखि अन्त्यसम्म उनले निर्वाह गरेको भूमिका नै मुख्य रहेकाले उपन्यासकी नायिका हो । ऊ पढेलेखेकी महिला हो । नेपालको मध्य पूर्वी तराई सर्लाहीमा जन्मिएकी प्रमिलाले काठमाडौँ निवासी उद्योगी प्रमोदसँग विवाह गरेकी छे । उद्योगी/व्यवसायी प्रमोदसँगबाट उसका दुईओटा सन्तानहरू जन्मिएका छन् । एक

छोरा र एक छोरीकी आमा प्रमिला आफ्नो उद्योगी/व्यवसायी पति प्रमोदले आफूलाई उचित सम्मान र आत्मिक प्रेम दिन नसकेकोमा भित्रभित्रै पिल्सिएकी छे । प्रमोदसँग श्रीमान् र श्रीमतीबिचको औपचारिक सम्बन्ध राखे तापनि प्रमिला प्रमोदसँग खासै सन्तुष्ट भने देखिएकी छैन । प्रमोदले गर्ने कतिपय व्यवहारले प्रमिला विक्षिप्तझैँ भएकी छे । उसले प्रमोदको अफिसमा काम गर्ने जीवनसँग प्रमोद घरमा नभएका बखत यौन सम्बन्ध कायम गर्न पुगेकी छे । न त ऊ प्रमोदलाई अन्तरहृदयबाट नै स्वीकारेर बसेकी छे न त उसले प्रमोदलाई पूर्णतः अस्वीकार नै गरेकी छे । जीवनसँगको यौन सम्बन्धले पनि उसलाई पूर्णतः सन्तुष्टिका सूचकहरू प्रदान गर्न सकेको छैन । दुई सन्तानकी आमा भएर पनि परपुरुषसँग यौन क्रियाकलापमा सहभागी हुनु उसको चारित्रिक दोष हो । उसले प्रमोदलाई धोका दिएकी छ । कसैसँग वैवाहिक सम्बन्ध गाँसिसकेकी र दुई सन्तानकी आमाले अनैतिक ढङ्गमा सामाजिक मर्यादा विपरीत जीवनसँग यौन सम्बन्ध राख्नु उसका लागि विद्रोहको आधार र आफ्ना लागि यौन जीवन सुखमय हुन/बन्न सक्ला तर प्रमोद र ती दुई सन्तानप्रति अन्याय ठहर्छ । ऊ अन्तर्द्वन्द्वमा फसेकी महिला हो । उसले ठ्याक्कै निर्णय लिन सकेकी छैन । प्रस्तुत उपन्यासमा यौन असन्तुष्टिबाट आफ्नो पति प्रमोदको अफिसमा काम गर्ने जीवनसँग प्रमिला लहसिएको र स्वैच्छिक यौनसम्पर्कले पनि प्रमिलाले जीवनलाई सार्थक बनाउन नसकेको उदाहरण अघि सारिएको छ । पतिको शारीरिक र मानसिक स्पर्शले पनि नपुगेर प्रमिलाले जीवनसँग यौन सम्बन्ध कायम गरेर यौनको क्षतिपूर्ति भएको अनुभव गर्नु विसङ्गतिपरक नियति मानिन्छ । यस्ता घटना तथा परिघटनाले मानिसको जीवनमा सङ्गति छैन भन्ने अभिव्यक्ति प्रकटीकरण भएको छ । ऊ पतिपरायण पत्नी होइन । ऊ स्वतन्त्र रूपमा बाँच्न चाहने इच्छा भएकी तथा त्यसका लागि प्रयत्नशील रहने स्वतन्त्रताप्रेमी नारी पनि हो । उपन्यासकारले प्रमिलालाई क्रान्तिकारी तथा आदर्श पात्रका रूपमा उभ्याउन खोजे पनि उसका दुर्बलता, अन्तर्विरोध तथा विसङ्गतिहरू सामाजिक नीतिनियमका विरुद्धमा नै रहेका छन् । यसरी ऊ गतिशील नारी पात्रका रूपमा प्रस्तुत उपन्यासमा उपस्थित भएकी छे ।

२) **प्रमोद**

प्रमोद यस उपन्यासको पुरुष पात्र हो । प्रस्तुत उपन्यासकी नायिका प्रमिलाको श्रीमान् र दुई सन्तानको बाबु तथा यस उपन्यासको नायक हो । प्रस्तुत उपन्यासमा नायिका प्रमिलापछि प्रमोदकै भूमिका प्रबल रहेको छ तापनि ऊ यसमा नायकका रूपमा त्यति प्रखर रूपमा उत्रन सकेको छैन । त्यसैले ऊ नायक भएर पनि सहायक पात्रको भूमिकामा

देखिन्छ । ऊ एक उद्योगी/व्यवसायी पात्र हो । उसले आफ्नी पत्नीलाई पत्नीको अपेक्षा अनुरूप प्रेम गर्न सकेको छैन । ऊ पत्नीपरायण पति हो । उसले आफ्नी पत्नीलाई भौतिक सुख सुविधा पूर्ण रूपमा उपलब्ध गराएको छ तर पत्नीलाई उसले घर मजदुरका रूपमा राखेको छ । आफ्ना सन्तान र आफूलाई सेवा गर्ने एक सेवकका रूपमा मात्र पत्नी प्रमिलालाई उसले लिएको छ । पत्नीका इच्छा, चाहना, आवश्यकता र रुचिलाई उसले त्यति ध्यान दिन नसक्दा उसकी पत्नीले उसैको अफिसमा काम गर्ने एक जीवन नामको केटासँग शारीरिक सम्बन्ध गाँस्न पुगेकी छे । उसले आफ्नी श्रीमतीलाई यौन सन्तुष्टि दिन नसकेकै कारण उसकी पत्नी परपुरुषसँग शारीरिक सम्बन्ध राख्न पुगेकी छ । परिवारलाई उसले पर्याप्त समय दिन नसकेको, श्रीमतीलाई सहअस्तित्वका रूपमा लिन नसकेकै कारण उसकी श्रीमती जीवनसँग शारीरिक सम्बन्ध गाँस्न पुगेको कुरालाई उपन्यासले सङ्केत गरेको छ ।

३) जीवन

जीवन प्रस्तुत उपन्यासको सहायक पात्र हो । ऊ उपन्यासकी नायिका प्रमिलालाई मनोद्वन्द्वमा फसाउन सफल पात्र हो । ऊ प्रमोदको अफिसमा काम गर्छ । कामको सिलसिलामा प्रमिला र प्रमोदको घरमा पुगेको पात्र जीवन यौनाशक्त पात्रका रूपमा उपस्थित भएको छ । प्रमोदको अनुपस्थितिमा आफ्नो अफिसको मालिकको श्रीमती प्रमिलामा वक्रदृष्टि लगाई एक्लोपनको फाइदा उठाएर यौन समागममा समाहित हुन्छ । यस पात्रलाई उपन्यासमा भिन्न मोड ल्याउने पात्रका रूपमा लिइएको छ । ऊ यौनपिपासु पात्र हो । उसले प्रमिलाको पतिपरायणतालाई भङ्ग गरिदिएको छ । ऊ सामाजिक मूल्य, मान्यता र आचरण विरोधी पात्र हो । उसले दुई सन्तानकी आमासँग यौन क्रियाकलापमा सहभागी हुनु उसको चारित्रिक दोष हो । प्रमिलालाई उसले प्रेमको नाटक गरेको छ । ऊ विसङ्गत पात्र हो । उसले प्रमिलालाई धोका दिएको छ । उसले प्रमोदकी श्रीमतीसँगबाट केही नगद रकम पनि लिएको छ । ऊ असत् पात्र हो । ऊ प्रमिलालाई धोका दिएर विदेश पलायन भएको छ ।

ग) पर्यावरण

तृषा उपन्यासमा परिवेशको चित्रण निकै जीवन्त रूपमा गरिएको छ । प्रस्तुत उपन्यासको कथानकको मुख्य स्थानगत परिवेशका रूपमा काठमाडौँको सहरिया परिवेश रहेको छ । काठमाडौँको व्यस्त सहरको एउटा घर, अफिस, चावहिल, कपन, बागबजार, पुतली सडक, नेपालको मध्य पूर्वी तराईको सर्लाही जिल्लाको लालबन्दी, झापा, विदेशको

दुबई, अस्ट्रेलिया जस्ता स्थानहरू नै यसमा स्थानगत परिवेश हुन् । यिनै स्थानहरूमा प्रस्तुत उपन्यासका घटनाहरू घटित छन् ।

प्रस्तुत उपन्यासमा नेपाली समाजका विविध पक्षहरू पनि परिवेशका रूपमा समेटिएका छन् । उपन्यासका कतिपय परिच्छेदमा ग्रामीण परिवेशको पनि झल्को समेटिएको छ । गट्टा खेल्ने, सुर्रा खेल्ने, भाँडाकुटी खेल्ने, गाई चरुवा जाने, लुकामारी खेल्ने, पिपलका रुखमा चढेर पिपलगेडी खाने जस्ता कुराहरूले ग्रामीण परिवेशको झल्को दिएका छन् भने अन्तरजातीय विवाह गर्दा परिवार र समाजले त्यो विवाहलाई हेर्ने दृष्टिकोण, विवाहित दम्पतिले परिवारको साथ र समर्थन पाउन नसक्ने अवस्था जस्ता नेपालका परम्परागत रूढिवादी संस्कारलाई पनि प्रस्तुत उपन्यासले परिवेशको रूपमा चित्रण गरेको पाइन्छ । पार्टीमा जाने, ड्रिङ्स गर्ने, समूहमा नाच्ने जस्ता पाश्चात्य एवम् सहरिया परिवेशलाई पनि प्रस्तुत उपन्यासले परिवेशका रूपमा चित्रण गरेको छ । सहरिया परिवारमा गृहिणीले दैनिक रूपमा बिताउनुपर्ने दिनचर्या र हाम्रो रूढिग्रस्त समाजका परम्परित मान्यताहरूप्रति विद्रोहको स्वर मुखरित गराउन खोज्ने प्रयास पनि प्रस्तुत उपन्यासमा पाइन्छ । समयगत परिवेश खासै लामो छैन । स्वतन्त्र विचारको अभिव्यक्तिमा बन्देजको सन्दर्भले खुला प्रजातान्त्रिक वातावरण नभएको स्थितिको सङ्केत छ । श्रीमतीलाई प्रमोदले कुनै पनि सामाजिक सङ्घसंस्थामा आबद्ध हुन नदिनुले पनि सङ्कीर्ण पारिवारिक वातावरणको अभिव्यक्ति पाइन्छ ।

यस उपन्यासले प्रारम्भदेखि नै विसङ्गतिबोधको वातावरण पाठकका मनमा आरोपण गर्न थाल्छ । प्रमोदको शुष्क र कठोर व्यवहार तथा प्रमिलाको नरम र आदर्शको विपर्यासमा जीवनको प्रवेशले विध्वंशको अनुमान पाठकले गर्दै जान्छ । प्रेमको कुण्ठाबाट प्रमिला र जीवनले मुक्ति पाए पनि प्रमोदको परिवारमा आउन सक्ने विचलनले वातावरणमा निराशा छाउँछ । प्रमिलाले आत्मिक र प्रेमको परिवर्तित शैलीलाई अङ्गीकार गर्न खोजे पनि उसको विक्षिप्तताले गर्दा पुनः एउटा शून्यबोध पाठकले गर्दछ ।

घ) सारवस्तु

शारीरिक र आत्मिक प्रेमको संयोजनबाट नै व्यक्तिले प्रेमको उच्च सुख र दिव्य स्वरूप प्राप्त गर्न सक्छ भन्ने कुरालाई प्रस्तुत उपन्यासले प्रस्ट पारेको छ । दुई सन्तानकी आमा प्रमिलाले आफ्नो पति प्रमोदबाट शारीरिक प्रेम नपाएकी होइन यद्यपि उसले

सहअस्तित्वसहितको आत्मिक प्रेमको अपेक्षा प्रमोदबाट गर्नु तर नपाउनुले उपर्युक्त कुरालाई पुष्टि गर्दछ । जीवनलाई नियतिले निर्देश गरेको हुन्छ (बराल र एटम, २०५५, पृ.२३४) भन्ने पलायनवादी सोचाइलाई पनि यसले स्थापना गर्न खोजेको छ । प्रस्तुत उपन्यासले मानवजीवनलाई अर्थहीन यात्रा, तारतम्यहीन अव्यवस्था र तर्कहीन भ्रमका रूपमा स्वीकार गरेको छ ।

ङ) दृष्टिविन्दु

तृषाका सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई बाहिरै बसेर उपन्यासकारले वर्णन गरेकी छिन् । यसमा घटेका सबै घटना, प्रकृति चित्रण, क्रियाकलाप, संवाद तथा पात्रको मानसिक उथलपुथलको समेत उपन्यासभन्दा बाहिर रहेर समाख्याताले वर्णनमा समेटेकी छन् । यहाँ तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । एउटा गृहबन्दीझैँ जीवन बिताइरहेकी पात्र प्रमिलाको जीवनका व्यथाहरूलाई यसमा समाख्याताले सीमित दृष्टिविन्दुको प्रयोग गरेको प्रस्ट हुन्छ । "मान्छे असन्तोषी प्राणी, जुन कुरा असम्भव छ त्यही होस् भन्ने चाहन्छ । प्रमिलाको अन्तरमनभित्र पनि त्यही असन्तोषी पदार्थ विद्यमान थियो" (पौडेल, २०७६, पृ.६३) । प्रमिला र जीवनबिचको कर्तुत सार्वजनिक हुने हो कि भन्ने कुरा देखाउनलाई समाख्याताले यसरी उल्लेख गरेकी छन् : "गाडीको आवाज सुन्ने बित्तिकै प्रमिलाको मुटु ढुकढुकी गर्न थाल्यो । प्रहरीका अघि पुगेको चोरजस्तै भई प्रमिला" (पौडेल, २०७६, पृ.११५) ।

यहाँ उपन्यासभन्दा बाहिर बसेर समाख्याताले धेरै कुराको वर्णन गरेकी छन् । माथिका उदाहरणले यो कुरा पुष्टि गरेको छ ।

च) प्रतीक र बिम्ब

तृषा उपन्यासमा प्रतीकहरूको धेरै प्रयोग भएको छ । पात्रहरूको संवादमा र घटना तथा प्राकृतिक वर्णनमा पनि प्रतीकात्मकताको अभिव्यञ्जना प्रदान गर्ने कार्य यसमा भएको छ । प्रमोद, प्रमिला र जीवनसँग सम्बन्धित भएर ती प्रतीकहरूले उपन्यासलाई निकै रोचक बनाएका छन्-

प्रमोद - "तिमीजस्ती बूढी भैँसीलाई कसले मन पराउला र ?"
प्रमिला - "तपाईंजस्ता राँगा कति छन् कति ।"

(पौडेल, २०७६, पृ.२७) ।

प्रमिलाको यौनतृष्णाको आवेगलाई पनि उपन्यासमा बडो रोचक ढङ्गले वर्णन गरेको पाइन्छ । उपन्यासमा बिम्बात्मक प्रस्तुतिका थुप्रै मोहक उदाहरणहरू पाइन्छन् । प्रमिलाको आत्मिक प्रेमको अनुभवलाई यसरी प्रस्ट्याइएको छ- "उसले प्रमिलालाई जुरुक्क उचाल्यो मानौँ ऊ कुनै चलचित्रकी नायिका हो । हिरो बनेर आएको जीवन नायिकालाई उचाल्ने सिन खिचाउन तयार छ । नायिका पनि आफ्नो नायकले प्रेमपूर्वक बोकेकोमा निकै खुसी छे । मन्द मुस्कानले स्वागत गरेकी छे उसले, जीवनका हरेक गतिविधि" (पौडेल, २०६७, पृ.२०६) ।

यस किसिमका प्रतीकात्मक सन्दर्भहरूले उपन्यासको प्रभावकारितामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

छ) भाषाशैली

भाषाशैलीका दृष्टिले पौडेलको प्रस्तुत उपन्यास सरल, सरस र आकर्षक देखिन्छ । यसमा तत्सम, तत्भव र आगन्तुक शब्दहरूको प्रचुर प्रयोग पाइन्छ । कतिपय प्रसङ्गमा तराईको मैथिली भाषाको प्रयोग पाइन्छ भने नेपाली भाषामा स्थानीय रङ्ग मिसिएको पनि देखिन्छ । कतिपय वाक्यहरूमा आलङ्कारिकता प्रदान गर्ने निहुँमा अनावश्यक पदक्रम विचलन पनि देखिन्छ यद्यपि उपन्यासको भाषाशैली निकै आकर्षक छ ।

ज) गति र लय

तृषा उपन्यास तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुमा लेखिएको उपन्यास भएकाले यसमा गतिको निर्वाह उपन्यासकारको चाहना अनुरूप भएको छ । कथानकको केन्द्रीय पक्ष उद्घाटनका क्रममा दृश्यात्मक पद्धतिको प्रयोग हुँदा उपन्यासको गति कम भएको छ । केही विस्तारपूर्वक पात्रको मानसिकता र घटनाको दृश्य प्रदर्शन गर्ने प्रवृत्तिका रूपमा जीवनले प्रमिलासँग शारीरिक सम्बन्ध राख्दाको प्रसङ्ग आएको छ । पाठकलाई यथार्थ बोध गराउँदा यस्तो स्थितिमा गतिलाई घटाउनु आवश्यक देखिन्छ । उपन्यासमा कहीँ उपन्यासको गति तीव्र देखिन्छ भने कहीँ मन्द देखिन्छ । लेखकले पाठकलाई नयाँपन दिइरहन दृश्यात्मक र सङ्क्षेपात्मक पद्धतिको परिवर्तन छिटोछिटो गरेकी छन् । उपन्यासमा बिम्बात्मक प्रयोगले आन्तरिक लयको सिर्जना गरेको छ भने भाषागत मिठासबाट पनि ध्वनिगत लय सिर्जना भएको छ । द्वन्द्व र कुतूहलताको उचित विन्यासबाट पनि पाठकको

मनस्थितिको कम्पनका साथ लयको उद्भव भएको पाइनु यस उपन्यासको महत्त्वपूर्ण विशेषता हो । उपन्यासमा विचलनयुक्त भाषा तथा प्रतीकात्मक, बिम्बात्मक भाषा आदिले पनि लयको सिर्जनामा मद्दत पुऱ्याएको देखिन्छ । उपन्यासको कार्यव्यापारलाई सङ्क्षेपमै राखेर पनि सारसङ्क्षेपमा प्रस्तुत गर्ने काम भएको पाइन्छ ।

निष्कर्ष

तृषा उपन्यास सुशीला पौडेलले नेपाली ग्रामीण तथा सहरिया परिवेशमा हुने सामाजिक, पारिवारिक विषयवस्तुलाई समेटी रचना गरेको उपन्यास हो । प्रस्तुत उपन्यासमा नेपाली नारीभित्र रहेका कुण्ठा, आवेगको सजीव चित्र उतारिएको छ । पुरुषशासित समाजका नारीको कुण्ठाले कस्तो रूप लिन पुग्दो रहेछ भन्ने अवस्थालाई पनि उपन्यासमा चित्रण गरिएको छ । नेपाली समाजबाटै टिपिएका पात्रहरूलाई चयन गरी रचिएको प्रस्तुत उपन्यासका पात्रहरू जीवन्त छन् । यसमा सबै पात्रहरूको उपस्थिति अर्थपूर्ण रहेको छ र तिनले उपन्यासमा सार्थक भूमिका निर्वाह गरेका छन् । नेपालको राजधानी सहरको स्थानगत परिवेशमा रचिएको प्रस्तुत उपन्यासमा पितृसत्तात्मक नेपाली परिवेशका कारण नारीहरूले अनेक समस्या भोग्नुपरेका दुःखद अवस्थाको मार्मिक चित्रण गरिएको छ । यसमा मुख्य पात्रको मनोदशाको चित्रण पनि निकै मार्मिक ढङ्गमा भएको पाइन्छ । यसमा बाह्य र आन्तरिक द्वन्द्वको आयोजना गरिएको छ तापनि आन्तरिक द्वन्द्वको कुशल आयोजना गरेर प्रस्तुत उपन्यासको कथानक र यसका पात्रलाई निकै जीवन्त तुल्याइएको छ । सरल, सरस, परिष्कृत भाषाशैलीमा रचिएको प्रस्तुत उपन्यासलाई उपन्यासकारले विभिन्न विम्बालङ्कार, प्रतीक आदिद्वारा निकै सिँगारेकी छन् । यिनै कारणहरूले गर्दा प्रस्तुत उपन्यास पौडेलको एक उत्कृष्ट उपन्यास हुनाका साथै नेपाली उपन्यास परम्परामा एउटा अमूल्य निधि बनेर रहेको छ भन्ने निष्कर्ष स्थापित हुन पुगेको छ ।

सन्दर्भ सामग्री सूची

उपाध्याय, केशवप्रसाद (२०५२), *नाटक र रङ्गमञ्च*, काठमाडौँ : रूमु प्रकाशन ।

पौडेल, सुशीला (२०७६), *तृषा*, काठमाडौँ : शिखा बुक्स ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३), *नेपाली उपन्यास र उपन्यासकार,* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,*(दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

भण्डारी र अन्य (२०६७), *नेपाली गद्य र नाटक,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन । ■

Research Management Cell (RMC)
JANAJYOTI MULTIPLE CAMPUS
(QAA cycle completed)
Lalbandi, Sarlahi
Madhesh Province, Nepal
Tel: 046-501436, 501550, 9854043333
Email:jmc.lalbandi@gmail.com
Website:www.jjmc.edu.np